# स्थानीय तहमा बाल अधिकार संरक्षण तथा सेवा प्रवाह सम्बन्धी प्रशिक्षण निर्देशिका


नेपाल सरकार

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

**राष्ट्रिय बाल अधिकार परिषद्**

श्रीमहल, पुल्चोक, ललितपुर

# स्थानीय तहमा बाल अधिकार संरक्षण तथा सेवा प्रवाह सम्बन्धी प्रशिक्षण निर्देशिका

नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
**राष्ट्रिय बाल अधिकार परिषद्**
श्रीमहल, पुल्चोक, ललितपुर

प्रकाशक

नेपाल सरकार

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

राष्ट्रिय बाल अधिकार परिषद्

प्रति: ५००

प्रकाशन मिति: २०७९ असार

सर्वाधिकार : राष्ट्रिय बाल अधिकार परिषद्

निर्देशन तथा सल्लाह: मिलनराज धरेल, कार्यकारी निर्देशक

लेखन तथा सम्पादन: आत्माराम थापा, ज्ञानेन्द्र कुमार श्रेष्ठ, केशब चालिसे, नमुना भुसाल, सुनिता शाह, देवकी आचार्य

प्रकाशन: देबी प्रिण्टिङ प्रेस

# प्रकाशकीय

बालबालिका सम्बन्धी ऐन, २०७५ बमोजिम बालबालिकाको हक, हित र अधिकारको सम्मान, संरक्षण र संवर्द्धनका लागि नेपाल सरकारको विशिष्टीकृत निकायको रूपमा राष्ट्रिय बाल अधिकार परिषद् गठन भै बाल अधिकारको क्षेत्रमा क्रियाशील रहँदै आएको छ । परिषद् स्थापना कालदेखि नै बालबालिका सम्बन्धी नियमावली, २०७८ बमोजिम नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहमा नीतिगत परामर्श तथा सहजीकरण, क्षमता विकास र राष्ट्रिय बाल संरक्षण प्रणाली सुदृढीकरणको साथै बालबालिकाको हक, हित र अधिकारको सम्मान, संरक्षण र परिपूर्ति गर्ने राज्यको दायित्व कार्यान्वयनका लागि राष्ट्रिय अभियान तथा कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको छ ।

बालबालिका सम्बन्धी ऐन, २०७५ बमोजिम स्थानीय तहमा अनिवार्य रूपमा कार्यान्वयन हुनु पर्ने प्रावधानहरूको प्रभावकारी कार्यान्वयन गरी बाल अधिकार तथा बाल संरक्षण प्रणाली स्थापनाका लागि परिषद्ले प्रदेश सरकार तथा स्थानीय तहसँगको समन्वय र सहकार्यमा आ.व. २०७७/७८ देखि सञ्चालन गरिरहेको *बन्दैछ बाल अधिकार सुदृढ स्थानीय तह* भन्ने राष्ट्रिय अभियानको प्रतिफल स्वरूप आ.व. २०७८/७९ को फागुन मसान्तसम्म २४९ वटा स्थानीय तहमा कार्यविधि निर्माण भएका छन् भने १८७ वटा स्थानीय तहमा स्थानीय बाल अधिकार समिति गठन भएका छन् । यसैगरी १२९ वटा स्थानीय तहमा बाल कल्याण अधिकारीको व्यवस्था गरिएको छ भने १७३ वटा स्थानीय तहमा बालकोष स्थापना गरिएको छ । यस पृष्ठभूमिमा स्थानीय तहमा निर्माण भएका संरचनाहरूको क्षमता अभिवृद्धिका साथै प्रभावकारी सेवा प्रवाह एवम् सेवा प्रवाहमा एकरूपता कायम गर्ने उद्देश्यका साथ परिषद्ले **स्थानीय तहमा बाल अधिकार संरक्षण तथा सेवा प्रवाह सम्बन्धी प्रशिक्षण निर्देशिका** प्रकाशन गरेको छ । यस निर्देशिकाले स्थानीय तहमा बाल अधिकार तथा बाल संरक्षण प्रणाली स्थापनाका लागि मूलतः स्थानीय तथा वडा बाल अधिकार समिति, बाल कल्याण अधिकारी, समाजसेवी तथा बालमनोविज्ञको भूमिकाको विषयमा स्पष्ट जानकारी प्रदान गर्नुका साथै स्थानीय तहमा प्रवाह हुनुपर्ने सेवाहरू, सेवा प्रवाहमा संलग्न संयन्त्रहरू तथा सेवा प्रवाह प्रक्रियाको बारेमा समेत स्पष्ट जानकारी प्रदान गर्नेछ । साथै, स्थानीय तहमा बाल अधिकारको क्षेत्रमा क्रियाशील विकास साझेदार, गैर सरकारी संस्था, नागरिक समाज सङ्गठन, बालक्लव तथा किशोरी सञ्जाल तथा समूहका लागि स्थानीय तहमा बाल अधिकार संरक्षण तथा सेवा प्रवाह सम्बन्धी प्रशिक्षण, अन्तरक्रिया, गोष्ठी आयोजनाका लागि मार्ग दर्शन गर्नुका साथै विषयवस्तु र प्रशिक्षण विधिमा समेत एकरूपता आउनेछ ।

यो प्रशिक्षण निर्देशिकामा समावेश गरिएका विषयवस्तुहरू तथा प्रशिक्षण विधि ज्ञज्ञ वटा जिल्लामा तीन दिवसीय आवासीय कार्यक्रममार्फत परिक्षण गरिएको थियो। सम्बन्धीत जिल्ला समन्वय समितिको आयोजना तथा राष्ट्रिय बाल अधिकार परिषद्को सहजीकरणमा सम्पन्न तीन दिवसीय आवासीय प्रशिक्षण कार्यक्रममा स्थानीय तहका उपप्रमुख, उपाध्यक्ष, बाल कल्याण अधिकारी, शिक्षा, स्वास्थ्य, महिला तथा बालबालिका शाखा प्रमुख, न्यायिक समितिका कानूनी अधिकृत सहजकर्ता गरी ५४६ जनाको सहभागिता रहेको थियो । प्रशिक्षण कार्यक्रमका सहभागीबाट प्राप्त सुझावका आधारमा विषयवस्तु तथा प्रशिक्षण विधिलाई परिमार्जन गरी यस निर्देशिकामा समावेश गरिएको छ। साथै तीन दिवसीय प्रशिक्षण कार्यक्रमको कार्यतालिका समेत निर्देशिकामा संलग्न गरिएको छ।

अन्त्यमा यो निर्देशिका सम्पादन गर्नु हुने परिषद्का आत्माराम थापा, लेखनमा सहयाग गर्नुहुने ज्ञानेन्द्र कुमार श्रेष्ठ, नमुना भुसाल, केशव चालिसे, देवकी आचार्य, सुनिता शाह तथा निर्देशिका प्रकाशनमा सहयोग गर्नु हुने युनिसेफ नेपालप्रति हार्दिक धन्यवाद प्रकट गर्दछु। यो निर्देशिका स्थानीय तहप्रति लक्षित भएको हुँदा निर्देशिकामा समावेश भएका कुनै विषयवस्तुमा अस्पष्टता भएमा राष्ट्रिय बाल अधिकार परिषद् आवश्यक सहयोग तथा सहजीकरणका लागि सदैव तयार रहेको जानकारी गराउँदै बाल अधिकार प्रणाली सुदृढीकरणका लागि स्थानीय तहको महत्वपूर्ण भूमिकाको स्मरण गराउँदै यस अभियानमा थप सल्लाह, सुझाव र सहयोगको समेत अपेक्षा गर्दछौँ।

**मिलनराज धरेल**
कार्यकारी निर्देशक

# प्रशिक्षण निर्देशिकाको बारेमा

बालबालिका सम्बन्धी ऐन, २०७५ बमोजिम स्थानीय तहमा बाल अधिकार कार्यान्वयनका लागि स्थानीय बाल अधिकार समिति गठन, बाल कल्याण अधिकारीको व्यवस्था, समाजसेवी तथा बालमनोविज्ञको सूचीकरण तथा बालकोषको स्थापना गर्नु पर्दछ । यसरी निमार्ण भएका संरचनाहरूको क्षमता अभिवृद्धिका साथै प्रभावकारी सेवा प्रवाह र सेवा प्रवाहमा एकरूपता कायम गर्ने उद्देश्यका साथ राष्ट्रिय बाल अधिकार परिषद्‌ले प्रकाशन गरेको **स्थानीय तहमा बाल अधिकार संरक्षण तथा सेवा प्रवाह सम्बन्धी प्रशिक्षण निर्देशिका**मा तीन दिवसीय प्रशिक्षण कार्यक्रम सञ्चालनका लागि आवश्यक विषयवस्तु तथा प्रशिक्षण विधि समावेश गरिएको छ ।

यस निर्देशिकामा कूल ९ वटा सत्र समावेश गरिएको छ । प्रत्येक सत्रलाई सहजीकरणमा सहजताका लागि उद्देश्य, समय, अपेक्षित उपलब्धि, विधि, मुख्य विषयवस्तु, प्रशिक्षण सामग्री, अध्ययन सामग्री, प्रक्रिया तथा निष्कर्षमा खण्डीकरण गरिएको छ । प्रत्येक सत्रसँग सम्बन्धीत अध्ययन सामग्री समेत तयार पारी लक्षित सहभागीको विषयवस्तुसँगको ज्ञानलाई फराकिलो बनाउने प्रयत्न गरिएको छ ।

यस निर्देशिका स्थानीय तहप्रति लक्षित भएको हुँदा निर्देशिकामा समावेश भएका कुनै विषयवस्तुमा अस्पष्टता भएमा राष्ट्रिय बाल अधिकार परिषद् आवश्यक सहयोग तथा सहजीकरणका लागि सदैव तयार रहेको छ ।

# विषय सूची

**परिच्छेद एक**

**परिचय**

१.१ पृष्ठभूमि 1

१.२ उद्देश्य २

१.३ लक्षित सहभागी ३

१.४ अपेक्षित उपलब्धी ४

१.५ प्रशिक्षण कार्यान्वयन प्रक्रिया ४

**परिच्छेद दुई**

**प्रशिक्षण निर्देशिका**

**पहिलो दिन बाल अधिकार सम्बन्धी कानूनी तथा नीतिगत व्यवस्था, संयन्त्र र प्रणाली**

सत्र एकः उदघाटन ७

सत्र दुईः परिचय, अपेक्षा संकलन तथा कार्यक्रमको उद्देश्य ८

तेस्रो सत्रः बाल अधिकार अवधारणागत स्पष्टता १५

चौंथो सत्रः बाल अधिकार सम्बन्धी नेपालको कानूनी, नीतिगत व्यवस्था २३

पाँचौ सत्रः नेपालमा बाल अधिकार तथा बाल संरक्षण संयन्त्र तथा प्रणाली ४०

छैटौं सत्रःबाल कल्याण अधिकारी तथा बाल अधिकार समितिको भूमिका ४७

**दोस्रो दिन**

पहिलो सत्रः  स्थानीय तहमा बालबालिकाका प्रमुख सवालहरू ........ ५४

दोस्रो सत्रः विशेष संरक्षणको आवश्यकता भएका बालबालिका,
वैकल्पिक स्याहार तथा सर्वोत्तम हितः अवधारणा र अभ्यास ........ ६०

तेस्रो सत्रःबाल संरक्षण घटना व्यवस्थापन प्रक्रिया ........ ७०

**तेस्रो दिनः**

पहिलो सत्रः बाल संरक्षण घटना व्यवस्थापन सूचना प्रणाली ........ ७८

दोस्रो सत्रः बाल अधिकार सूचना व्यवस्थापन प्रणाली ........ ८०

तेस्रो सत्रःबालमैत्री स्थानीय शासनको अवधारणा र अभ्यास ........ ९२

चौथो सत्रः समीक्षा, मूल्याङ्कन तथा समापन ........ १०३

# परिच्छेद एक

**परिचय**

**१.१ पृष्ठभूमि**

नेपालको संविधानले नेपालको शासन पद्धति संघ, प्रदेश र स्थानीय गरी तीन तहको हुने र तीनै तह बीचको सम्बन्ध सहकारिता, सह-अस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने स्पष्ट व्यवस्था गरेको छ । यसका साथै मानव अधिकार तथा मौलिक हकको संरक्षण गर्नु तीनै तहको जिम्मेवारी हुने समेत संविधानले स्पष्ट व्यवस्था गरेको छ । यस सन्दर्भमा नेपालले बालबालिकाको हक, हित र अधिकारको लागि गरेका विश्वव्यापी, अन्तर्राष्ट्रिय, क्षेत्रीय तथा राष्ट्रिय प्रतिबद्धताको कार्यान्वयन गर्नु तीनै तहको जिम्मेवारीभित्र पर्दछ । बाल अधिकारको कार्यान्वयन तथा सुनिश्चितताको महत्वपूर्ण सूचक भनेको बाल अधिकार प्रणालीको विकास तथा सुदृढीकरण हो । बाल अधिकार प्रणाली भन्नाले बालबालिकाको हक, हित र अधिकारको सम्मान, संरक्षण, परिपूर्ति र पालना गर्ने राज्यको दायित्व कार्यान्वयनका लागि कानूनी तथा नीतिगत व्यवस्था, संरचना तथा संयन्त्र निर्माण, लगानी सुनिश्चितता, क्षमता विकास तथा समन्वय र सहकार्यको सुनिश्चितता भन्ने बुझिन्छ ।

बाल अधिकार प्रणालीको प्रमुख उद्देश्य भनेको नै बालबालिका सम्बन्धी विद्यमान कानूनी तथा नीतिगत व्यवस्था अनुरूप राज्यका तीनै तहका निकायहरूको जिम्मेवारीको व्यवहारिक कार्यान्वयन गर्न र उनीहरूको सेवालाई सहज र प्रभावकारी ढंगले लक्षित बालबालिकामा पुग्ने बनाउनका लागि तीनै तहबीच समन्वय, सहकार्य र साझेदारीलाई प्रवर्धन गर्नु भएको हुँदा यसले बाल अधिकार कार्यान्वयनका लागि संयन्त्र र उक्त संयन्त्रमा कार्यरत पदाधिकारी/कर्मचारी दुवैलाई कार्यसम्पादनको निम्ति उत्तरदायी बनाउने गर्दछ ।

बाल अधिकारको कार्यान्वयनका लागि बालबालिका सम्बन्धी ऐन, २०७५ तथा अन्य प्रचलित कानून बमोजिम संघ, प्रदेश तथा स्थानीय तहमा आवश्यक जनशक्ति, लगानी र स्रोतसाधनको

व्यवस्थासहित प्रणालीगत संयन्त्रहरू निर्माण गरी उनीहरूको कार्यसम्पादनलाई अझबढी नतिजामूलक बनाउने कार्यलाई उच्च प्राथमिकतामा राख्न जरुरी छ । यसका लागि स्थानीय तहमा निर्माण भएका संयन्त्रहरूको काम, कर्तव्य र जिम्मेवारीमा स्पष्टता, क्षमता अभिवृद्धि, प्रभावकारी सेवा प्रवाह तथा सेवा प्रवाहमा एकरूपता कायम हुनु नितान्त आवश्यक छ । बालबालिका सम्बन्धी ऐन, २०७५ बमोजिम स्थानीय तहमा बाल अधिकार कार्यान्वयनका लागि कार्यविधि कानून निर्माण, स्थानीय बाल अधिकार समितिको गठन, बाल कल्याण अधिकारीको व्यवस्था नियुक्ति, समाजसेवी तथा बालमनोविज्ञको सूचीकरण तथा बालकोषको स्थापना लगायतका कानूनी तथा संरचनागत व्यवस्था हुन जरुरी छ । यी व्यवस्थाहरूको प्रभावकारी कार्यान्वयनका सन्दर्भमा स्थानीय तहमा बाल अधिकार तथा बाल संरक्षण प्रणाली सुदृढीकरणका लागि राष्ट्रिय बाल अधिकार परिषद्ले आ.व. २०७७/७८ देखि "**बन्दैछ बाल अधिकार सुनिश्चित स्थानीय तह**" भन्ने अभियान सञ्चालन गरिरहेको छ । यस अभियान अन्तर्गत राष्ट्रिय बाल अधिकार परिषद्ले स्थानीय तहमा बाल अधिकार तथा बाल संरक्षण प्रणाली स्थापनाका लागि संयन्त्रहरू निर्माण गर्ने तथा निर्माण भएका संयन्त्रहरूको क्षमता अभिवृद्धि गर्दै प्रभावकारी सेवा प्रवाहमा जोड दिने कार्यलाई उच्च प्राथमिकतामा राखेको छ । यस पृष्ठभूमिमा राष्ट्रिय बाल अधिकार परिषद्ले स्थानीय तहमा बाल अधिकार संरक्षण तथा सेवा प्रवाह सम्बन्धी प्रशिक्षण निर्देशिका तयार पारेको छ । यस निर्देशिकाले स्थानीय तहमा बाल अधिकार तथा बाल संरक्षण प्रणाली स्थापनाका लागि मूलतः स्थानीय तथा वडा बाल अधिकार समिति, बाल कल्याण अधिकारी, समाजसेवी तथा बालमनोविज्ञको भूमिकाको विषयमा स्पष्ट जानकारी प्रदान गर्नुका साथै स्थानीय तहमा प्रवाह हुनुपर्ने सेवाहरू, सेवा प्रवाहमा संलग्न संयन्त्रहरू तथा सेवा प्रवाह प्रक्रियाको बारेमा समेत मार्ग दर्शन प्रदान गर्ने अपेक्षा गरिएको छ ।

## १.२ **उद्देश्य**

स्थानीय तहमा बाल अधिकार संरक्षण तथा सेवा प्रवाह सम्बन्धी प्रशिक्षण निर्देशिकाको उद्देश्य देहाय बमोजिम रहेका छन्ः-

- स्थानीय तहमा बाल अधिकार कार्यान्वयनका लागि आवश्यक कानूनी, नीतिगत, संरचनागत तथा कार्यक्रमिक व्यवस्थाका बारेमा स्थानीय तहका जिम्मेवार तथा सरोकारवालालाई सुसूचित गर्ने,

- स्थानीय तहमा बाल अधिकार संरक्षण तथा सेवा प्रवाहका लागि आवश्यक ज्ञान, सीप र प्रवृत्तिका विषयमा प्रशिक्षणका सहभागीहरूलाई जानकारी गराउनुका साथै सेवा प्रवाहमा एकरूपता ल्याउने,
- स्थानीय तहमा बाल अधिकार संरक्षण तथा संवर्द्धनका लागि स्थानीय बाल अधिकार समिति, बाल कल्याण अधिकारी, समाजसेवी, बालमनोविज्ञ, अस्थायी संरक्षण सेवा प्रदायकको भूमिकाको विषयमा जानकारी गराउने,
- स्थानीय तहमा बाल अधिकार संरक्षण तथा सेवा प्रवाहका विषयमा प्रशिक्षण प्रदान गर्न चाहने विकास साझेदार, गैर सरकारी संस्था एवम् नागरिक समाज सङ्गठनलाई विषयवस्तु तथा प्रशिक्षण विधिका बारेमा मार्गदर्शन गर्नु तथा एकरूपता कायम गर्नु।

### १.३ लक्षित सहभागी

स्थानीय तहमा बाल अधिकार संरक्षण तथा सेवा प्रवाह प्रशिक्षणका लक्षित सहभागीहरू देहाय बमोजिम रहेका छन्ः-

- नगर सभा/गाउँ सभा, नगर कार्यपालिका/गाउँ कार्यपालिकाका पदाधिकारी,
- स्थानीय तहका पदाधिकारी तथा कर्मचारी,
- स्थानीय बाल अधिकार समितिका पदाधिकारी तथा सदस्यहरू,
- वडा बाल अधिकार समितिका पदाधिकारी तथा सदस्यहरू,
- बाल कल्याण अधिकारी, समाजसेवी तथा बालमनोविज्ञ,
- स्थानीय न्यायिक समितिका पदाधिकारी तथा कर्मचारी,
- स्थानीय तहका शिक्षा, स्वास्थ्य, महिला बालबालिका शाखा प्रमुख,
- सामाजिक विकास कार्यालयका कर्मचारी,
- बालबालिका खोजतलास सेवा केन्द्र १०४ मा कार्यरत कर्मचारी,
- बाल हेल्पलाईन सेवा १०९८ मा कार्यरत कर्मचारी,
- अस्थायी संरक्षण सेवा केन्द्रमा कार्यरत कर्मचारी,
- बाल अधिकार तथा बाल संरक्षणका क्षेत्रमा क्रियाशील गैसस, नागरिक सङ्गठन तथा सञ्जालका पदाधिकारी एवं कर्मचारी,
- स्थानीय तहमा बाल अधिकर प्रवर्धन गर्न क्रियाशील युवा तथा किशोरकिशोरीहरू।

### १.४ अपेक्षित उपलब्धि

- स्थानीय तहमा बाल अधिकार कार्यान्वयनका लागि अवलम्बन गर्नुपर्ने कानूनी, नीतिगत, संरचनागत तथा कार्यक्रमिक व्यवस्थाका बारेमा स्थानीय तहका जिम्मेवार पदाधिकारी संवेदनशील हुनुका साथै बाल अधिकार कार्यान्वयनमा सहयोग पुग्नेछ,
- स्थानीय बाल अधिकार समितिका पदाधिकारीहरू स्थानीय तहमा बाल अधिकार कार्यान्वयन तथा बाल संरक्षण सेवा प्रवाहका लागि आफ्नो काम, कर्तव्य र अधिकारको विषयमा जानकार हुनेछन्,
- बाल कल्याण अधिकारीहरू स्थानीय तहमा बाल अधिकार संरक्षण, बाल संरक्षण घटना व्यवस्थापन, वैकल्पिक हेरचाहको व्यवस्थापन, सूचना व्यवस्थापन, अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन सम्बन्धी आफ्नो काम, कर्तव्य र अधिकारको विषयमा जानकार हुनेछन्,
- समाजसेवी तथा बालमनोविज्ञहरू स्थानीय तहमा बाल संरक्षण सम्बन्धी कार्य तथा घटना व्यवस्थापनमा आफ्नो भूमिकाका विषयमा जानकार हुनेछन्,
- स्थानीय तहमा कानून निर्माण, बाल अधिकार समिति गठन, बाल कल्याण अधिकारीको नियुक्ति, समाजसेवी तथा बालमनोविज्ञको सूचीकरण तथा बाल कोषको स्थापना भै बाल अधिकार तथा बाल संरक्षण प्रणाली थप प्रभावकारी हुनेछ ।

### १.५ प्रशिक्षण कार्यान्वयन प्रक्रिया

स्थानीय तहमा बाल अधिकार संरक्षण तथा सेवा प्रवाह सम्बन्धी प्रशिक्षण कार्यक्रममा जिल्लाभित्रका सबै स्थानीय तहबाट सहभागी हुने भएमा जिल्ला समन्वय समितिको आयोजनामा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्नु उपयुक्त हुनेछ । दुईवटा जिल्लाभित्रका स्थानीय तहको सहभागिता हुने हो भने दुवै जिल्ला समन्वय समिति आयोजकको रूपमा रहन सक्नेछन् । यदि एउटामात्र स्थानीय तहबाट सहभागिता अपेक्षा गरिएको छ भने सम्बन्धीत स्थानीय तहको आयोजनामा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्नु उपयुक्त हुन्छ ।

प्रशिक्षण कार्यक्रमको समयवधी तीन दिनको तय गरिएको छ ।

प्रशिक्षणका लागि प्राविधिक तथा आर्थिक सहजीकरण गर्न चाहने विकास साझेदार, गैसस तथा नागरिक सङ्गठन सञ्जालले सम्बन्धीत स्थानीय तहसँग समन्वय तथा सहकार्यमा यस निर्देशिका

बमोजिम प्रशिक्षण कार्यक्रम सम्पन्न गर्न सकिनेछ । प्रशिक्षण आयोजना पूर्व आयोजकले सहभागीको लागि पत्राचार, उपयुक्त प्रशिक्षण स्थलको छनौट, विषयवस्तु तथा प्रशिक्षण विधिप्रति जानकार तथा राष्ट्रिय बाल अधिकार परिषदमा सूचीकृत भएका मध्यबाट प्रशिक्षक तथा स्रोतव्यक्तिको छनोट, प्रशिक्षण सामग्रीहरूको व्यवस्थापनमा विशेष ध्यान दिन जरुरी हुन्छ ।

**सहजकर्ता तथा स्रोतव्यक्तिलाई सुझाव**

- **विषयवस्तुको पर्याप्त अध्ययन** : स्रोतव्यक्तिले स्थानीय तहमा बाल अधिकार संरक्षण तथा संवर्द्धनका लागि आवश्यक कानूनी, नीतिगत, संरचनागत तथा कार्यक्रमिक विषयका बारेमा विभिन्न आधिकारीक जानकारीहरू, असल अभ्यास एवं सिकाइहरूका बारेमा पर्याप्त अध्ययन गर्नुपर्दछ । प्रशिक्षण निर्देशिका, विधि तथा सहयोगी सामाग्रीहरूको अध्ययन गरी सम्बन्धीत विषयहरूमा आफू स्पष्ट हुनुपर्दछ । प्रशिक्षण कार्यक्रमको उद्देश्य तथा अपेक्षित उपलब्धिहरूका बारेमा आयोजकसँग छलफल गरेको हुनुपर्दछ ।
- **सहभागीहरूको अवस्था र परिवेशबारे पूर्वजानकारी संकलन** : स्रोतव्यक्तिले आयोजकसँग बसी सहभागीहरूको पृष्ठभूमि, प्रशिक्षण क्षेत्रको सांस्कृतिक, राजनीतिक परिवेश, चलन मूल्य मान्यताहरूको बारेमा पूर्व जानकारी लिनुपर्दछ र सोही अनुसार आफूलाई निश्पक्ष, विषय केन्द्रित बनाउन तयारी गर्नुपर्दछ ।
- **समयको पालना** : प्रशिक्षक तथा सहजकर्ताले प्रशिक्षण सत्रहरू समयमा नै शुरु गर्ने र समयमा नै अन्त गर्ने अभ्यास गर्नुपर्दछ । कुनै विषयमा लामो भाषण गर्ने, अनावश्यक बादविवाद गर्ने कार्य गर्नु उपयुक्त हुँदैन ।
- **आचारसंहिता तथा नैतिकतापूर्ण व्यवहार** : स्रोतव्यक्तिले प्रशिक्षण कार्यक्रममा निम्न आचारसंहिताको पालना गर्नुपर्दछ :
    - सहभागीहरूप्रति सम्मानपूर्ण व्यवहार गर्ने, सहभागीलाई सम्बन्धीत विषयमा आफ्ना भनाइ राख्ने अवसर प्रदान गर्ने, कुरा सुन्ने र उपयुक्त ढंगले सम्बोधन गर्ने ।

- महिला, दलित, यौनिक अल्पसंख्यक, जनजाति, मुस्लिम, अपाँगता भएका व्यक्ति, तथा अन्य जातजाती, धर्म, सम्प्रदाय वा लैङ्गिक समूहप्रति भेदभावपूर्ण तथा हेयपूर्ण बोली, उखान, उदाहरण, खेल तथा व्यवहार प्रस्तुत नगर्ने ।
- सहभागीहरूसँग यौनिक आशय झल्कने व्यवहारहरू नगर्ने, यस्ता विषयमा जोक, ख्याल वा हाँसो ठट्टा नगर्ने ।
- कुनै राजनीतिक दल, धार्मिक, जातिगत समूह तथा सम्प्रदायप्रति विशेष आस्था, झुकाव वा समर्थन व्यक्ति नगर्ने ।
- राजनीतिक दल, प्रणाली वा व्यवस्था तथा निश्चित नेताप्रति आक्षेप, आरोप व्यक्ति नगर्ने ।
- रोग तथा व्यक्तिगत कानूनी समस्याका विषयहरूमा विस्तृत रूपमा जानकारी नलिइकनै सुझाव परामर्श दिने, औषधि प्रदान गर्ने वा किन्न लगाउने काम नगर्ने ।
- आफ्ना निजी पारिवारिक मामला, निजी व्यवसाय वा राजनीतिक सहभागिताका बारेमा चर्चा, प्रचार नगर्ने ।
- प्रशिक्षण स्थलमा धुम्रपान, मद्यपान, सुर्ती सेवन जस्ता कार्यहरू नगर्ने ।
- निश्पक्षता, उच्च नैतिकता र सदाचारपूर्ण व्यवहार प्रस्तुति गर्ने ।
- आयोजकले दिएका सुझावहरू तथा ध्यान दिनुपर्ने कुराहरूको पालना गर्ने ।

# परिच्छेद दुई
# प्रशिक्षण निर्देशिका

**पहिलो दिन**

**बाल अधिकार सम्बन्धी कानूनी तथा नीतिगत व्यवस्था, संयन्त्र र प्रणाली**

## सत्र एकः उद्घाटन

**उद्देश्यः** प्रशिक्षण कार्यक्रमको विधिवत शुरुवात गरी स्थानीय तहमा बाल अधिकार तथा बाल संरक्षण प्रणाली सुदृढीकरणका लागि साझा प्रतिवद्धता व्यक्त गर्नु ।

**समयः** ३० मिनेट

**अपेक्षित उपलब्धिः**

- सहभागीहरू प्रशिक्षण कार्यक्रमको उद्देश्य तथा औचित्यताको बारेमा बताउन सक्नेछन्,
- स्थानीय तहका नीति निर्माता तथा निर्णयकर्ताबाट बाल अधिकार तथा बाल संरक्षण प्रणाली स्थापनाका लागि प्रतिवद्धता व्यक्त हुनेछ ।

**विधिः**

- मन्तव्य

**आवश्यक सामग्रीः**

- अतिथि आशन ग्रहणको उचित व्यवस्था,
- उद्घाटनका लागि पानसमा बत्ती, मैनबत्ती, सलाई,
- कार्यक्रमको व्यानर ।

**प्रक्रिया/क्रियाकलापः**

- आयोजक स्थानीय तहको प्रमुखको अध्यक्षतामा कार्यक्रम सञ्चालन गर्ने तथा अन्य आमन्त्रितहरूलाई आतिथ्यता ग्रहण गराउने
- कार्यक्रमको शुरूवातमा सामुहिक रूपमा राष्ट्रिय गान गाउने ।
- आयोजक स्थानीय तहको तर्फबाट तोकिएको अधिकारीले स्वागत मन्तव्य राख्ने
- कार्यक्रमका प्रमुख अतिथिज्यूबाट पानसमा बत्ती बालेर वा अन्य स्थानीय प्रचलन अनुसार उद्घाटन गर्ने ।
- उपस्थित अतिथि तथा प्रमुख अतिथिहरूबाट छोटो मन्तव्य राख्न लगाउने
- कार्यक्रमको अध्यक्षबाट कार्यक्रमको उद्घाटन सत्र समापन गरी प्राविधिक सत्र शुरुवातको घोषणा गर्ने ।

## सत्र दुईः परिचय, अपेक्षा संकलन तथा कार्यक्रमको उद्देश्य

**उद्देश्यः** सहभागीहरूलाई एक आपसमा परिचित गराउनुका साथै सहभागीको अपेक्षा र प्रशिक्षणको उद्देश्य तथा विषयवस्तुको बारेमा जानकारी गराउनु ।

समयः ६० मिनेट

**अपेक्षित उपलब्धिः**

- सहभागीहरू एक आपसमा परिचित भै प्रशिक्षणका लागि मैत्रीपूर्ण वातावरण निर्माण हुनेछ,
- सहभागीहरू प्रशिक्षण कार्यक्रमको उद्देश्य तथा विषयवस्तुको बारेमा बताउन सक्नेछन् ।

**विधिः**

- व्यक्तिगत लेखन
- प्रस्तुतिकरण

**आवश्यक सामग्रीः**

- मेटाकार्ड, साइनपेन, तालिमपूर्वको परीक्षण प्रश्नावली, न्युजप्रिन्ट, मार्कर, कार्यक्रमको उद्देश्य तथा विषय लेखिएका फ्लिपचार्ट वा पावरप्वाइन्ट

**प्रक्रिया/क्रियाकलापः**

- प्रत्येक सहभागीलाई एकएक वटा मेटा कार्ड दिइ मेटाकार्डमा नाम, स्थानीय तह, पद, बाल अधिकारका विषयमा आफ्नो बुझाई (एक वाक्यमा), प्रशिक्षणबाट गरेको अपेक्षा (एउटा) लेख्न लगाउने
- यसै क्रममा तालिमपूर्वको परीक्षण प्रश्नावली पनि भर्न लगाउने
- सहभागीले लेखेका मेटाकार्डलाई एउटा बाकसमा हाल्ने र हल्लाएर मिसाउने । अब प्रत्येक सहभागीलाई अगाडि बोलाई एउटा मेटा कार्ड टिप्न लगाउने र उक्त मेटाकार्डमा परिचय भएको सहभागीलाई सबै सामु परिचित गराउने ।
- परिचित भएको सहभागीले अर्को मेटा कार्ड लिने र अघिल्लो जस्तै नयाँ साथीलाई परिचित गराउने । सबै परिचय नसकिएसम्म यो क्रम निरन्तर गरिरहने ।
- परिचय दिँदा सहभागीले बताएका अपेक्षालाई सहजकर्ताले ठुलो न्युजप्रिन्ट वा फ्लिपचार्टमा सबैले देख्ने गरी टिप्दै जाने ।
- प्रशिक्षक/सहजकर्ताले सहभागीले व्यक्त गरेका अपेक्षाहरूमध्ये यस प्रशिक्षणमा केके समेट्न सकिन्छ र केके सकिँदैन भन्ने स्पष्ट पार्दै प्रशिक्षणको उद्देश्य, विषयवस्तु र समय तालिका बताउने (तालिमको विषयवस्तुका लागि सन्दर्भ सामग्री २ को प्रयोग गर्न सकिने)

## सन्दर्भ सामग्री १ पूर्व–परीक्षण Pre Test

**स्थानीय तहमा बाल अधिकार संरक्षण तथा सेवा प्रवाह सम्बन्धी जिल्लास्तरीय प्रशिक्षण कार्यक्रम**

स्थानः मितिः

**१) संयुक्त राष्ट्रसंघको बाल अधिकार सम्बन्धी महासन्धि, सन् १९८९ लाई नेपालले कहिले अनुमोदन गर्यो ?**

क) सन् १९७९ ख) सन् १९८९ ग) सन् १९९० घ) सन् २००९

**२) बाल अधिकार भन्नाले ...... जनाउँछ ।**

क) बालबालिकाको गाँस, बास, शिक्षा र स्वास्थ्य सेवासुविधा पाउने अधिकार ।

ख) शिक्षा र स्वास्थ्य सेवासुविधा उपभोग गर्दै आय आर्जनका लागि श्रममा संलग्न हुने अधिकार ।

ग) बालबालिकाको इच्छा अनुसारका सबै किसिमका सेवासुविधा पाउने र इच्छा विपरीतका कार्यहरू गर्न नपर्ने व्यवस्था वा अवस्थाहरू ।

घ) कानूनी र नीतिगत व्यवस्था अनुसार पाउनु वा उपभोग गर्न पाउने अधिकारहरू ।

**३) बाल संरक्षण भन्नाले.................को रोकथामलाई बुझाउँदछ ?**

क) विभेद ख) शोषण ग) दुर्व्यवहार घ) हिंसा ङ) सबै

**४) बालबालिका सम्बन्धी कानूनी व्यवस्था संविधान र बालबालिका सम्बन्धी ऐनहरूमा मात्र समावेश गरिएका छन् ।**

क) ठिक ख) बेठिक ग) थाहा छैन

**५) मानव बेचबिखन तथा ओसारपसार भन्नाले........................ बुझाउँछ ।**

(क) मानिस बेच्ने वा किन्ने ख) वेश्यावृत्तिमा लगाउने ग) वेश्यागमन गर्ने

(घ) प्रचलित कानून बमोजिम बाहेक मानिसको अङ्ग झिक्ने ङ) सबै

**६) बालबालिकासँग सहमतिमा गरिएका यौन क्रियाकलापलाई बाल यौन दुर्व्यवहार भन्न मिल्दैन ।**

क) ठिक ख) बेठिक ग) थाहा छैन

**७) वैकल्पिक स्याहारको आवश्यकता भएका बालबालिकालाई बालगृहमा नै राख्नु पर्दछ।**

क) ठिक ख) बेठिक ग) थाहा छैन

**८) यौन दुर्व्यवहारबाट पीडित बालबालिकाको घटना व्यवस्थापन गर्न वा अधिकार सुनिश्चित गर्न मनोसामाजिक अध्ययन प्रतिवेदन आवश्यक हुन्छ ?**

क) ठिक ख) बेठिक ग) थाहा छैन

**९) सामान्यतयाः घटना व्यवस्थापन प्रक्रियामा ............ वटा चरणहरू छन्।**

क) ७ ख) ६ ग) ९ घ) ५ ङ) थाहा छैन

**१०) तलका मध्ये न्यायिक समितिलाई कुन–कुन विवाद निरूपण गर्ने अधिकार हुन्छ ?**

क) बाल यौन दुरूपयोग ख) बालविवाह

ग) बालबालिकालाई राजनीतिक प्रयोजनको लागि सङ्गठित गर्न दिएको

घ) नाबालक छोरा वा छोरीलाई इज्जत आमद अनुसार खान लाउन वा शिक्षा दिक्षा नदिएको ।

**११) बालमैत्री स्थानीय शासनको ......... वटा सूचकहरू छन्।**

क) ३९ ख) ४७ ग) ५१ घ) ५३

**१२) बालबालिकाको हक, हित र अधिकार सम्बन्धी कार्यहरू कार्यान्वयनमा ...... को भूमिका महत्वपूर्ण हुन्छ।**

क) पालिकाको उप-प्रमुख/उपाध्यक्ष ख) सबै जनप्रतिनिधि ग) बाल कल्याण अधिकारी घ) सबै

**१३) बालबालिका सम्बन्धी सूचना व्यवस्थापनका सबै कार्यहरू सूचना व्यवस्थापन अधिकृत IT Officer को मात्र पूर्ण दायित्व हुन्छ।**

क) ठिक ख) बेठिक ग) थाहा छैन

**१४) बालबालिका सम्बन्धी ऐन, २०७५ बमोजिम स्थानीय तहमा अनिवार्य रूपमा निर्माण गर्नुपर्ने संयन्त्रहरू कुन कुन हुन?**

क) स्थानीय बाल अधिकार समिति ख) बाल कल्याण अधिकारी ग) बालकोष

घ) समाजसेवी तथा बालमनोविज्ञ ङ) सबै

## सन्दर्भ सामग्री २ प्रशिक्षण कार्यतालिका

| विषय | उद्देश्य | मुख्य विषयवस्तु | विधि | समय अवधि | कैफियत |
|---|---|---|---|---|---|
| | | **दिन–एक** | | | |
| बाल अधिकार अवधारणागत स्पष्टता | सहभागीहरू बाल अधिकारको आधारभूत अवधारणा र व्यवहारिक सन्दर्भबारे स्पष्ट हुनेछन् | बाल अधिकारको सिद्धान्त । संरक्षण र सहभागिताको दृष्टिकोण महत्व, सरोकारवालाको भूमिका | समूह अध्ययन विश्लेषण तथा प्रस्तुति | ९० मिनेट | |
| बाल अधिकार सम्बन्धी नेपालको कानूनी व्यवस्था | नेपालको बाल अधिकार सम्बन्धी कानूनी व्यवस्था र त्यसको प्रयोग सम्बन्धमा सहभागीहरू स्पष्ट हुनेछन् । | नेपालको संवैधानिक तथा कानूनी व्यवस्थाहरू स्थानीय तहसँग सम्बन्धीत कानूनी व्यवस्था र उपयोग । | जोडी पहिचान, छलफल र प्रस्तुति खेल (प्रश्न उत्तर) | ९० मिनेट | |
| नेपालको बाल अधिकार संयन्त्र तथा प्रणाली | बाल अधिकार तथा बाल संरक्षण संयन्त्र र प्रणालीहरूका बारेमा सहभागी परिचित हुनेछन् । | संघीय तहका बाल अधिकार तथा बाल संरक्षण संयन्त्रहरू प्रदेश तहका बाल अधिकार तथा बाल संरक्षण संयन्त्रहरू स्थानीय तहका बाल अधिकार तथा बाल संरक्षण संयन्त्रहरू | स्थान पहिचान खेल (चिट अध्ययन र स्थान पहिचान) | ९० मिनेट | |

| विषय | उद्देश्य | मुख्य विषयवस्तु | विधि | समय अवधि | कैफियत |
|---|---|---|---|---|---|
| बाल कल्याण अधिकारी तथा बाल अधिकार समितिको भूमिका | स्थानीय बाल अधिकार समिति र बाल कल्याण अधिकारीको जिम्मेवारी, भूमिका र व्यवहारिक अभ्यासबारे सहभागी जानकार हुनेछन् । | बाल अधिकार समितिको काम कर्तव्य र अधिकार तथा आवश्यक ज्ञान । बाल कल्याण अधिकारीको काम कर्तव्य र अधिकार तथा आवश्यक ज्ञान, सीप र दक्षता | व्यक्तिगत लेखन तथा समिक्षा र खुला छलफल | ९० मिनेट | |
| **दिन–दुई** | | | | | |
| स्थानीय तहमा बालबालिकाका प्रमुख सवालहरू | सहभागीहरूले स्थानीयस्तरमा बाल अधिकार र बाल संरक्षणका प्रमुख सवाल र स्थानीय तहको भूमिका पहिचान गर्नेछन् । | स्थानीय स्तरमा बाल अधिकार र बाल संरक्षणका प्रमुख सवालहरू, स्थानीय स्तरको भूमिका र कानूनी दायित्व | सानो समूह कार्य, खुला छलफल | ९० मिनेट | |
| विशेष संरक्षणको आवश्यकता भएका बालबालिका, बालबालिकाको सर्वोत्तम हित, वैकल्पिक स्याहार अवधारणा र अभ्यास | विशेष संरक्षणको आवश्यकता भएका बालबालिका, बालबालिकाको सर्वोत्तम हित, वैकल्पिक स्याहारको अवधारणा, कानूनी व्यवस्था र अभ्यासका बारेमा जानकार हुनेछन् । स्थानीय सम्भाव्यताहरूको पहिचान गर्नेछन् । | विशेष संरक्षणको आवश्यकता भएका बालबालिका, बालबालिकाको सर्वोत्तम हित मूल्याङ्कन तथा निर्धारण, वैकल्पिक स्याहारका सिद्धान्त र औचित्यता, वैकल्पिक स्याहार सम्बन्धी नेपाली कानूनी व्यवस्था स्थानीय वैकल्पिक स्याहारका सम्भावनाहरू | सामुहिक घटना विश्लेषण तथा समिक्षा | १२० मिनेट | |

| विषय | उद्देश्य | मुख्य विषयवस्तु | विधि | समय अवधि | कैफियत |
|---|---|---|---|---|---|
| घटना व्यवस्थापन प्रक्रिया | सहभागीहरू बाल संरक्षण घटना व्यवस्थापन प्रक्रियाको बारेमा जानकार हुनुका साथै घटना व्यवस्थापनका लागि आवश्यक व्यवहारिक सीप हासिल गर्नेछन् । | बाल संरक्षण घटना व्यवस्थापन, बाल संरक्षण सेवा तथा सेवा प्रदायक निकाय, घटना व्यवस्थापनका चरणहरू, प्रेषण प्रणाली, सरोकारवाला बीच समन्वय तथा सहकार्य, समाजसेवी/बाल अधिकार समिति र बाल कल्याण अधिकारीको भूमिका | सामुहिक घटना अध्ययन र विश्लेषण, स्वःमूल्याङ्कन | १२० मिनेट | |
| **दिन–तीन** | | | | | |
| बाल संरक्षण घटना व्यवस्थापन सूचना प्रणाली | सहभागीहरू बाल संरक्षण घटना व्यवस्थापन सूचनाको प्रविष्टि, सञ्चालन र व्यवस्थापन गर्न सक्षम हुनेछन् । | बाल संरक्षण घटना व्यवस्थापन सूचना प्रणाली निर्देशिका, प्रिमेरो सफ्टवेयर सञ्चालन, तथ्याङ्कको गोपनीयता तथा प्रयोग | प्रस्तुति अभ्यास तथा खुला छलफल | ९० मिनेट | |
| बाल अधिकार सूचना व्यवस्थापन प्रणाली | सहभागीहरू बाल अधिकार सूचनाको प्रविष्टि, सञ्चालन र व्यवस्थापन गर्न सक्षम हुनेछन् । | बाल अधिकार सूचना व्यवस्थापन प्रणाली निर्देशिका, CRIMS को सञ्चालन तथा व्यवस्थापन, स्थानीय तहमा संकलन गर्नुपर्ने तथ्याङ्कको गोपनीयता तथा प्रयोग | प्रस्तुति अभ्यास तथा खुला छलफल | ९० मिनेट | |

| विषय | उद्देश्य | मुख्य विषयवस्तु | विधि | समय अवधि | कैफियत |
|---|---|---|---|---|---|
| बालमैत्री स्थानीय शासनः अवधारणा र अभ्यास | सहभागीहरू बालमैत्री स्थानीय शासनको अवधारणा, महत्व तथा सूचकहरूको बारेमा जानकार हुनुका साथै स्थानीय तहलाई बालमैत्री बनाउन योगदान गर्न सक्ने हुनेछन् | बालमैत्री स्थानीय शासनको अवधारणा, तहगत खुड्किला, चरण तथा सूचकहरू | समूह छलफल, अभ्यास तथा अन्तरक्रियात्मक प्रस्तुति | ९० मिनेट | |
| समीक्षा र समापन | प्रशिक्षण विषय, शैली तथा व्यवस्थापनको बारेमा मूल्याङ्कन हुनेछ । | प्रशिक्षणका विषय, प्रशिक्षण विधि तथा प्रशिक्षण व्यवस्थापनका मूल्याङ्कन सूचकहरू | समीक्षा तथा मूल्याङ्कन तालिका | ६० मिनेट | |

## तेस्रो सत्रः बाल अधिकार अवधारणागत स्पष्टता

उद्देश्यः सहभागीहरूलाई बाल अधिकारको आधारभुत अवधारणा र व्यवहारिक सन्दर्भबारे स्पष्ट बनाउनु ।

समयः ९० मिनेट (३० मिनेट समूह कार्य, ४५ मिनेट प्रस्तुतिकरण र १५ मिनेट संक्षेपीकरण)

**अपेक्षित उपलब्धिः**

- सहभागीहरू बाल अधिकारको आधारभूत अवधारणा र व्यवहारिक सन्दर्भबारे बताउन सक्नेछन्
- सहभागीहरू नेपालमा बाल अधिकारको समग्र अवस्थाको बारेमा जानकार हुनेछन्
- सहभागीहरू बाल अधिकारको संरक्षण तथा संवर्द्धनका लागि परिवार, समाज र राज्यको दायित्वको विषयमा बताउन सक्नेछन्

**मुख्य विषयवस्तुः**

- बाल अधिकारको अवधारणा, विकासक्रम तथा परिवर्तित आयामहरू
- बाल संरक्षण र बालसहभागिताको महत्व तथा सरोकारवाला
- स्थानीय तहमा बाल अधिकार संरक्षण तथा संवर्द्धनमा सरोकारवालाको भूमिका ।

**विधिः**

- समूह अध्ययन, विश्लेषण
- प्रस्तुतिकरण

**आवश्यक तालीम सामग्रीः**

- बाल अधिकारको सिद्धान्त तथा व्याख्या सहितको कार्ड
- बाल संरक्षण र बाल सहभागिताको महत्व लेखिएको कार्ड
- बाल अधिकार संरक्षण तथा संवर्द्धनका लागि लागि सरोकारवालाको दायित्व लेखिएको न्यूज प्रिन्ट पेपर
- न्यूज प्रिन्ट, फ्लिप चार्ट, मार्कर

**प्रक्रिया/क्रियाकलापः**

सामूहिक छलफल (३० मिनेट)

- सहभागीहरूलाई बालबालिका, अधिकार र बाल अधिकार भन्नाले के बुझ्नु हुन्छ र बालबालिकालाई विशेष अधिकार किन चाहिन्छ भनी क्रमश प्रश्नहरू खुला रूपमा सोध्ने र धारणा बुझ्ने
- सहभागीहरूको विचार तथा धारणा सुनिसकेपछि उनीहरूको विचारलाई कदर गर्दै एवम् समेट्दै बालबालिका, अधिकार तथा बाल अधिकारको परिभाषा बताउने अनि बालबालिकालाई विशेष अधिकार किन चाहिन्छ भनी स्पष्ट पार्ने

- सहभागीहरूलाई ५ देखि ७ जनाको समूहमा विभाजन गरी देहायका प्रश्नहरूमा केन्द्रित भै छलफल चलाउने
  १. बालबालिकाको संरक्षण र सहभागिता भन्नाले के बुझ्नु हुन्छ,
  २. स्थानीय तहमा बालबालिकाको संरक्षण र सहभागिता किन आवश्यक छ,
  ३. स्थानीय तहमा बाल अधिकार संरक्षण तथा संवर्द्धनको लागि सरोकारवालाको भूमिका के हुन्छ,
- समूहगत छलफल पश्चात क्रमशः प्रस्तुतिकरण गर्न लगाउने,
- बाल अधिकारको अवधारणागत स्पष्टताका लागि संक्षेपीकरण सहितको प्रस्तुतिकरण गर्ने ।

**निष्कर्ष:**

यस सत्रले सहभागीहरूमा बाल अधिकारको अवधारणात्मक स्पष्टता आउनुका साथै बाल संरक्षण र बाल सहभागिताको महत्व र स्थानीय तहमा बाल अधिकार संरक्षण तथा संवर्द्धनका लागि सरोकारवालाको भूमिकाका बारेमा बताउन सक्षम हुने छन् भने खुला छलफलमा सहभागी भै सहभागीहरूले आफ्ना धारणा तथा अनुभव बताउन सक्नेछन् ।

**मूल्याङ्कन**

यस सत्रमा हामीले के के छलफल गऱ्यौं ? भनी सहभागीहरूसँग प्रश्न गर्नुहोस् । यसको लागि सहभागीहरूसँग देहायका प्रश्नहरू गर्न सकिन्छ :

- बालबालिका भनेका को हुन् ?
- बालबालिकालाई विशेष अधिकार किन आवश्यक परेको होला ?
- स्थानीय तहमा बाल अधिकार संरक्षण तथा संवर्द्धनको लागि सरोकारवालाको भूमिका के के होला?

सहभागीबाट आएका जवाफहरूको आधारमा समान बुझाइ कायम गर्न सहयोग गर्नुहोस् ।

## अध्ययन सामाग्री

# बाल अधिकार अवधारणा तथा स्थानीय तहमा बाल अधिकार संरक्षण

**बालबालिका भन्नाले कसलाई बुझिन्छ ?**

बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ को धारा १ तथा बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा २ (ञ) मा बालबालिका भन्नाले अठार वर्ष उमेर पुरा नगरेको व्यक्ति भनी परिभाषित गरिएको छ । शरीरको बनावट (अग्लो होचो, सपाङ्गता वा अपाङ्गता, बलियो वा कमजोर), व्यवहारिक जिम्मेवारी तथा वर्तमान आर्थिक सामाजिक परिवेश वा कुनै विशेष जातजाति तथा सम्प्रदायमा रहँदैमा बालबालिकाको परिभाषा फरक हुँदैन ।

**बाल अधिकार भन्नाले के बुझिन्छ ?**

अधिकार भन्नाले लक्षित वर्गको लागि कानूनद्वारा प्रदत्त सेवा, सुविधा र अवसर भन्ने बुझिन्छ । यसरी हेर्दा बालबालिकाको लागि देशको कानूनद्वारा प्रदत्त सेवा, सुविधा र अवसर नै बाल अधिकार हुन् । बालबालिकाले एक समृद्ध मानव जीवन जिउनका लागि आवश्यक पर्ने आधारभूत आवश्यकताहरू नै बाल अधिकार हुन् । बाल अधिकार एक विशिष्टीकृत मानव अधिकार हो । राज्य, परिवार, समुदाय, संस्था, व्यक्ति र निजी क्षेत्रले बालबालिकाको लागि गर्नुपर्ने भनी संविधान र कानूनमा तोकिएका दायित्वहरू नै बालबालिकाका अधिकार हुन् । नेपालको संविधानको धारा ३९ मा बालबालिकाको अधिकारको बारेमा उल्लेख गरिएको छ भने बालबालिका सम्बन्धी ऐन, २०७५ ले १६ वटा दफाहरूमा बालबालिकाको अधिकारलाई सुनिश्चित गरिएको छ ।

**बाल अधिकारलाई बुझाईमा सहजता ल्याउन कतिवटा क्षेत्रमा राखेर हेर्ने गरिएको छ ?**

बाल अधिकारका व्यवस्थाहरूलाई सहजतापूर्वक बुझ्न तथा कार्यान्वयनमा ल्याउनका लागि चार विभिन्न क्षेत्रमा हेरिने गरेको छ ।

- ***बाँच्न पाउने अधिकारः*** यस अन्तर्गत सुरक्षित जन्म, स्वस्थ दिगो जीवनका लागि खोप, स्वास्थ्य उपचार, मातृशिशु स्याहारजस्ता कुराहरू पर्दछन् ।
- ***संरक्षणको अधिकारः*** यस अन्तर्गत जोखिमहरूबाट बच्नका लागि प्रयाप्त सावधानी तथा पूर्व तयारी तथा व्यवस्थाहरू र कुनै पनि अवस्थामा हिंसा, शोषण, दुर्व्यवहार एवं भेदभावबाट कानूनी, पारिवारिक तथा सामाजिक संरक्षण र न्याय पाउने कुराहरू पर्दछन् ।

- ***विकासको अधिकारः*** यस अन्तर्गत बालबालिकाले बिना भेदभाव शिक्षा, मनोरञ्जन, खेलकुद, तालिम एवं प्रशिक्षणजस्ता शारीरिक एवं बौद्धिक विकासका अवसरहरूमा सहभागी जस्ता कुराहरू पर्दछन् ।
- ***सहभागिताको अधिकारः*** बालबालिकाले आफ्ना वा आफूसँग सम्बन्धीत विषयहरूमा आफ्ना अनुभव, सुझाव एवं विचारहरू व्यक्त गर्न पाउने, आफ्ना परिवेश अनुसारका विभिन्न सांस्कृतिक, धार्मिक एवं सामाजिक र शैक्षिक क्रियाकलापहरूमा सहभागिता जनाउने जस्ता कुराहरू पर्दछन् ।

**बालबालिकालाई विशेष अधिकार किन चाहिन्छ ?**

- बालबालिकाको रुचि, चाहना, सोच, शैली र व्यवहारहरू तथा शारीरिक, मानसिक,संवेगात्मक एवं भावनात्मक अवस्था वयस्कहरूको भन्दा फरक हुन्छ र त्यो विशिष्ट अवस्थालाई सोही परिवेश अनुरूप व्यवहार गरिनुपर्दछ,
- बालबालिका भनेका केवल कमजोर, जोखिममा रहेका, अपरिपक्व, हिंसा, दुर्व्यवहार र शोषणबाट पीडित समुदायमात्र नभई आफ्नो परिवेश र परिस्थितिका बारेमा अधिकतम जानकारी राख्ने र समस्याहरूको समाधान सुझाव गर्न सक्ने सक्रिय व्यक्ति तथा समूह हो,
- बालबालिकामा हुर्कदों क्षमता, विचार तथा धारणाहरू र मानव जीवनको विशिष्ट अवस्था रहँदारहँदै पनि सामाजिक शक्ति संरचना तथा समाजमा देखिएका असमानताहरूका कारणले बालबालिकाहरू बञ्चितिकरण, हिंसा र भयको शिकार हुन सक्दछन्,
- समाजमा हुने द्वन्द्व, हिंसा तथा विभिन्न तनाव र युद्धहरूका कारण बालबालिकाको जीवनमा प्रशस्तै नकारात्मक असरहरू पर्न सक्दछ ।

**बाल संरक्षण भनेको के हो ?**

बाल संरक्षण भन्नाले बालबालिकालाई शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक, नैतिक तथा बौद्धिक विकासमा नकारात्मक असर पार्ने किसिमका गतिविधिहरूबाट जोगाउनु भन्ने बुझिन्छ । मुलत बालबालिकाविरुद्ध हुने हिंसा, दुर्व्यवहार, विभेद, अपहेलना, वेवास्ता र हानिकारक अभ्यासबाट बालबालिकाको संरक्षण गर्नु बाल संरक्षण हो । सामान्य अर्थमा कुनै पनि किसिमका खतराहरूबाट बालबालिकालाई सुरक्षित बनाउनु नै बाल संरक्षण हो ।

**बाल संरक्षण किन ?**

- बालबालिकाले सुरक्षित तथा संरक्षित वातावरणमा हुर्कन पाउने नैसर्गिक अधिकारको कार्यान्वयनका लागि,
- बालबालिकाविरुद्ध हुने भेदभाव, दुर्व्यवहार, हिंसा (शारीरिक, मानसिक), शोषण (शारीरिक, यौन, श्रम) बेवास्ता र उपेक्षा वा हेलचेक्र्याइँ, अपहरण तथा अन्य हानिकारक अभ्यासहरूले बालबालिकामा तत्कालीन र दीर्घकालीन हानि पुग्ने हुँदा सोबाट संरक्षण गरी दक्ष नागरिक निर्माण गर्न,
- भविष्यमा प्रतिउत्पादक नागरिकबाट राज्यलाई पर्ने आर्थिक, राजनीतिक तथा सामाजिक भार कम गर्न,
- हिंसारहीत समाजको निर्माणमा योगदान गर्न,
- बालबालिकालाई बाल्यकालमा हुनसक्ने सबैप्रकारका नकारात्मक अनुभवहरूबाट जोगाउने वा सुरक्षित राख्न,
- बालबालिकाको उमेर र बढ्दो शारीरिक मानसिक अवस्थाका चरण वा अन्य कारणबाट उनीहरूमाथि पर्नसक्ने विविध जोखिमबाट जोगाउन,
- बाल्य जीवनमा आउनसक्ने खतराविरुद्ध आवाज उठाउन र प्रतिवाद गर्न सशक्तिकरण गर्न ।

**बालसहभागिता भनेको के हो?**

बाल सहभागिता भन्नाले बालबालिकाले आफुसँग प्रत्यक्ष सरोकार राख्ने विषयहरूमा सूचना प्राप्त गर्ने, आफ्नो विचार, भावना र अनुभव अभिब्यक्त गर्ने, उपयक्त हुने सूचनाहरू साथी तथा अन्य बालबालिकालाई प्रसारण गर्ने, सङ्गठित हुने, बालबालिकाका अधिकारका लागि कार्य गर्ने र बालबालिकाको बिचार, सूचना, भावना, सङ्गठन र उनीहरूका सङ्गठन कार्यहरूलाई उपर्युक्त मान्यता दिने प्रकृयालाई नै बाल सहभागिता भनिन्छ । सरल भाषामा भन्दा बालबालिकाको सूचना प्राप्त गर्ने, विचार तथा भावना अभिव्यक्त गर्ने, सङ्गठन बनाउन तथा सिर्जनात्मक एवं मनोरञ्जनात्मक कार्यक्रमहरू सञ्चालन गर्ने स्वतन्त्रता नै बाल सहभागिता हो । साथै बालबालिकासँग सम्बन्धीत विषयका योजना तर्जुमा, कार्यान्वयन र अनुगमन प्रक्रियामा बालबालिकाका संलग्न हुन पाउनु अधिकार समेत यस अन्तर्गत पर्दछ ।

**बाल सहभागिता किन ?**

- बाल सहभागिता बालबालिकाको मौलिक अधिकार हो । बाल अधिकार महासन्धिको धारा १३, १४, १५ र १७ मा यो सम्बन्धी व्यवस्था गरिएको छ ।
- बालबालिकाका सवालमा उनीहरूको अनुभव र विचारहरू नै प्राथमिक सूचनाहरू हुन् त्यसैले यस विषयमा उनीहरूको विचार र अनुभवलाई समेटिनु पर्दछ ।
- आफ्ना विषयमा कसले के काम गर्दछ र किन गरिदैछ भनेर थाहा पाउनु सबै मानिसहरूको अधिकार हो त्यसैले यो बालबालिकाको पनि अधिकार हो ।
- आपसमा मिलेर सिर्जनात्मक अभ्यास तथा रचनात्मक कार्यहरू गर्नाले बालबालिकाका सामाजिक, नैतिक, सम्वेगात्मक तथा बौद्धिक व्यक्तित्वको पनि विकास हन्छ ।
- बालबालिकाका लुकेर रहेका समस्याहरू तथा असल अभ्यासहरू उनीहरूले नै उजगार गर्न सक्छन् ।
- सहभागितात्मक अभ्यासले बालबालिकालाई सानै उमेरदेखि फरक विचार, आस्था र मतको सम्मान गर्ने, विविधता बिचमा रहेर कार्य गर्ने तथा शान्तिपूर्ण र लोकतान्त्रिक विधिद्वारा विवादहरूको समाधान गर्न सिकाउँछ । त्यसैले बालसहभागिताले शान्ति र लोकतन्त्रको प्रवर्द्धन गर्दछ ।
- सहभागितात्मक अभ्यासबाट आफ्नो कर्तव्य निर्वाह गर्न र अधिकारको माग गर्न सिक्न हुँदा आजका बालबालिका भोलिका सचेत र सक्षम नागरिक हुन्छन् ।

**स्थानीय तहमा बाल संरक्षण तथा बाल सहभागिताका लागि सरोकारवालाको भूमिका**

(क) **जनप्रतिनिधिको भूमिका**

- बाल अधिकार संरक्षण तथा संवर्द्धन सम्बन्धी ऐन, कानून तथा कार्यविधिको निर्माण गरी लागू गर्ने
- स्थानीय बाल अधिकार समितिको गठन गर्ने
- बाल कल्याण अधिकारीको नियुक्ति गर्ने
- विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको संरक्षण तथा सेवा प्रवाहका लागि बालकोषको स्थापना तथा परिचालन गर्ने
- बालबालिकाको हक, हित र अधिकारको संरक्षण तथा संवर्द्धनका लागि पर्याप्त लगानीको व्यवस्था गर्ने

- स्थानीय तहको बालबालिका सम्बन्धी योजना निर्माण प्रक्रियामा बाल सहभागिताको सुनिश्चितता गर्ने,
- बाल संरक्षण मापदण्ड निर्माण गरी लागू गर्ने,
- हिंसा, दुर्व्यवहार, कसूरबाट पीडित तथा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको संरक्षणको सुनिश्चितता गर्ने,
- सबै बालबालिकाको शिक्षा, स्वास्थ्य र पहिचान (जन्मदर्ता, नागरिकता) को अधिकारको सुनिश्चितता गर्ने,
- विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको सामाजिक सुरक्षाको सुनिश्चितता गर्ने,
- कुनै पनि बालबालिकालाई दलगत राजनीतिमा संलग्न नगराउने र अरुलाई पनि गर्न नदिने,
- स्थानीय तहलाई बालमैत्री स्थानीय तह बनाउने ।

(ख) **शिक्षकको भूमिका**

- विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालयमा ल्याउन आवश्यक पहल गर्ने,
- विद्यालयमा भय तथा हिंसारहीत सिकाइका उपायहरू अवलम्वन गरी शिक्षण सिकाइ गर्ने,
- विद्यालयमा बालबालिका विरुद्व कुनै पनि हिंसा तथा दुर्व्यवहारका घटना भएमा सो को उजुरी गर्ने र बालबालिकालाई समेत उजुरी सम्बन्धी संयन्त्रहरूको बारेमा जानकारी दिने,
- शैक्षिक संस्थामा धुम्रपान, मद्यमान, सुर्तिजन्य पदार्थ तथा जङ्क फुड निषेध गर्दै यस्ता सामग्रीहरू विद्यालय वरिपरि विक्री वितरण नहुने सुनिश्चितताका लागि आवश्यक पहल गर्ने,
- विद्यालयमा बाल सहभागिता प्रवर्धन, बालक्लब गठन लगायत विभिन्न सिर्जनात्मक क्रियाकलापहरूमा बालबालिकाको सहभागिताका लागि सहजीकरण गर्ने
- बालबालिका विरुद्व कुनै हिंसा वा दुर्व्यवहार भएमा सो को जानकारी तत्काल बाल हेल्पलाईन सेवा १०९८ वा नजिकको प्रहरी कार्यालयमा गराउने

**(ग) अभिभावकको भूमिका**

- घरपरिवारमा बालापन प्रवर्धनका लागि बाबु आमा वा अभिभावकले विशेष ध्यान दिने ।
- बालबालिकाको संरक्षण र विकासका लागि उपयुक्त पारिवारिक वातावरण निर्माण गर्ने ।
- अध्ययनको वातावरण निर्माण गर्ने, बालमैत्री व्यवहार गर्ने र बालबालिकाको सम्मान गर्ने ।
- बालबालिकालाई समान व्यवहार गर्ने ।
- बालबालिकालाई खेलकुद, मनोरञ्जन तथा निर्णय प्रक्रियामा सहभागी गराउने ।
- घरपरिवार तहका सरसल्लाह र निर्णयहरूमा परिवारका बालबालिकाको सहभागिताका लागि पर्याप्त सचेतना ।
- असल अभिभावकको भूमिका निर्वाह गर्ने
- अन्तरपुस्ता सञ्चार तथा सहजीकरण गर्ने

**(घ) बालक्लब वा सञ्जालको भूमिका**

- बालसंरक्षण सम्बन्धी विभिन्न (सञ्चार) माध्यमहरू जस्तै सडकनाटक, बालगीत, र्‍याली, बाल भित्तेपत्रिका आदिबाट जनचेतना जागरण गर्न सघाउने ।
- बालबालिकाविरुद्ध हुने हिंसा, दुर्व्यवहारको रोकथाम, घटना भएमा त्यसको जानकारी स्थानीय बाल अधिकार समिति वा वडा बाल अधिकार समिति वा बाल कल्याण अधिकारी वा बाल हेल्पलाईन सेवा १०९८ वा बालबालिका खोजतलास सेवा १०४ लाई दिने ।
- बाल संरक्षण सम्बन्धी घटनाबाट प्रभावित बालबालिकालाई दौँतरी सहयोग दिने तथा उनीहरूको सशक्तीकरण गर्न विभिन्न गतिविधि सञ्चालन गर्ने ।
- बाल अधिकार हननका घटनाहरू हुनुभन्दा पहिले नै बालबालिका स्वयं आत्मसुरक्षा वा बचावटका लागि पूर्व तयारीका लागि सहयोग गर्ने ।
- प्रभावित बालबालिकालाई आफ्ना समूहमा समेटी यसबारे अझ वृहत्तर रूपमा छलफल गर्ने (यसबाट बालबालिकाको भावनात्मक सहयोग पुग्दछ) ।
- स्थानीयस्तरमा उपलब्ध सेवा प्रदायक निकायहरूसमक्ष आफ्ना विचार व्यक्त गर्ने, भाग लिने ।
- आफ्नो जीवनमा प्रभाव पार्ने क्षेत्रका बारेमा बालमैत्री ढंगबाट सूचना माग गर्ने ।
- स्थानीय तहको योजना तर्जुमा प्रक्रियामा अर्थपूर्ण सहभागिता जनाउने ।

बाबु, आमा, संरक्षक, परिवारका अन्य सदस्य, शिक्षक तथा समाजसेवीले बालबालिकाको सर्वोत्तम हितलाई विचार गरी दिएको सल्लाह, सुझाव, मार्गदर्शन र निर्देशन पालना गर्ने

## चौंथो सत्र
## बाल अधिकार सम्बन्धी नेपालको कानूनी, नीतिगत व्यवस्थ

**उद्देश्य**ः सहभागीहरूलाई बाल अधिकार सम्बन्धी नेपालको कानूनी, नीतिगत तथा कार्यक्रमिक व्यवस्था र यसको प्रयोगका विषयमा स्पष्ट बनाउनु ।

**समय**ः ९० मिनेट (१० मिनेट खुला छलफल, ६० मिनेट प्रस्तुतिकरण र २० मिनेट संक्षेपीकरण)

**अपेक्षित उपलब्धिः**

- सहभागीहरू नेपालमा बाल अधिकार सम्बन्धी कानूनी, नीतिगत व्यवस्थाको बारेमा जानकार हुनेछन्
- सहभागीहरू बाल अधिकार सम्बन्धी कानूनी व्यवस्थाको स्थानीय तहमा प्रयोगका विषयमा जानकार हुनेछन्

**मुख्य विषयवस्तुः**

- बाल अधिकार सम्बन्धी नेपालको संवैधानिक तथा कानूनी व्यवस्थाहरू
- स्थानीय तहसँग सम्बन्धीत कानूनी व्यवस्था र उपयोगका तरिकाहरू

**विधिः**

- जोडी पहिचान, छलफल र प्रस्तुति खेल
- प्रस्तुतिकरण

**आवश्यक तालीम सामग्रीः**

- बाल अधिकार सम्बन्धी संवैधानिक व्यवस्था तथा व्याख्या सहितको छुट्टाछुट्टै कार्ड
- नेपालमा बाल अधिकार सम्बन्धी प्रमुख कानून र यसका मुख्य मुख्य व्यवस्था लेखिएको कार्ड
- स्थानीय तहमा अनिवार्य कार्यान्वयन गर्नुपर्ने कानूनी व्यवस्थाहरू
- न्यूज प्रिन्ट, फ्लिप चार्ट, मार्कर

**प्रक्रिया/क्रियाकलापः**

जोडी पहिचान, छलफल तथा प्रस्तुतिकरण (६० मिनेट)

- सहभागीहरूलाई जोडी पहिचान, छलफल तथा प्रस्तुतिकरणको बारेमा जानकारी गराउने,
- बाल अधिकार सम्बन्धी संवैधानिक व्यवस्था र यसको व्याख्या, बालबालिका सम्बन्धी कानून र यसका मुख्य मुख्य प्रावधान, स्थानीय तहसँग सम्बन्धीत कानून र यसको प्रयोग बारे लेखिएको कार्डहरू मिसाएर राख्ने -सन्दर्भ अध्ययन सामाग्रीमा उल्लेख भएका बुँदाहरूलाई नै कार्डमा उल्लेख गरि प्रयोग गर्न सकिन्छ),
- सहभागीहरूलाई एक एक वटा कार्ड उठाइ आफूसँग मेल खाने जोडी खोज्न लगाउने,
- जोडी भेट्टाएपछि छलफल गर्ने अनि प्रस्तुतिकरणका लागि सहजीकरण गर्ने,
- छलफल भए अनुसारका विषयहरूलाई समेत समेटेर नेपालमा बाल अधिकार सम्बन्धी संवैधानिक तथा कानूनी व्यवस्था र स्थानीय तहसँग सम्बन्धीत कानूनी व्यवस्था र यसको प्रयोग सम्बन्धी संक्षेपीकरण सहितको प्रस्तुतिकरण गर्ने ।

**निष्कर्षः**

यस सत्रले सहभागीहरूलाई नेपालमा बाल अधिकार सम्बन्धी संवैधानिक, कानूनी र नीतिगत व्यवस्थाको बारेमा जानकारी गराउनुका साथै स्थानीय तहसँग सम्बन्धीत कानूनी व्यवस्था र यसको प्रयोगका विषयमा बताउन सक्षम बनाउने छ भने खुला छलफलमा सहभागी भै सहभागीहरूले आफ्ना धारणा तथा अनुभव बताउन सक्नेछन् ।

**मूल्याङ्कन**

यस सत्रमा हामीले के के छलफल गर्‍यौं ? भनी सहभागीहरूसँग प्रश्न गर्नुहोस् । यसको लागि सहभागीहरूसँग देहायका प्रश्नहरू गर्न सकिन्छ :

- बाल अधिकार सम्बन्धी संवैधानिक व्यवस्था के के रहेछन् ?
- नेपालमा बाल अधिकार सम्बन्धी कानूनी तथा नीतिगत व्यवस्थाहरू के के रहेछन्
- **स्थानीय तहमा अनिवार्य रूपमा कार्यान्वयन गर्नुपर्ने कानूनी तथा नीतिगत व्यवस्थाहरू के के रहेछन्?**

सहभागीबाट आएका जवाफहरूको आधारमा समान बुझाइ कायम गर्न सहयोग गर्नुहोस् ।

## अध्ययन सामग्री

**प्रश्न नं. १ संयुक्त राष्ट्र संघीय बाल अधिकार सम्बन्धी महासन्धि १९८९ ले स्थापित गरेको बाल अधिकार सम्बन्धी कानूनी आधारहरू के के हुन् ?**

**उत्तर नं.** १ः सन् १९८९ नोभेम्बर २० मा संयुक्त राष्ट्रसंघबाट पारित बाल अधिकार सम्बन्धी महासन्धिले बालबालिकाको विशेष विश्वव्यापी नागरिक हैसियतलाई स्थापित गर्नुका साथै उनीहरूको बालापनको विशिष्टताको सम्मान गर्दै उनीहरूमा रहेको क्षमताको उजागर हुन र एक मर्यादित मानव जीवन जीउनका लागि अधिकारहरूको कानूनी आधार स्थापना गरेको छ । यस महासन्धिले बालबालिकाको वयस्क सरह नागरिक, राजनीतिक, आर्थिक र सांस्कृतिक अधिकारहरू रहेका, बालबालिका विश्व नागरिक भएका कारण उनीहरूको आधारभूत अधिकार हरूको सम्मान, संरक्षण र परिपूर्ति गर्नु सबै सदस्य देशका सरकारहरूको दायित्व रहेको, बालबालिकाहरू अधिकारधारक (Right holders) र वयस्कहरू कर्तव्यपालक (Duty bearers) भएको मान्यतालाई अन्तर्राष्ट्रिय तहमा कानूनी रूपमा स्थापित गरेको छ ।

**प्रश्न नं. २ बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ ले निर्दिष्ट गरेका सैद्धान्तिक अवधारणाहरू के के हुन् ?**

**उत्तर नं.** २ बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ ले निर्दिष्ट गरेका सैद्धान्तिक अवधारणाहरू निम्न बमोजिम रहेका छन् ः

- १८ वर्षभन्दा कम उमेरका सबै व्यक्तिहरू बालबालिका हुन् ।
- बालबालिकाको वयस्क सरह मानव अधिकारहरू रहेका छन्, जसलाई जात, लिंग, उमेर, सम्प्रदाय, धर्म शारीरिक अवस्था कुनै पनि आधारमा विभेद गर्न पाइदैन ।
- बालबालिकाको नागरिक, राजनीतिक, आर्थिक र सांस्कृतिक अधिकारहरू छन् ।
- बालबालिका विश्व नागरिक हुन् उनीहरूको आधारभूत अधिकारहरूको सम्मान, संरक्षण र परिपूर्ति गर्नु सबै सदस्य देशका सरकारहरूको दायित्व हो ।
- बालअधिकारको संरक्षण र व्यावहारिक कार्यान्वयन गर्ने प्रमुख दायित्व अभिभावक र सरकारको हो र यस निम्ति अभिभावकहरूको आवश्यक क्षमता अभिवृद्धि गर्ने दायित्व सरकारको हो

**प्रश्न नं. ३: बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ को मार्गदर्शक सिद्धान्तहरू के के हुन् ?**

**उत्तर नं. ३:** बाल अधिकार महासन्धिको व्यावहारिक कार्यान्वयनलाई मार्गनिर्देशन गर्नका लागि संयुक्त राष्ट्रसंघीय बाल अधिकार समितिले बाल अधिकारका केही प्रमुख प्रावधानहरूलाई बाल अधिकारको निर्देशक सिद्धान्तको रूपमा व्याख्या गरेका छन् । बाल अधिकार समितिले व्याख्या गरेका केही प्रमुख मार्गदर्शक सिद्धान्तहरू निम्न छन्:

- **भेदभाव विहीनता:** (सदस्य राष्ट्रहरूलाई आफ्नो क्रियाकलापहरूबाट बालबालिकामाझ विभेद सृजना नहोस् तथा राज्यबाट प्रदान हुने सुविधाहरूमा बालबालिकाहरूमाझ कुनै पनि आधारमा विभेद नहोस् तथा विद्यमान सामाजिक शक्ति संरचना तथा सांस्कृतिक चलन र अभ्यास एवं प्रथाहरूका कारण कुनै बालबालिका राज्यबाट प्रदान गरिने अवसर, संरक्षण र सहभागिताबाट बञ्चित हुन नपरोस् भन्नका लागि हरसम्भव उपायहरू अपनाउनु पर्ने धारा २ मा उल्लेख छ )

- **दीर्घजीवन र विकासको अवसर:** जुनसुकै परिवेशमा पनि बालबालिकाको जीवन रक्षा, स्वास्थ्य तथा उनीहरूको शैक्षिक तथा अन्य विकासका अवसरहरू अवरुद्ध नहोऊन् भन्ने सन्दर्भमा सरकार तथा गैरसरकारी निकायहरूले एवं परिवारले वा पेशागत क्षेत्रका सेवा प्रदायकहरू सचेत रहनुपर्ने कुरालाई महासन्धिको धारा ६ मा उल्लेख गरिएको छ ।

- **बालबालिकाको विचार र भावनाको कदर:** बाल अधिकार महासन्धिको धारा १२ मा उल्लेखित यस सिद्धान्तले बालबालिकाको क्षेत्रमा गरिने हरेक गतिविधिहरू तथा उनीहरूको जीवनलाई प्रभावित पार्न सक्ने हरेक निर्णयहरूमा परिवार, विद्यालय, समुदाय तथा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय तहमा बालबालिकाको प्रत्यक्ष तथा सार्थक, नैतिक एवं सुरक्षित सहभागिता हुनुपर्ने माग गर्दछ । यस सन्दर्भमा बालबालिकाले सम्बन्धीत विषयहरूमा सूचना प्राप्त गर्ने, त्यसका बारेमा स्पष्ट बुझ्ने, सम्भावित सकारात्मक तथा नकारात्मक प्रभावहरूका बारेमा जानकारी प्राप्त गर्ने र आफ्नो परिस्थिति अनुकूल विश्लेषण गरी वयस्कहरूलाई सुझाव प्रदान गर्ने व्यवस्था रहनुपर्ने कुरा बाल अधिकार महासन्धिको अर्को सिद्धान्त हो ।

- **बालबालिकाको सर्वोत्तम हित :** बालबालिकाको सर्वोत्तम हित बाल अधिकार महासन्धिले निर्दीष्ट गरेको एक महत्वपूर्ण मार्गदर्शक सिद्धान्त हो । बालबालिकाको लागि गरिने

कुनै पनि निर्णय तथा गतिविधिहरूको उनीहरूको व्यक्तिगत तथा सामाजिक जीवनमा नकारात्मक असर नपार्ने सुनिश्चितताकासाथ र त्यसका लागि उपलब्ध उपायहरूमध्ये बालबालिकाको लागि सबैभन्दा कम जोखिमपूर्ण, जोखिमहरूको सहि मूल्याङ्कन र बचावटका उपायहरूको व्यवस्था सहित कार्य गरिनु नै बालबालिकाको सर्वोत्तम हित हो । बालबालिकाको सर्वोत्तम हितका लागि गरिने कुनैपनि कार्यहरूले उनीहरूको मौलिक अधिकार, पहिचान, सहभागिता, दीर्घजीवन तथा संरक्षण व्यवस्थाहरूलाई हनन् गर्दैन भन्ने कुराको सुनिश्चितता गरिनुपर्दछ ।

**प्रश्न नं. ४ बाल अधिकार सम्बन्धी महासन्धिले निर्दिष्ट गरेका प्रमुख अधिकारहरू के के हुन् ?**

**उत्तर नं.** ४ः बाल अधिकार महासन्धिले निर्दिष्ट गरेका विभिन्न अधिकारका प्रावधानहरूलाई व्यावहारिक कार्यान्वयनका दृष्टिकोणबाट विभिन्न ढंगले वर्गीकरण गरेको पाइन्छ। बाल अधिकारको व्यावहारिक कार्यान्वयनका लागि विभिन्न निकायहरूले बाँच्न पाउने तथा दीर्घजीवनको अधिकार, विकासको अधिकार, संरक्षणको अधिकार र सहभागिताको अधिकारको रूपमा पनि व्याख्या गर्ने गरेको पाइन्छ ।

**प्रश्न नं. ५ः बाल अधिकार सम्बन्धी महासन्धिमा कतिवटा धाराहरू रहेका छन् ?**

**उत्तर नं.** ५ बाल अधिकार सम्बन्धी महासन्धिमा कुल ५४ वटा धाराहरू रहेका छन् जसमध्ये ४० धाराहरूले बालबालिकाको अधिकारको व्याख्या गरेका छन् भने बाँकी १४ धाराहरूले कार्यान्वयन र अनुगमनको व्यवस्था गरेका छन् ।

**प्रश्न नं ६ बाल अधिकार सम्बन्धी महासन्धिका कतिवटा इच्छाधिन आलेख (Optional Protocol) रहेका छन् ?**

**उत्तर नं.** ६ बाल अधिकार सम्बन्धी महासन्धिका ३ वटा निम्नानुसारका इच्छाधिन आलेखहरू रहेका छन्ः

- सशस्त्र संघर्षमा बालबालिकाको संलग्नता सम्बन्धी इच्छाधीन आलेख, २०००
- बालबालिकाको बेचबिखन, यौनशोषण र अश्लील चित्रण सम्बन्धी इच्छाधीन आलेख, २०००
- बाल अधिकार हननको उजुरीबारे सञ्चार कार्यविधि सम्बन्धी इच्छाधिन आलेख, २०११

**प्रश्न नं. ७** नेपालले बाल अधिकार सम्बन्धी महासन्धि र यसका इच्छाधिन आलेखहरूलाई कहिले अनुमोदन गरेको थियो ?

**उत्तर नं. ७** अन्तर्राष्ट्रिय मानव अधिकारको मुख्य नौ वटा महासन्धि मध्ये नेपाल सात वटा महासन्धिको पक्ष रहेको छ । यस मध्ये बाल अधिकार सम्बन्धी महासन्धिलाई नेपालले सन् १९९० सेप्टेम्वर १४ तदनुसार २०४७ साल भाद्र २९ गते अनुमोदन गरेको हो । यस महासन्धिका तीनवटा इच्छाधिन आलेखमध्ये सशस्त्र संघर्षमा बालबालिकाको संलग्नता सम्बन्धी इच्छाधीन आलेख, २००० लाई सन् २००७ को सेप्टेम्बर १९ तारिखमा र बालबालिकाको बेचबिखन, यौनशोषण र अश्लील चित्रण सम्बन्धी इच्छाधीन आलेख, २००० लाई सन् २००६ को जनवरी २० तारिखमा अनुमोदन गरेको छ । तेस्रो इच्छाधिन आलेख नेपालले अहिलेसम्म अनुमोदन गरेको छैन ।

**प्रश्न नं. ८ समापन टिप्पणी भन्नाले के बुझिन्छ ?**

**उत्तर नं. ८** महासन्धि तथा यसका इच्छाधिन आलेखको कार्यान्वयनका लागि आफ्ना ऐन, कानून, रीति परम्परामा भएका भेदभावमूलक व्यवस्थाहरू हटाउनु, त्यस्ता ऐनहरूलाई महासन्धि अनुकूल बनाउँदै लैजानु र ती महासन्धिमा उल्लेखित अधिकारहरूको उपभोगको अवस्थाका सम्बन्धमा धारा ४४ बमोजिम दुईवर्षभित्र प्रारम्भिक प्रतिवेदन र त्यसपछि हरेक पाँच वर्षमा आवधिक प्रतिवेदन संयुक्त राष्ट्रसंघको बाल अधिकार समितिमा प्रस्तुत गर्नु राज्य पक्षको दायित्व हुन्छ । महासन्धिकै धारा ४३ अनुसार संयुक्त राष्ट्रसंघीय बाल अधिकार समितिमा राज्य पक्षहरूले पेश गरेका प्रतिवेदनमा प्रगतिको मूल्याङ्कन गरी समितिले निष्कर्ष दिने गर्दछ, जसलाई समापन टिप्पणी (Concluding Observation) भनिन्छ । समितिले दिएका ती टिप्पणीहरू सम्बन्धीत राज्यको लागि बालबालिकासम्बन्धी नीति तथा कार्यक्रमको तर्जुमा र कार्यान्वयन गर्नका निमित्त मार्गनिर्देशक हुन्छन् ।

**प्रश्न नं. ९ नेपालले संयुक्त राष्ट्रसंघीय बाल अधिकार समितिमा हालसम्म कतिपटक प्रारम्भिक तथा आवधिक प्रतिवेदन पेश गरेको छ र कतिवटा समापन टिप्पणी प्राप्त गरेको छ ?**

**उत्तर नं. ९** नेपालले प्रारम्भिक प्रतिवेदन सन् १९९५ अप्रीलमा बुझाएको थियो भने सोमा थप विवरण फेब्रुअरी १९९६ मा बुझाए पश्चात जून १९९६ मा छलफल भई समापन टिप्पणी दिइएको थियो । दोस्रो प्रतिवेदन मार्च २००३ मा बुझाएकोमा अप्रील २००५ मा थप विवरण पेश गरी सेप्टेम्बर २००५ मा छलफल भई समापन टिप्पणी दिइएको थियो । लामो समयको

अन्तरालपछि तेश्रो, चौथो र पाँचौ संयुक्त प्रतिवेदन सन् २०१२ अक्टोवर ११ मा बुझाइएको थियो । यससन्दर्भमा संयुक्त राष्ट्रसंघमा सन् २०१५ को मे महिनामा छलफल हुने तालिकानुसार बाल अधिकार समितिबाट थप सूचना जानकारी माग गरिएकोमा सो समेत बुझाई सकिएको थियो । २०७२ साल बैशाख १२ गतेको भूकम्पका कारण उक्त प्रतिवेदनमाथिको छलफल स्थगित हुन गई २०१६ मे १७ देखि जुन ३ सम्म सम्पन्न संयुक्त राष्ट्रसंघको बाल अधिकार समितिको २१३२ औं बैठकबाट प्रतिवेदनमाथि समापन टिप्पणी दिइएको छ । यसैगरी छैटौं र सातौं प्रतिवेदन संयुक्त रूपमा सन् २०२२ फेब्रवरीमा पेश गरेको छ ।

बालबालिकाको बेचबिखन, यौनशोषण र अश्लील चित्रणसम्बन्धी इच्छाधिन आलेखको प्रारम्भिक प्रतिवेदन नेपाल सरकारले सन् २००९ मा र सशस्त्र संघर्षमा बालबालिकाको संलग्नता सम्बन्धी इच्छाधिन आलेखको प्रारम्भिक प्रतिवेदन सन् २०१२ मा संयुक्त राष्ट संघको बाल अधिकार समितिमा पेश गरेको थियो र क्रमशः सन् २०१२ र २०१६ मा समापन टिप्पणी समेत प्राप्त गरेको थियो । नेपालले प्राप्त गरेको समापन टिप्पणीको आधारमा कानूनी तथा नीतिगत सुधार समेत गर्दै आइरहेको छ ।

**प्रश्न नं. १० सशस्त्र संघर्षमा बालबालिकाको संलग्नता सम्बन्धी इच्छाधीन आलेख, २००० मा भएका मूलभूत विशेषताहरू के के हुन् ?**

**उत्तर नं.** १० सशस्त्र संघर्षमा बालबालिकाको संलग्नता सम्बन्धी इच्छाधीन आलेख, २००० मा जम्मा १३ वटा धाराहरू छन्, जसमध्ये धारा १ देखि ७ सम्मका व्यवस्थाहरू बालबालिकासँग प्रत्यक्ष सम्बन्धीत छन् । यस अन्तर्गत १८ वर्ष मुनिका कुनै पनि बालबालिकालाई प्रत्यक्ष सशस्त्र संघर्षमा समावेश गराउन नपाईने व्यवस्था गरेको छ । साथै राज्यले राष्ट्रिय सशस्त्र दलमा स्वेच्छिक सम्लग्नताको उमेर बढाउने र १८ वर्ष मुनिकालाई राष्ट्रिय सशस्त्र दलमा सम्लग्न गराउन विशेष सुरक्षा अपनाउनु पर्ने र अभिभावकको स्वीकृति लिनु पर्ने तर राज्य बाहेक कसैले पनि १८ वर्ष मुनिकालाई सशस्त्र कारबाहीका सम्लग्न गराउन नपाउने गरी सबै आवश्यक उपाय अपनाउने उल्लेख गरिएको छ ।

**प्रश्न नं. ११: बालबालिकाको बेचबिखन, यौनशोषण र अश्लील चित्रण सम्बन्धी इच्छाधीन आलेख, २००० मा भएका मूलभूत विशेषताहरू के के हुन् ?**

**उत्तर नं.** ११: बालबालिकाको बेचबिखन, यौनशोषण र अश्लील चित्रण सम्बन्धी इच्छाधीन आलेख, २००० मा जम्मा १७ वटा धाराहरू छन्, जसमध्ये धारा १ देखि १० सम्मका

व्यवस्थाहरू बालबालिकासँग प्रत्यक्ष सम्बन्धीत छन् । यस अन्तर्गत बालबालिकको बेचबिखन, बालदेहव्यापार र बालबालिकाको अश्लील चित्रणलाई प्रतिबन्ध लगाउने र यस्ता कार्यलाई आपराधिक कार्यको रूपमा परिभाषित गरिने भनी व्याख्या गरिएको छ । यस आलेखले पीडित तथा प्रभावित बालबालिकाहरूको गोपनीयता, संरक्षण र पुनर्स्थापनाको व्यवस्था गर्न, आन्तरिक तथा अन्तर्राष्ट्रिय रूपमा नै अभियुक्तहरूलाई कानूनी दायरामा ल्याउनका लागि आवश्यक कानूनी व्यवस्थाहरू गर्नपर्ने प्रावधान उल्लेख गरेको छ । यस प्रलेखले बालबालिकाको यौन शोषण, अश्लील चित्रण तथा बेचबिखनका कार्यलाई रोक्न विशेष गरी अभियुक्तहरूको पक्राउ र कानूनी कारवाहीका लागि अन्तर्राष्ट्रिय सहयोगको प्रावधान उल्लेख गरेको छ ।

**प्रश्न नं. १२ बाल अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघीय महासन्धिका अलावा अन्य कुन कुन महासन्धि बाल अधिकारप्रति आकर्षित हुन्छन् ?**

**उत्तर नं.** १२ बाल अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघीय महासन्धिका अलावा निकृष्ट अवस्थाको बालश्रम सम्बन्धी अन्तर्राष्ट्रिय श्रम सङ्गठनको महासन्धि नं १८२, अन्तर्राष्ट्रिय श्रम सङ्गठनको महासन्धि नं. १८९, महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन महासन्धि १९७९, सबै प्रकारका जातीय भेदभाव उन्मूलन सम्बन्धी महासन्धि १९६५, यातना र अन्य निर्दयी, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय विरुद्धको महासन्धि १९८४, जेनेभा महासन्धि मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८, नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी महासन्धि १९६६ आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी महासन्धि १९६६ लगायतका अन्र्तराष्ट्रिय कानून तथा घोषणाहरू बाल अधिकारप्रति आकर्षित हुन्छन् ।

**प्रश्न नं. १३ नेपालको संविधानमा बाल अधिकार सम्बन्धी कस्ता व्यवस्थाहरू रहेका छन्?**

**उत्तर नं.** १३ नेपालको संविधानमा बालबालिकाको विषयलाई प्राथमिकता दिइएको छ। संविधानको धारा ३९ मा बालबालिकाको हक शीर्षक अन्तर्गत १० वटा उपधारामा बालबालिकाको विकास, संरक्षण, सहभागिता तथा बालमैत्री न्याय लगायतको हकहरूको व्यवस्था भएको छ। बालबालिकाको सर्वोत्तम हितलाई राज्यको मूल नीतिको रूपमा अंगीकार गरिएको छ। यी उपधाराहरू लगायत धारा १८, २०, २९, ३१, ३५, ४०, ४२, ४३, ५१ मा उल्लिखित हकहरू बालबालिकाको लागि पनि आकर्षित हुन्छन् । यस बाहेक धारा १० मा नागरिकता पाउने हक, धारा १६ मा सम्मानपूर्वक बाँच्न पाउने हक, धारा १७ मा स्वतन्त्रताको हक, धारा १९ मा सञ्चारको हक, धारा २२ मा यातना विरुद्धको हक, धारा २६ मा धार्मिक स्वतन्त्रताको हक, धारा

२७ मा सूचनाको हक, धारा २८ मा गोपनीयताको हक, धारा ३२ मा भाषा तथा संस्कृतिको हक, धारा ११(४) मा भएको हकको व्यवस्था पनि बालबालिकाप्रति आकर्षित हुन्छन् । यस पृष्ठभूमिमा नेपालको संविधान बाल अधिकारको दृष्टिकोणबाट उत्कृष्ट देखिएको छ । राज्यका नीतिहरूमा श्रम र रोजगारी सम्बन्धी नीतिमा बालश्रम लगायत श्रम शोषणका सबै रूपको अन्त्य गर्ने, सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीति मा बालबच्चाको पालन पोषण, परिवारको हेरचाह जस्ता काम र योगदानलाई आर्थिक रूपमा मूल्याङ्कन गर्ने नीति रहेको छ। साथै बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिक रूपमा ध्यान दिने नीति रहेको छ ।

**प्रश्न नं. १४ बालबालिका सम्बन्धी ऐन, २०७५ मा भएका प्रमुख व्यवस्थाहरू के के हुन्?**

**उत्तर नं.** १४ बालबालिका सम्बन्धी ऐन, २०७५ बाल अधिकार महासन्धिको मूलभूत सिद्धान्तहरू र प्रावधानहरू अनुकूल रहेको छ। बालबालिका सम्बन्धी विशिष्टीकृत यस ऐनमा बालबालिकाका मूलभूत अधिकार, अधिकार कार्यान्वयनका लागि संरचनागत व्यवस्था, बालन्याय सम्पादनको प्रक्रिया, बालबालिकाप्रतिको दायित्व, बालबालिकाको संरक्षण व्यवस्थापन, बालबालिकाको कर्तव्य, बालबालिकाविरुद्ध हुने हिंसा र दुर्व्यवहार लगायतका विषयहरू समावेश गरिएका छन् ।

**प्रश्न नं. १५ बालबालिका सम्बन्धी ऐन, २०७५ ले व्यवस्था गरेका बालबालिकाको अधिकारहरू के के हुन् ?**

**उत्तर नं. १५** बालबालिका सम्बन्धी ऐन, २०७५ को परिच्छेद २ मा दफा ३ देखि दफा १५ सम्म १३ वटा मूलभूत अधिकार सुनिश्चित गरिएको छ । यस ऐनमा बालबालिकाका मूलभूत अधिकारहरूमा बाँच्न पाउने, नाम, राष्ट्रियता र पहिचान पाउने, अविभेद हुने, बाबुआमासँग बस्ने र भेटघाट गर्नपाउने, संरक्षित हुन पाउने, सहभागी हुन पाउने, अभिव्यक्ति स्वतन्त्रता र सूचना पाउने, संस्था खोल्ने र शान्तिपूर्वक भेला हुन पाउने, गोपनीयता कायम गर्न पाउने, अपाङ्गताभएका बालबालिकाले विशेष सेवासुविधा पाउने, पोषण तथा स्वास्थ्य सेवासुविधा पाउने, खेलकुद, मनोरञ्जन तथा साँस्कृतिक क्रियाकलाप गर्न पाउने, शिक्षा पाउने अधिकार सुनिश्चित गरिएका छन् ।

**प्रश्न नं. १६ बालबालिका सम्बन्धी ऐन, २०७५ ले बालबालिकाप्रतिको दायित्वलाई कसरी प्रष्ट पारेको छ?**

**उत्तर नं.** १६ बालबालिका सम्बन्धी ऐन, २०७५ को परिच्छेद ३ मा दफा १६ देखि दफा १९ सम्म बालबालिकाप्रति परिवार वा संरक्षक, राज्य तथा सञ्चार माध्यमको दायित्व प्रष्ट पारेको

छ । राज्यले, परिवार वा संरक्षकले, बालबालिका सम्बन्धी कार्य गर्ने निकाय वा संस्थाले र सञ्चार माध्यमले बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिनुपर्ने लगायतका दायित्व निर्वाह गर्नुपर्ने प्रावधानहरू समावेश भएका छन् ।

**प्रश्न नं. १७ बालबालिका सम्बन्धी ऐन, २०७५ ले बाल अधिकार तथा बाल संरक्षण प्रणाली सुदृढीकरणका लागि के कस्तो व्यवस्था गरेको छ ?**

**उत्तर नं.** १७ बालबालिका सम्बन्धी ऐन, २०७५ ले तीनै तहमा बाल अधिकार प्रणालीका लागि मार्ग प्रशस्त गरेको छ । यसले बाल अधिकार प्रणाली अन्तर्गत तीनै तहमा कानूनी तथा नीतिगत व्यवस्था (बालबालिकाको हक, हित र अधिकार सम्बन्धी मूलभूत कानून निर्माण), संरचनागत व्यवस्था (संघमा राष्ट्रिय बाल अधिकार परिषद्, प्रदेशमा प्रदेश बाल अधिकार समिति र स्थानीय तहमा स्थानीय बाल अधिकार समिति, बाल कल्याण अधिकारी, समाजसेवी तथा बालमनोविज्ञ) गरेको छ । यसैगरी बाल संरक्षण प्रणाली अन्तर्गत विशेष संरक्षणको आवश्यकता भएका बालबालिका र वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकाको पहिचान एवम् संरक्षण व्यवस्थापन तथा वैकल्पिक हेरचाहको प्रवन्धका लागि संरचनागत व्यवस्था (बालकोष, बालबालिका खोजतलास सेवा १०४, बाल हेल्पलाईन सेवा १०९८, बालगृह, बाल सुधार गृह, निगरानी कक्ष), बाल संरक्षण मापदण्ड, बालबालिका विरुद्ध हुने हिंसा तथा दुर्व्यवहारको पहिचान तथा उजुरी, बालन्याय सुदृढीकरण सम्बन्धी स्पष्ट व्यवस्था गरेको छ ।

**प्रश्न नं. १८ बालबालिका सम्बन्धी ऐन, २०७५ मा बालबालिकाको के कस्तो कर्तव्यको बारेमा उल्लेख गरिएको छ ।**

**उत्तर नं.** १८ बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ७७ मा बाबु, आमा, संरक्षक, परिवारका अन्य सदस्य, शिक्षक तथा समाजसेवीले बालबालिकाको सर्वोत्तम हितलाई विचार गरी दिउको सल्लाह, सुझाव, मार्गदर्शन र निर्देशन पालना गर्नु, सबैलाई सम्मान र आदर गर्नु प्रत्येक बालबालिकाको कर्तव्य हुनेछ भनी स्पष्ट व्यवस्था भएको छ ।

**प्रश्न नं. १९ बालबालिका सम्बन्धी नियमावली, २०७८ मा भएका मूलभूत विशेषताहरू के के हुन्?**

**उत्तर नं.** १९ बालबालिका सम्बन्धी ऐन, २०७५ का प्रावधानहरूको प्रभावकारी कार्यान्वयनका लागि बालबालिका सम्बन्धी नियमावली, २०७८ कार्यान्वयनमा आएको छ । यस नियमावलीले समग्रमा बाल अधिकार तथा बाल संरक्षण प्रणाली सुदृढीकरणका लागि सहजीकरण गरेको

छ । विशेषगरी बालक्लब वा संस्थाको दर्ता, परिचालन तथा व्यवस्थापन, बालमैत्री व्यवहार तथा उच्चतम हित निर्धारण, निगरानी कक्ष तथा बाल सुधार गृह सञ्चालन तथा व्यवस्थापन, विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको विशेष संरक्षण व्यवस्था, वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकाको हेरचाह प्रवन्ध, बालगृहको स्थापना तथा सञ्चालन, अस्थायी संरक्षण सेवा तथा पुर्नस्थापन केन्द्रको सञ्चालन तथा व्यवस्थापन, राष्ट्रिय बाल अधिकार परिषद्को संरचना, काम, कर्तव्य र अधिकार, बाल कल्याण अधिकारी, समाजसेवी तथा बालमनोविज्ञको काम, कर्तव्य र अधिकार, बालकोषको व्यवस्थापन तथा सञ्चालन, बालबालिका खोजतलास सेवा तथा बाल हेल्पलाईन सेवाको सञ्चालनका विषयमा नियमावली स्पष्ट मार्ग दर्शन गरेको छ ।

**प्रश्न नं. २० मुलुकी देवानी संहिता ऐन, २०७४ मा बालबालिका सम्बन्धी के कस्ता व्यवस्थाहरू रहेका छन् ?**

**उत्तर नं.** २० मुलुकी देवानी संहिता ऐन, २०७४ मा बालबालिका सम्बन्धी निम्न व्यवस्थाहरू रहेका छन्:प्रत्येक व्यक्तिले अन्य व्यक्तिको व्यक्तित्वलाई स्वीकार गर्नुपर्ने, कानूनको दृष्टिमा सबै नागरिक समान हुने, समान कानूनको प्रयोगमा भेदभाव गर्न नपाइने, कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रता अपहरण गर्न नपाइने, प्रत्येक व्यक्ति जन्मनासाथ व्यक्तिको रूपमा मान्यता पाउने, प्रत्येक व्यक्तिको जन्मनासाथ नाम र थरको अधिकार हुने, आमा बाबुबाट मातृत्व र पितृत्वको निर्धारण हुने, कृतिम गर्भाधानबाट जन्मिएको शिशुको पितृत्व बाबुको हुने, दम्पतिले छोराछोरीको जन्मदर्ता गर्नुपर्ने, प्रत्येक नाबालकको आमाबाबुले हेरचाह र स्याहार संभार गर्नुपर्ने, सम्बन्ध विच्छेद भएका दम्पतिको छोराछोरीको अधिकार कायमै रहने, नाबालकलाई श्रमिकको रूपमा काममा लगाउन नहुने, अशक्त छोराछोरीलाई विशेष हेरचाह गर्नुपर्ने, नाबालकको संरक्षक नभए माथवर हुने, बालबालिकाको सर्वोत्तम हित हुनेगरी धर्मपुत्र वा धर्मपुत्री राख्नुपर्ने व्यवस्था ऐनमा रहेको छ ।

**प्रश्न नं. २१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा बालबालिकाको अधिकार सम्बन्धी के कस्ता व्यवस्थाहरू रहेका छन् ?**

**उत्तर नं.** २१ बालबालिकाको हक सम्बन्धी संवैधानिक व्यवस्था अनुसार स्थानीय तहलाई जिम्मेवार बनाउन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा विभिन्न प्रावधानहरू रहेका छन् । यस ऐनमा विशेषत स्थानीय तहमा बालबालिकाको शिक्षा, स्वास्थ्य, संरक्षण, विकास तथा सहभागिताको अधिकार कार्यान्वयनका लागि स्थानीय तहको भूमिकाको विषयमा स्पष्ट व्यवस्था भएका छन् ।

बालबालिकाको हक, हित र अधिकार स्थानीय तहमा कार्यान्वयनमा गर्न स्थानीय तहलाई जिम्मेवार बनाउने उद्देश्यका साथ तर्जुमा गरिएको स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा बालमैत्री शासनसँग सम्बन्धीत प्रशस्त व्यवस्थाहरू रहेका छन् । यस ऐनले स्थानीय तहमा बालमैत्री संरचना, बालमैत्री शासन तथा सेवा प्रवाहका लागि स्थानीय तहको जिम्मेवार स्पष्ट पारेको छ । दफा ८ को उपदफा (१) (ख) (१२) मा सार्वजनिक प्रयोगका स्थल र भवनहरू अपाङ्गतामैत्री तथा भौतिक रूपमा पहुँचयोग्य भएको हुनुपर्ने, (ग) (४) मा शहरी परिवहनको सुविधा तथा अपाङ्गतामैत्री सार्वजनिक सवारी सुविधा भएको हुनुपर्ने, (ट) (३) वातावरणमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपद् जोखिम, अपाङ्गता र लैङ्गिकमैत्री यातायात प्रणालीको स्थानीय तहमा प्रवर्द्धन गर्नुपर्ने व्यवस्था छ ।

दफा ११ (च) (२) मा स्थानीय तथ्याङ्क र अभिलेख सङ्कलन, (३) मा जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ दर्ता र पारिवारिक लगतको अभिलेख तथा पञ्जीकरण व्यवस्थापन गर्ने जिम्मेवारी स्थानीय तहको रहेको छ । दफा १२ उपदफा (२) (ग) (१) बाल उद्यानको व्यवस्था गर्ने, (२) अनौपचारिक शिक्षा कार्यक्रम, शिशु स्याहार तथा प्रारम्भिक बाल विकास केन्द्र सञ्चालन र व्यवस्थापन, (३) पुस्तकालय, वाचनालय, सामुदायिक सिकाइ केन्द्र, बालक्लब तथा बाल सञ्जालको सञ्चालन र व्यवस्थाप गर्ने, (४) खोप सेवा कार्यक्रमको सञ्चालन, व्यवस्थापन तथा समन्वय गर्ने, (६) पोषण कार्यक्रमको सञ्चालन तथा समन्वय गर्ने, (२९) वडालाई बालमैत्री बनाउने, (३०) वडाभित्र आर्थिक तथा सामाजिक रूपमापछि परेका बालबालिकाको अभिलेख राखी सामाजिक र आर्थिक उत्थान सम्बन्धी काम गर्ने, (३२) बाल विवाह, लैङ्गिक हिंसा, छुवाछुत, दहेज तथा दाइजो, हदिया प्रथा, छाउपडी, कमलरी प्रथा, बालश्रम, मानव बेचबिखन जस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्ने, गराउने, (३६) सडक बालबालिकाको उद्धार र पुनर्स्थापना गर्ने, (४०) प्राङ्गारिक कृषि, सुरक्षित मातृत्व, विद्यार्थी भर्ना, पूर्ण खोप, खुला दिशामुक्त सरसफाई, वातावरणमैत्री तथा बालमैत्री शासनजस्ता प्रवर्द्धनात्मक कार्यहरू गर्ने, (ङ) (२) नागरिकता तथा नागरिकताको प्रतिलिपि लिनका लागि सीफारिस गर्ने (७) जन्म मिति प्रमाणित गर्ने जिम्मेवारी गाउँ/नगरपालिकाको वडालाई दिएको छ ।

यसैगरी दफा २४ (२) उपदफा (१) बमोजिम योजना बनाउँदा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकूल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपद् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धीत विषयलाई ध्यान दिनुपर्नेछ ।

**प्रश्न नं. २२ बालश्रम (निषेध र नियमित) ऐन, २०५६ को प्रमुख विशेषता के हो ?**

**उत्तर नं.** २२ कसैले पनि बालबालिकालाई ललाई फकाई वा झुक्याएर वा कुनै प्रलोभनमा वा डर, त्रास वा दवावमा पारी वा अन्य कुनै तरिकाले निजको इच्छा विरुद्ध श्रमिकको रूपमा काममा लगाउन हुँदैन भन्ने प्रावधान यस ऐनमा रहेको छ। यसैगरी यस ऐनमा बालकलाई काममा लगाउँदा दिनमा ६ घण्टा र एक सप्ताहमा ३६ घण्टाभन्दा बढी अतिरिक्त पारिश्रमिक दिई वा नदिई काममा लगाउन नहुने, प्रतिष्ठानले श्रमिकको रूपमा काम गर्ने बालकलाई लिंग, वर्ण, धर्म वा जातजातिको आधारमा भेदभाव नगरी समान कामको लागि समान पारिश्रमिक र सुविधा दिनुपर्ने र व्यवस्थापकले काम गर्ने बालकको स्वास्थ्य र सुविधा सम्बन्धी विशेष व्यवस्था गर्नुपर्ने प्रावधान राखेको छ।

**प्रश्न नं. २३ राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ मा जन्मदर्ता सम्बन्धी के–कस्तो व्यवस्था उल्लेख भएको छ ?**

**उत्तर नं.** २३ राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ मा बालबालिकाको पहिचान तथा जन्मदर्ताको अधिकार सुनिश्चितता सम्बन्धी प्रावधानहरू उल्लेख भएका छन् । यस ऐनमा जन्मदर्ता प्राप्तिका लागि आवश्यक दस्तावेज तथा प्रक्रिया र सरोकारवालाको भूमिका घटना दर्ता सम्बन्धी विशेष व्यवस्थाको बारेमा स्पष्ट व्यवस्था गरिएको छ । यस ऐनको प्रावधानहरूको प्रभावकारी कार्यान्वयनका लागि राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण नियमावली, २०७७ कार्यान्वयनमा रहेको छ।

**प्रश्न नं. २४ राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ बमोजिम जन्मदर्ता गर्न गराउन आवश्यक कागजहरू के के हुन् ?**

**उत्तर नं.** २४ राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ बमोजिम जन्मदर्ता गर्न गराउन आवश्यक कागजहरू निम्न बमोजिम रहेका छन्ः

- आमा बुवाको नागरिकताको प्रतिलिपि, नाबालिग बाबु आमा भएमा बाबु आमाको जन्मदर्ता तथा परिचयपत्रको प्रतिलिपि,
- स्वास्थ्य संस्थामा जन्म भएको भए सो संस्थाको प्रमाण पत्र तथा खोप कार्ड,
- घरमा जन्म भएको खण्डमा खोप कार्ड ।

यदि बुवा वा आमा वेपता भएको वा ठेगाना नभएको भए सो सम्बन्धी अदालतको फैसला, मानव अधिकार आयोगको प्रतिवेदन वा नेपाल प्रहरीको प्रतिवेदन संलग्न गरी संरक्षक, माथवर वा संरक्षक संस्था सुचक भइ जन्मदर्ता गर्न सकिन्छ ।

**प्रश्न नं. २५ नेपालमा बालबालिकासँग सम्बन्धीत अन्य कानूनी व्यवस्थाहरू के के हुन् ?**

**उत्तर नं. २५ः** बालबालिकाको विषय बहुक्षेत्रगत तथा बहुआयामिक भएको हुँदा विषयगत कानूनी तथा नीतिगत व्यवस्थाहरू समेत बालबालिकासँग सम्बन्धीत हुने गर्दछन् । मुलुकी अपराध (संहिता) ऐन, २०७४, श्रम ऐन, २०७४, अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५, वैयक्तिक गोपनीयता सम्बन्धी ऐन, २०७५, जनस्वास्थ्य सेवा ऐन, २०७५, सामाजिक सुरक्षा ऐन, २०७५, सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन, २०७५, अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७४ राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण ऐन, २०७६ लगायतका ऐनहरूमा बालबालिकासँग सम्बन्धीत विषयहरू समावेश गरिएका छन् ।

**प्रश्न नं. २६ नेपालमा बालबालिकासँग सम्बन्धीत नीतिगत व्यवस्थाहरू के के हुन् ?**

**उत्तर नं. २६** बालबालिकासँग सम्बन्धीत नीतिगत व्यवस्थाहरूमा पन्ध्रौं आवधिक योजना (२०७६/७७-२०८०/८१) मा बालबालिका तथा किशोरकिशोरीको विषयलाई एकीकृत रूपमा समावेश गरिएको छ । यसमा बाल अधिकार सुनिश्चित भएको बालमैत्री समाजको परिकल्पना वा सोच लिएको छ भने बालबालिका तथा किशोरकिशोरीलाई सबै प्रकारको हिंसा, दुर्व्यवहार र शोषणबाट मुक्त गराउँदै उनीहरूको हक अधिकार संरक्षण तथा प्रवर्द्धन गरी राष्ट्र निर्माण गर्न सक्ने योग्य र सक्षम नागरिकको रूपमा विकास गर्ने लक्ष्य लिएको छ ।

राष्ट्रिय बालबालिका सम्बन्धी राष्ट्रिय नीति, २०६९, दोस्रो १० वर्षीय बालश्रम निवारण सम्बन्धी राष्ट्रिय गुरुयोजना (२०७५-२०८५), राष्ट्रिय शिक्षा नीति, २०७६, बालविवाह विरुद्धको राष्ट्रिय रणनीति, २०७२, मानव बेचबिखन विशेषगरी महिला तथा बालबालिकाको बेचबिखन तथा ओसारपसार विरुद्धको राष्ट्रिय कार्ययोजना, २०६८, शिक्षा क्षेत्रको योजना (मस्यौदा) (२०७८-८७), विद्यालय क्षेत्र विकास योजना (२०७३/७४-२०७९/८०), राष्ट्रिय विज्ञान, प्रविधि तथा नव-प्रवर्तन नीति, २०७६, शिशु तथा बाल्यकालीन पोषण रणनीति, २०७३, राष्ट्रिय ई-हेल्थ रणनीति, २०७४, राष्ट्रिय स्वास्थ्य नीति, २०७६, बालविकास केन्द्रको सञ्चालनमा लागत सहभागिता सम्बन्धी राष्ट्रिय प्रारूप, २०७७ लगायतका दस्तावेजहरू कार्यान्वयनमा रहेका छन् ।

यस बाहेक विषयगत मन्त्रालयहरूबाट जारी गरिएका विभिन्न निर्देशिकाहरू बालबालिकाका विषयहरूसँग पनि सम्बन्धीत रहेका छन् । बालमैत्री सञ्चार निर्देशिका, २०७३, बालमैत्री

स्थानीय शासनः कार्यान्वयन निर्देशिका, २०७८, बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि, २०७९ बालबालिकाको सङ्गठन निर्माण र सहजीकरण मार्गदर्शन, २०७४, अनलाईन बाल सुरक्षा निर्देशिका, २०७६, विद्यार्थी सिकाइ सहजीकरण निर्देशिका, २०७७, कोभिड-१९ महामारीको समयमा एकद्वार सङ्कट व्यवस्थापन केन्द्र सञ्चालन सम्बन्धी अन्तरिम निर्देशिका, २०७७, अस्पतालमा आधारित एकद्वार संकट व्यवस्थापन केन्द्र स्थापना तथा सञ्चालन निर्देशिका, २०७७ बाल संरक्षण आर्थिक राहत सहयोग कार्यविधि, २०७६, बाल हेल्पलाईन नम्बर १०९८ नेपाल सञ्चालन कार्यविधि, २०७६, बालबालिका खोजतलास नम्बर १०४ सञ्चालन निर्देशिका, २०७६, सडक बालबालिका उद्धार, संरक्षण तथा व्यवस्थापन सम्बन्धी एकीकृत कार्यविधि, २०७६ लगायत विभिन्न कार्यविधिहरू र मापदण्डहरू कार्यान्वयनमा छन् ।

**प्रश्न नं. २७ स्थानीय तह संस्थागत क्षमता स्वमूल्याक्तन कार्यविधि, २०७७ मा बालबालिका सम्बन्धी के कस्ता व्यवस्था उल्लेख भएका छन् ?**

**उत्तर नं.** २७ स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याङ्कनका १० वटा विषयक्षेत्रहरू तथा १०० वटा सूचकहरू मध्ये ३ वटा सूचक बालबालिकासँग सम्बन्धीत रहेका छन् । सूचक ५.ङ शिक्षामा सबै बालबालिका पहुँच, ७.२.१ बालमैत्री तथा अपाङ्गमैत्री पूर्वाधार, ८.२.३ बालमश्रम, बाल विवाह, बहुविवाह, दाइजो/दहेज, बोक्सी, छाउपडी जस्ता प्रथासँग सम्बन्धीत कार्यहरू स्पष्टरूपमा बालबालिकासँग सम्बन्धीत बुँदा भएता पनि अन्य अन्तरसम्बन्धीत विषयहरू पनि समावेश गरिएको छ । अझै बालबालिका सम्बन्धी ऐनका व्यवस्थालाई पनि यस कार्यविधिको सूचकमा थप गर्न सकिएको खण्डमा बालमैत्री शासन प्रवर्द्धन गर्न थप प्रभावकारी बन्न सक्ने देखिन्छ ।

**प्रश्न नं. २८ बालश्रममुक्त स्थानीय तह घोषणा कार्यविधि, २०७७ मा भएका मुलभूत विशेषता के के हुन्?**

**उत्तर नं.** २८ नेपाल सरकारको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा गरिएका प्रतिवद्धताको कार्यान्वयन तथा संविधानका व्यवस्था अनुरूप नेपाल सरकारले २०७७ सालमा बालश्रममुक्त स्थानीय तह घोषणा कार्यविधि, २०७७ निर्माण गरी हाल लागू गरिराखेको छ । सबै स्थानीय तहबाट बालश्रमको अन्त्य गरी बालश्रममुक्त देश निर्माण गर्ने अभियानको रूपमा यस कार्यविधिले काम गरिराखेको छ । यस कार्यविधि निर्माण भई कार्यान्वयनका लागि स्थानीय तहमा पठाईएको

अवस्था र नेपाल सरकारले यस आर्थिक वर्षमा २५ वटा स्थानीय तहलाई प्राथमिकतामा राखी बालश्रममुक्त स्थानीय तह घोषणा गर्ने कामको सुरुवात गरेको भएता पनि हालसम्म रोल्पा जिल्लाको त्रिवेणी गाउँपालिका मात्र बाल श्रममुक्त स्थानीय तह घोषणा भएको अवस्था रहेको छ । बालमैत्री शासन प्रवर्धनको एउटा महत्वपूर्ण चुनौति बालश्रम भएको हुँदा बालश्रम निवारणको दिशातर्फ तीनै तहको ध्यान जान जरुरी देखिएको छ ।

**प्रश्न नं. २९ नेपालको कानूनले स्थानीय तहमा बाल अधिकार संरक्षण तथा कार्यान्वयन गर्न कस्ता कस्ता भूमिकाहरूलाई दायित्वको रूपमा उल्लेख गरेको छ ?**

**उत्तर नं.** २९ नेपालको कानूनले स्थानीय तहमा बाल अधिकार संरक्षण तथा कार्यान्वयन गर्न निम्न भूमिकाहरूलाई दायित्वको रूपमा उल्लेख गरेको छ :

- संघ तथा प्रदेश कानून बमोजिम बालबालिकाको लागि प्रवाह गरिनुपर्ने प्रशासनिक तथा विकास र सामाजिक सुरक्षाका सेवाहरू प्रदान गर्ने ।
- स्थानीय तहमा बाल अधिकार संरक्षण तथा संवर्द्धन सम्बन्धी कानूनी व्यवस्था निर्माण गरी लागू गर्ने । यसका लागि नमुना कानून उपलब्ध छ ।
- स्थानीय तहमा स्थानीय कानून बमोजिम बाल अधिकार समिति गठन तथा परिचालन गर्ने ।
- स्थानीय तहमा स्थानीय कानून बमोजिम बाल कोषको स्थापना र प्रयोग गर्ने ।
- स्थानीय तहमा बाल कल्याण अधिकारीको नियुक्ति । नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकामा अधिकृत छैटौं तथा गाउँपालिकामा पाँचौ स्तरको बाल कल्याण अधिकारीको व्यवस्था गरिनुपर्ने ।
- बालबालिका सम्बन्धी नियमावली, २०७८ मा उल्लेखित योग्यता पुगेका व्यक्तिहरूलाई समाज सेवीको रूपमा सूचीकरण र परिचालन गर्ने ।
- बालबालिका सम्बन्धी नियमावली, २०७८ मा उल्लेखित योग्यता पुगेका व्यक्तिहरूलाई बाल मनोविज्ञको रूपमा सूचीकरण र परिचालन गर्ने ।

- बालबालिका सम्बन्धी नियमावली, २०७८ तथा स्थानीय कानून बमोजिम बाल क्लब दर्ता गर्ने, प्रमाणपत्र दिने ।
- राष्ट्रिय पञ्जिकरण ऐन, २०७६ तथा नियमावली अनुसार बालबालिकाको जन्मदर्ता गरिदिने ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय वडामा तहमा बालमैत्री शासन, बाल उद्यान तथा बाल संरक्षणका कार्यक्रमहरू लागू गर्ने ।

## पाँचौ सत्र
## नेपालमा बाल अधिकार तथा बाल संरक्षण संयन्त्र तथा प्रणाली

**उद्देश्यः** सहभागीहरूलाई बाल अधिकार तथा बाल संरक्षण संयन्त्र र प्रणालीहरूका बारेमा परिचित गराउनु

**समयः** ९० मिनेट (१५ मिनेट सत्रको परिचय, ४५ मिनेट सामुहिक कार्य ग्यालरी वाक र ३० मिनेट संक्षेपीकरण)

**अपेक्षित उपलब्धिः**

- सहभागीहरू संघ, प्रदेश तथा स्थानीय तहमा बाल अधिकार संयन्त्र तथा प्रणालीको बारेमा जानकार हुनेछन्,
- सहभागीहरू स्थानीय तहमा बाल अधिकार सम्बन्धी संयन्त्र तथा प्रणालीलाई कसरी सुदृढ बनाउन सकिन्छ भन्नेमा स्पष्ट हुनेछन् ।

**मुख्य विषयवस्तुः**

- संघीय तहका बाल अधिकार तथा बाल संरक्षण संयन्त्रहरू,
- प्रदेश तहका बाल अधिकार तथा बाल संरक्षण संयन्त्रहरू ,
- स्थानीय तहका बाल अधिकार तथा बाल संरक्षण संयन्त्रहरू ।

**विधिः**

- स्थान पहिचान खेल वा ग्यालरी वाक,
- प्रस्तुतिकरण ।

**आवश्यक तालीम सामग्रीः**

- संघीय, प्रदेश तथा स्थानीय तहका बाल अधिकार सम्बन्धी संयन्त्र तथा प्रणाली सहितको छुट्टाछुट्टै मेटाकार्ड,
- न्यूज प्रिन्ट, फ्लिप चार्ट, मार्कर ।

**प्रक्रिया/क्रियाकलापः**

स्थान पहिचान, छलफल तथा प्रस्तुतिकरण (६० मिनेट)

- सहभागीहरूलाई बाल अधिकार तथा बाल संरक्षण प्रणाली तथा संयन्त्र तथा यसका अवयवहरूको बारेमा अवधारणागत रूपमा स्पष्ट पार्ने,
- सहभागीहरूलाई स्थान पहिचान, छलफल तथा प्रस्तुतिकरणको बारेमा जानकारी गराउने,

- तालीम कक्षको भित्तामा संघीय, प्रदेश तथा स्थानीय तहमा बाल अधिकार सम्बन्धी संयन्त्र तथा प्रणाली लेखिएको छुट्टाछुट्टै न्यूज प्रिन्ट पेपर टाँस्ने,
- सहभागीहरूलाई संघीय, प्रदेश तथा स्थानीय तहमा बाल अधिकार सम्बन्धी संयन्त्र तथा प्रणाली लेखिएको मेटाकार्ड निकाली मेटाकार्डमा लेखिएको संयन्त्र तथा प्रणाली अनुसार संघ, प्रदेश तथा स्थानीय तहमध्ये कुन तहको हो सोही ठाउँमा टाँस्न लगाउने,
- सबै मेटाकार्ड तह अनुसार टाँसीसके पछि सहभागीहरूलाई ग्यालरी भिजिट गर्न लगाउने र केही छुटेको छ भने थप गर्न लगाउने,
- छलफल भए अनुसारका विषयहरूलाई समेत समेटेर संघ, प्रदेश तथा स्थानीय तहमा बाल अधिकार सम्बन्धी संयन्त्र तथा प्रणाली सम्बन्धी संक्षेपीकरण सहितको प्रस्तुतिकरण गर्ने (३० मिनेट) ।

**निष्कर्ष:**

यस सत्रले सहभागीहरूलाई बाल अधिकार सम्बन्धी संघ, प्रदेश तथा स्थानीय तहका संयन्त्र र प्रणालीको विषयमा जानकारी गराउनुका साथै स्थानीय तहका संयन्त्र तथा प्रणालीको सुदृढीकरणका लागि स्थानीय पदाधिकारीको भूमिकाको विषयमा बताउन सक्षम बनाउने छ भने खुला छलफलमा सहभागी भै सहभागीहरूले आफ्ना धारणा तथा अनुभव बताउन सक्नेछन् ।

**मूल्याङ्कन**

यस सत्रमा हामीले के के छलफल गऱ्यौं ? भनी सहभागीहरूसँग प्रश्न गर्नुहोस् । यसको लागि सहभागीहरूसँग देहायका प्रश्नहरू गर्न सकिन्छ :

- बाल अधिकार तथा बाल संरक्षण प्रणाली र संयन्त्र भनेको के हो ?
- संघीय तहमा बाल अधिकार तथा बाल संरक्षण प्रणाली र संयन्त्रहरू के के हुन्?
- प्रदेश तहमा बाल अधिकार तथा बाल संरक्षण प्रणाली र संयन्त्रहरू के के हुन्?
- स्थानीय तहमा बाल अधिकार तथा बाल संरक्षण प्रणाली र संयन्त्रहरू के के हुन्?

सहभागीबाट आएका जवाफहरूको आधारमा समान बुझाइ कायम गर्न सहयोग गर्नुहोस् ।

## अध्ययन सामग्री

## नेपालमा बाल अधिकार प्रणाली तथा बाल संरक्षण प्रणाली

### क. नेपालमा बाल अधिकार प्रणाली

### १. बाल अधिकार प्रणाल भन्नाले के बुझिन्छ ?

प्रणाली भन्नाले तत्वहरू बीचको कार्यात्मक अन्तरसम्बन्ध भन्ने बुझिन्छ । बाल अधिकारलाई प्रणालीको रूपमा स्वीकार गर्ने अवधारणा नै बाल अधिकार प्रणाली हो, जसले बालबालिकाको हक, हित र अधिकारको सम्मान, संरक्षण तथा परिपूर्तिका लागि आवश्यक *कानूनी तथा नीतिगत व्यवस्था, संस्थागत संयन्त्र निर्माण र सेवा प्रवाह लगायत*को एकीकृत र समन्वयात्मक स्वरूपलाई जनाउँदछ ।

### २. बाल अधिकार प्रणालीका अवयवहरू के के हुन् ?

**बाल अधिकार प्रणालीका अवयवहरू निम्न बमोजिम रहेका छन्**

- क. **कानूनी तथा नीतिगत व्यवस्था** : नेपाल सरकारले संयुक्त राष्ट्र संघ, अन्तर्राष्ट्रिय र क्षेत्रीय (सार्क) लगायतका बालबालिकासँग सम्बन्धीत घोषणाहरूमा दर्शाएका प्रतिवद्धता अनुसारबालबालिकाको हक, हित र अधिकारको संरक्षण तथा सम्बर्द्धनका लागि संवैधानिक, कानूनी, नीतिगत, संरचनागत व्यवस्था
- ख. **संयन्त्र (संघीय, प्रदेश तथा स्थानीय)**: बालबालिकाको हक, हित र अधिकारको संरक्षण तथा संवर्द्धनका लागि तर्जुमा भएका कानूनी तथा नीतिगत व्यवस्था बमोजिमका संरचना तथा संयन्त्रहरू
- ग. **आर्थिक तथा मानवीय स्रोत व्यवस्थापनः बालबालिकाको हक हित र अधिकारको संरक्षण तथा व्यवस्थापनका लागि स्थापित संरचना तथा संयन्त्रलाई बलियो कार्यादेश, आर्थिक तथा मानवीय स्रोत व्यवस्थापन, क्षमता अभिवृद्धि**
- घ. **सेवा प्रवाह (शिक्षा, स्वास्थ्य, संरक्षण तथा सहभागिता)** : बालबालिकाको सुरक्षित जन्म, नाम, पहिचान तथा राष्ट्रियता, शिक्षा, स्वास्थ्य, खोप, पोषण, सुरक्षित वातावरण, भेदभाव, हिंसा तथा दुर्व्यवहारबाट संरक्षण, सर्वागीण विकास तथा सहभागिताका लागि सेवा प्रवाह

३. **नेपालमा बाल अधिकार प्रणाली कसरी सुदृढ गर्ने ?**

१. बाल अधिकारका नीतिगत र कानूनी व्यवस्थाहरूको तीनै तहमा प्रभावकारी कार्यान्वयन गर्ने ।

२. संघीय स्तरमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयलाई संघीय स्तरका मन्त्रालय र निकायहरूसँग समन्वय गर्ने कार्यमा सवलीकरण गर्ने ।

३. बालबालिकाको हक, हित र अधिकारको संरक्षण तथा संवर्द्धनका लागि संघीय स्तरमा राष्ट्रिय बाल अधिकार परिषद्लाई सक्षम, सबल र नेतृत्वदायी बनाउने ।

४. बाल हेल्पलाईन सेवा १०९८ तथा बालबालिका खोजतलास सेवा, १०४ को विस्तार र सवलीकरण गर्ने ।

५. प्रत्येक प्रदेश र स्थानीय तहमा बालबालिका सम्बन्धी ऐनको तर्जुमा तथा प्रदेश र स्थानीय तहमा बाल अधिकार समितिको गठन, परिचालन र क्रियाशील बनाउने ।

६. बाल कल्याण अधिकारीको नियुक्ति, समाजसेवी तथा बालमनोविज्ञको सूचीकरण गर्ने ।

७. संघ, प्रदेश तथा स्थानीय तहमा बालकोषको स्थापना गर्ने ।

८. प्रत्येक जिल्ला अदालतमा प्रोवेशन अधिकारीको नियुक्ति गर्ने ।

९. प्रत्येक जिल्लामा बालमैत्री निगरानी कक्षको स्थापना र सञ्चालन गर्ने ।

१०. तीनै तहमा योजना तर्जुमा तथा नीति निर्माणमा अर्थपूर्ण बाल सहभागिता सुनिश्चित गर्ने ।

११. बालमैत्री स्थानीय शासन तथा बालमैत्री वातावरणको प्रवर्धन गर्ने ।

१२. बालबालिका सम्बन्धी बजेट कोडको व्यवस्था गर्ने ।

१३. बाल अधिकारको संरक्षण तथा संवर्द्धनका लागि जिम्मेवार तथा सरोकारवाला निकायमा कार्यरत कर्मचारीहरूको क्षमता विकास, आर्थिक तथा मानविय स्रोतको सुनिश्चितता, पूर्वाधार तयारी गर्ने ।

१४. बाल सङ्गठनको सुदृढीकरण गर्ने ।

१५. बाल सुधार गृहको सवलीकरण गर्ने ।

## नेपालमा बाल संरक्षण सयन्त्र

**बाल संरक्षण प्रणाली भन्नाले के बुझिन्छ ?**

बालबालिका विरूद्ध हुने सबै किसिमका विभेद, हिंसा, दुर्व्यवहारको अन्त्यका लागि कानूनी तथा नीतिगत व्यवस्था संरचना निर्माण, आर्थिक तथा मानवीय स्रोत व्यवस्थापन, सेवा प्रवाह, पीडित बालबालिकाका लागि आवश्यक सेवामा पहुँच सुनिश्चितता नै बाल संरक्षण प्रणाली हो ।

**बाल संरक्षण संयन्त्रका अवयवहरू के के हुन् ?**

१. बालबालिका सम्बन्धी नीतिगत व्यवस्था र यसले सिर्जना गर्ने प्राथमिकता, कार्यादेश

२. आर्थिक तथा मानवीय स्रोत, भौतिक पूर्वाधार र क्षमता विकास

३. सेवा र सेवा प्रवाहका संयन्त्रहरू एवम् सेवा प्रवाह तथा कार्यक्रम सञ्चालन

४. सहयोग, समन्वय तथा सहकार्य

५. जवाफदेहिता तथा उत्तरदायित्व ।

**नेपालमा बाल संरक्षण संयन्त्रहरू के के हुन् ?**

- हराएका, बेवारिस फेलापरेका, बेचविखन तथा ओसारपसारमा परेका, अपहरणमा परेका, सडकमा आश्रित तथा जोखिमपूर्ण कार्यमा संलग्न रहेका बालबालिकाको उद्धार तथा संरक्षण व्यवस्थापनका लागि बालबालिका खोजतलास सेवा (निःशुल्क टेलिफोन नं १०४)
- हिंसा, दुर्व्यवहारमा परेका तथा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको उद्धार, संरक्षण तथा व्यवस्थापनका लागि विभिन्न गैर सरकारी संस्थाहरूसँगको सहकार्यमा बाल हेल्पलाईन सेवा (१०९८)
- विशेष संरक्षणको आवश्यकता भएका बालबालिका तथा हिंसा, दुर्व्यवहारमा परेका बालबालिकाको उद्धार पछिको पारिवारिक पुनर्मिलन तथा पुनःस्थापना नहुञ्जेलसम्मका लागि अस्थायी संरक्षण सेवा प्रदान गर्न अस्थायी संरक्षण सेवा केन्द्र
- हिंसा तथा दुर्व्यवहारमा परेका बालबालिकाको संरक्षण तथा पुनःस्थापनाका लागि प्रहरी इकाईहरूमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र
- बालबालिका विरुद्धको कसूरबाट पीडित बालबालिकालाई शारीरिक वा मानसिक उपचार

गराउन वा सामाजिक रूपमा पुनःस्थापना गराउनका लागि पुनःस्थापना केन्द्र

- विशेष संरक्षणको आवश्यकता भएका बालबालिका मध्ये वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकाको संरक्षण गर्ने प्रयोजनका लागि बालगृह
- कानूनको विवादमा परेका बालबालिकाको सुधार र पुनःस्थापना नभएसम्म बालबालिका राख्ने प्रयोजनका लागि बाल सुधार गृह
- लैङ्गिक हिंसाबाट पीडित महिला तथा बालिकाको तत्काल उद्धार, संरक्षण तथा व्यवस्थापनका लागि अस्पतालमा आधारित एकद्वार संकट व्यवस्थापन केन्द्र

१. **सरकारका तीनै तहमा भएका सस्थागत सयन्त्र**

***क. संघीय स्तरमा* बालबालिकाका विषयहरू सम्बोधनका लागि के कस्ता संस्थागत संयन्त्रहरू निर्माण भएका छन् ?**

- **मन्त्रालयहरूः** अर्थ, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक, शिक्षा, विज्ञान तथा प्रविधि, स्वास्थ्य तथा जनसंख्या, श्रम, रोजगार तथा सामाजिक सुरक्षा, संघीय मामिला तथा सामान्य प्रशासन, गृह, भौतिक पूर्वाधार तथा यातायात, कृषि, आपुर्ति, उद्योग तथा बाणिज्य, आदि ।
- **आयोगहरूः** राष्ट्रिय योजना आयोग, राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, समावेशी आयोग, मधेशी आयोग, मुस्लिम आयोग, आदिवासी जनजाति आयोग, आदि ।
- **राष्ट्रिय बाल अधिकार परिषद्ः** बालबालिका सम्बन्धी ऐन, २०७५ मा भएको व्यवस्था बमोजिम बालबालिकाको विषय सम्बोधन गर्नका लागि विशिष्टीकृत निकायको रूपमा गठन भई सञ्चालनमा रहेको ।
- **विभागहरूः** स्वास्थ्य सेवा विभाग, शिक्षा विभाग, महिला तथा बालबालिका विभाग, कृषि विभाग, उद्योग विभाग, श्रम विभाग, यातायात विभाग, कारागार विभाग, आदि ।
- समाज कल्याण परिषद् ।
- महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा निर्देशनालय, प्रहरी प्रधान कार्यालय ।
- संघीय अस्पतालहरू । शैक्षिक संस्थाहरू ।
- बालबालिका खोजतलास समन्वय केन्द्र (निःशुल्क टेलिफोन नं. १०४)
- बाल हेल्पलाईन (निःशुल्क टेलिफोन नं. १०९८)

*ख. प्रदेश स्तरमा बालबालिकाका विषयहरू सम्बोधनका लागि स्थापित संयन्त्रहरू*

- प्रदेश सामाजिक विकास मन्त्रालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय र अन्य मन्त्रालयहरू
- प्रदेश बाल अधिकार समिति, अन्य सम्बद्ध समितिहरू
- प्रदेश अस्पतालहरू
- शैक्षिक संस्थाहरू
- प्रदेश प्रहरी कार्यालय
- बालबालिका खोजतलास समन्वय केन्द्र (निःशुल्क टेलिफोन नं. १०४)
- बाल हेल्पलाईन (निःशुल्क टेलिफोन नं. १०४)

*ग. जिल्ला स्तरमा बालबालिकाका विषयहरू सम्बोधनका लागि स्थापित संयन्त्रहरू*

- जिल्ला समन्वय समिति
- जिल्ला बालन्याय समिति
- जिल्ला प्रशासन कार्यालय
- जिल्ला प्रहरी कार्यालय
- जिल्ला स्तरीय कार्यालयहरू
- जिल्ला जनस्वास्थ्य कार्यालय
- एकद्धार संकट व्यवस्थापन केन्द्र (OCMC)
- महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द (१०४, नेपाल प्रहरी ।
- बाल हेल्पलाईन (निःशुल्क टेलिफोन नं. १०९८) - सहकार्य गैरसरकारी संस्थाहरूसँग ।

*घ. स्थानीय स्तरमा बालबालिकाका विषयहरू सम्बोधनका लागि स्थापित संयन्त्रहरू*

- महानगर पालिका, उपमहानगर पालिका, नगरपालिका, गाऊँपालिका ।
- स्थानीय बाल अधिकार समिति, वडा बाल अधिकार समिति
- न्यायिक समिति
- स्वास्थ्य समिति, स्वास्थ्य संस्थाहरू
- विद्यालय व्यवस्थापन समिति, विद्यालयहरू
- बालमैत्री स्थानीय शासन समिति
- मानव बेचबिखन विरुद्धको स्थानीय समिति

## छैटौं सत्र
## बाल कल्याण अधिकारी तथा बाल अधिकार समितिको भूमिका

**उद्देश्य**: स्थानीय तहमा बाल अधिकारको संरक्षण, संवर्द्धन तथा प्रवर्धनका लागि बाल अधिकार समिति र बाल कल्याण अधिकारीको जिम्मेवारी, भूमिका र व्यवहारिक अभ्यासबारे जानकारी गराउनु ।

**समय**: १२० मिनेट (९० मिनेट व्यक्तिगत लेखन, छलफल तथा प्रस्तुतिकरण र ३० मिनेट संक्षेपीकरण)

**अपेक्षित उपलब्धि**:

- सहभागीहरू स्थानीय तहमा बाल अधिकारको संरक्षण तथा संवर्द्धनका लागि स्थानीय बाल अधिकार समितिको जिम्मेवारी, भूमिका र व्यवहारिक अभ्यासबारे जानकार हुनेछन्
- सहभागीहरू स्थानीय तहमा बाल अधिकारको संरक्षण तथा संवर्द्धनका लागि बाल कल्याण अधिकारीको जिम्मेवारी, भूमिका र व्यवहारिक अभ्यासबारे जानकार हुनेछन्

**मुख्य विषयवस्तु**:

- बाल अधिकार समितिको काम, कर्तव्य र अधिकार तथा आवश्यक ज्ञान ।
- बाल कल्याण अधिकारीको काम कर्तव्य र अधिकार तथा आवश्यक ज्ञान, सीप र दक्षता ।

**विधि**:

- व्यक्तिगत लेखन तथा समीक्षा र खुला छलफल
- प्रस्तुतिकरण

**आवश्यक तालीम सामग्री**:

- बालबालिका सम्बन्धी विद्यमान कानूनी व्यवस्था बमोजिम स्थानीय बाल अधिकार समिति र बाल कल्याण अधिकारीको भूमिका, आवश्यक ज्ञान, सीपसहितको मेटाकार्ड
- न्यूज प्रिन्ट, फ्लिप चार्ट, मार्कर

**प्रक्रिया/क्रियाकलापः**

व्यक्तिगत लेखन, छलफल तथा प्रस्तुतिकरण (९० मिनेट)

- सहभागीहरूलाई स्थानीय बाल अधिकार समिति र बाल कल्याण अधिकारीको बारेमा अवधारणा स्पष्ट पार्ने -२० मिनेट
- सहभागीहरूलाई स्थानीय बाल अधिकार समिति र बाल कल्याण अधिकारीको जिम्मेवारी र भूमिका के के हुन सक्छ सो बारेमा व्यक्तिगत रूपमा मेटाकार्डमा लेख्न लगाउने ५ मिनेट
- त्यसैगरी आफ्नो अनुभवका आधारमा बाल कल्याण अधिकारीले के के गरिरहनु भएको छ र बाल कल्याण अधिकारीलाई आवश्यक ज्ञान, सीपको बारेमा समेत लेख्न लगाउने ५ मिनेट
- सहभागी सबैले मेटाकार्डमा लेखी सक्नु भएपछि क्रमशः वाचन गर्न लगाउने र कुनै सहभागीले केही थप्नु छ भने सो थप्नका लागि सहजीकरण गर्ने ६० मिनेट
- छलफल भए अनुसारका विषयहरूलाई समेत समेटेर स्थानीय तहमा बाल अधिकारको व्यवहारिक कार्यान्वयन, संरक्षण तथा संवर्द्धनका लागि स्थानीय बाल अधिकार समिति र बाल कल्याण अधिकारीको जिम्मेवारी, भूमिका र आवश्यक ज्ञान, सीपको बारेमा संक्षेपीकरण सहितको प्रस्तुतिकरण गर्ने ३० मिनेट

**निष्कर्षः**

यस सत्रले सहभागीहरूलाई स्थानीय तहमा बाल अधिकारको संरक्षण तथा संवर्द्धनका लागि स्थानीय बाल अधिकार समिति र बाल कल्याण अधिकारीको भूमिका, जिम्मेवारी तथा आवश्यक व्यवहारिक ज्ञान, सीपको बारेमा स्पष्ट हुन सक्षम बनाउने छ भने खुला छलफलमा सहभागी भै सहभागीहरूले आफ्ना धारणा तथा अनुभव बताउन सक्नेछन् ।

**मूल्याङ्कन**

यस सत्रमा हामीले के के छलफल गऱ्यौं ? भनी सहभागीहरूसँग प्रश्न गर्नुहोस् । यसको लागि सहभागीहरूसँग देहायका प्रश्नहरू गर्न सकिन्छ :

- स्थानीय बाल अधिकार समिति र बाल कल्याण अधिकारी भनेको के हो ?
- स्थानीय तहमा बाल अधिकार समिति तथा बाल कल्याण अधिकारीको भूमिका के के हुन् ?
- बाल कल्याण अधिकारीको लागि आवश्यक ज्ञान, सीप के के हुन् ?

सहभागीबाट आएका जवाफहरूको आधारमा समान बुझाइ कायम गर्न सहयोग गर्नुहोस् ।

**अध्ययन सामग्री**

## स्थानीय तहमा बाल अधिकार संरक्षण तथा संवर्द्धनका लागि स्थानीय बाल अधिकार समिति र बाल कल्याण अधिकारीको भूमिका

**स्थानीय बाल अधिकार समिति भनेको के हो ?**

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६० को उपदफा (२) बमोजिम स्थानीय तहमा बालबालिकाको हक, हित र अधिकारको संरक्षण तथा संवर्द्धनका लागि गठित समिति नै स्थानीय बाल अधिकार समिति हो ।

**बाल कल्याण अधिकारी भनेको को हो ?**

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६१ बमोजिम बालबालिकाको अधिकारको सम्मान, संरक्षण र संवर्द्धन गर्न तथा बाल संरक्षण कार्य समेत गर्नका लागि प्रत्येक स्थानीय तहमा नियुक्त हुने पदाधिकारी बाल कल्याण अधिकारी हो ।

**स्थानीय बाल अधिकार समिति र बाल कल्याण अधिकारीको प्रमुख कार्यहरू के के हुन् ?**

स्थानीय तहमा बाल अधिकारको सरक्षण तथा संवर्द्धनका लागि स्थानीय बाल अधिकार समिति र बाल कल्याण अधिकारीको प्रमुख कार्यहरू निम्न बमोजिम रहेका छन्ः

- नीतिगत कार्यहरू,
- बालसंरक्षण सहयोग, समन्वय तथा सहजीकरण,
- सूचना व्यवस्थापन र अभिलेखीकरण,
- अनुगमन, मूल्याङ्कन र प्रतिवेदन,
- कार्यक्रम कार्यान्वयन तथा क्षमता अभिवृद्धि ।

**स्थानीय बाल अधिकार समितिको नीतिगत कार्यहरू के के हुन् ?**

- समितिको दीर्घकालीन नीति, योजना र वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने
- बालबालिकाको अधिकारको सम्मान, संरक्षण, प्रवर्धन र परिपूर्तिको लागि आवश्यक स्थानीय नीति, कानून, योजना, कार्यक्रम र संस्थागत संयन्त्रको व्यवस्था गर्न स्थानीय तहलाई सुझाव दिने,

- आफ्नो पालिकाभित्रका वडा, विद्यालय, संरचनालाई बालमैत्री बनाउन आवश्यक मापदण्ड तर्जुमा गर्ने गराउने,
- बालमैत्री स्थानीय शासनको अवलम्बनका साथै बालमैत्री वडा तथा पालिका घोषणाको नेतृत्व लिने,
- नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको स्वीकृत योजना, वार्षिक नीति तथा कार्यक्रम अनुकूल प्राथमिकता निर्धारण गरी बाल संरक्षण तथा बाल अधिकार प्रवर्धनका लागि विशेष राष्ट्रिय अभियान सञ्चालनमा सहयोग गर्ने,

**स्थानीय बाल अधिकार समितिको सहयोग समन्वय तथा सहजीकरण सम्बन्धी कार्यहरू के के हुन् ?**

- स्थानीय तहभित्र हुन सक्ने बालविवाह, बालश्रम, शारीरिक तथा मानसिक पीडा तथा बाल यौन दुर्व्यवहार जस्ता सबै प्रकारका बाल हिंसाको रोकथाम, निषेध र नियन्त्रण तथा सडक बालबालिकाको उद्धार, पुनःस्थापना, संरक्षण र व्यवस्थापनमा समन्वय, सहयोग र सहजीकरण गर्ने,
- समितिको सचिवालय, जनशक्ति र आर्थिक स्रोत साधनको व्यवस्था मिलाउने, परिचालन गर्ने, तालीम दिन तथा क्षमता अभिवृद्धि गर्न समन्वय र सहयोग गर्ने,
- स्थानीय तहमा बालबालिका खोजतलास नं. १०४ तथा बाल हेल्पलाईन नं. १०९८ (दश,नौ, आठ) नेपाल सञ्चालन सेवा अभिवृद्धिमा समन्वय, सहयोग र सहजीकरण गर्ने,
- धर्मपुत्र धर्मपुत्री लिन दिन चाहने दम्पत्ति तथा व्यक्तिलाई समितिमा सूचिकृत गरी आन्तरिक धर्मपुत्र धर्मपुत्री लिने दिने व्यवस्थालाई सहजीकरण गर्ने,
- विशेष संरक्षणको आवश्यकता भएका तथा अनाथ बालबालिकालाई धर्मपुत्र धर्मपुत्री लिन दिन, संरक्षक र माथवर नियुक्त गर्न स्थानीय तह र अदालतलाई सहयोग गर्ने,
- पालिकाभित्र हुन सक्ने बाढी, पहिरो, हुरी बतास, शीत लहर र आगो जस्तो प्राकृतिक प्रकोप, मानवबाट सिर्जित संकट तथा कोरोना र इन्फ्लूञ्जा जस्तो महामारीबाट बालबालिकाको तत्काल आकस्मिक उद्धार, संरक्षण तथा व्यवस्थापनमा सहयोग गर्ने,
- वैकल्पिक हेरचाहको व्यवस्था गर्दा बालबालिकाको जन्मदर्ता नभएको भएमा निजको जन्मदर्ता गर्ने व्यवस्थाका लागि सहयोग गर्ने ।

**स्थानीय बाल अधिकार समितिको सूचना व्यवस्थापन र अभिलेखीकरण सम्बन्धी कार्यहरू के के हुन् ?**

- बालबालिका सम्बन्धी स्थानीय वार्षिक प्रतिवेदन तयारी र प्रकाशन
- बालबालिका सम्बन्धी खण्डिकृत तथ्याङ्क विवरण संकलन, अभिलेखीकरण तथा सूचना प्रणालीको विकास, सञ्चालन, व्यवस्थापन र सुदृढीकरणमा सहयोग गर्ने,

**स्थानीय बाल अधिकार समितिको अनुगमन तथा मूल्याङ्कन सम्बन्धी कार्यहरू के के हुन् ?**

- स्थानीय तहद्वारा सञ्चालित बालबालिका सम्बन्धी कार्यक्रमको अनुगमन, मूल्याङ्कन तथा समीक्षा गरी सुझाव दिने,
- ऐन, प्रचलित कानून तथा मापदण्ड बमोजिम सञ्चालन हुन नसकेका बाल गृह, बाल सुधार गृह, अस्थायी संरक्षण सेवा केन्द्र, पुनःस्थापना केन्द्र तथा सामाजिकीकरण केन्द्र बन्द तथा कारबाही गर्न सुझाव तथा प्रतिवेदन सहित मन्त्रालयमा सीफारिस गर्ने,

**स्थानीय बाल अधिकार समितिको कार्यक्रम कार्यान्वयन तथा क्षमता अभिवृद्धि सम्बन्धी कार्यहरू के के हुन् ?**

- बाल अधिकार संरक्षण तथा प्रवर्द्धन गर्ने सम्बन्धमा सरोकारवालाको क्षमता अभिवृद्धि गर्ने गराउने,
- स्थानीय तह मार्फत नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिई बाल संरक्षण तथा बाल अधिकार प्रवर्धनका लागि द्विपक्षीय तथा बहुपक्षीय विकास साझेदार एवम् अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त सहायताबाट आवश्यकतानुसार कार्यक्रम सञ्चालन गर्ने,

**बाल कल्याण अधिकारीको संरक्षण सहयोग, समन्वय तथा सहजीकरण सम्बन्धी कार्यहरू के के हुन् ?**

- स्थानीय बाल अधिकार समितिको निर्णय कार्यान्वयन गर्ने ।
- विशेष संरक्षणको आवश्यकता भएका, वैकल्पिक हेरचाहको आवश्यकता भएका तथा कसूरबाट पीडित बालबालिकाको तत्काल उद्धार, मनोसामाजिक परामर्श, उपचार, अस्थायी संरक्षण, आमाबाबुलाई पारिवारिक सहयोग, पारिवारिक पुनर्मिलन

तथा वैकल्पिक स्याहार लगायतका कार्य गर्न कार्ययोजना तयार गरी स्थानीय बाल अधिकार समिति समक्ष स्वीकृतिका लागि पेश गर्ने र स्वीकृत कार्ययोजना कार्यान्वयन गर्ने ।

- बालबालिका विरूद्धको कसूरको अनुसन्धान प्रक्रियामा पीडित तथा कानूनको विवादमा परेका बालबालिकाको अस्थायी तथा पारिवारिक संरक्षणका लागि प्रहरी कार्यालय तथा अदालतलाई आवश्यक सहयोग उपलब्ध गराउने ।
- पालिकामा भएका बाल अधिकार उल्लंघन सम्बन्धी घटनामा बालबालिकाको तत्काल उद्दार, राहत, संरक्षण र घटना व्यवस्थापन सम्बन्धी कार्य गर्ने ।
- मुलुकी देवानी संहिता, २०७४ बमोजिम बालबालिकाको संरक्षक वा माथवर नियुक्तिका लागि अदालतमा निवेदन दिने ।
- वैकल्पिक हेरचाहमा राखिएका बालबालिकाको जन्मदर्ता गर्न, नागरिकता बनाउन र निजको चल अचल सम्पत्तिको अभिलेख राखी संरक्षण गर्न सम्बन्धीत निकायमा सहजीकरण तथा सीफारिस गर्ने ।

**बाल कल्याण अधिकारीको सूचना व्यवस्थापन र अभिलेखीकरण सम्बन्धी कार्यहरू के के हुन् ?**

- नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट स्वीकृत नीति र योजना अनुरूप समितिको वार्षिक कार्यक्रम र बजेट तर्जुमा तथा कार्यान्वयन गर्न स्थानीय तह र स्थानीय बाल अधिकार समितिलाई आवश्यक सहयोग गर्ने एवम् कार्य सम्पादनको प्रगति प्रतिवेदन समितिको बैठकमा पेश गर्ने ।
- पालिकाभित्र स्थायी तथा अस्थायी रूपमा बसोबास गर्ने सबै बालबालिकाले प्राप्त गर्नुपर्ने हेरचाह, स्वास्थ्य, शिक्षा, संरक्षण तथा सहभागिताको अवस्था सम्बन्धी तथ्याङ्क संकलन, अध्यावधिक र विश्लेषण गरी प्रतिवेदन तयार गर्ने ।
- आन्तरिक तथा अन्तरदेशीय धर्मपुत्र/धर्मपुत्रीका रूपमा जान योग्य आफ्नो भौगोलिक क्षेत्रभित्र स्थायी ठेगाना भएका बालबालिकाको विवरण स्थानीय तहबाट स्वीकृत गराई राष्ट्रिय बाल अधिकार परिषद्मा उपलब्ध गराउने ।
- स्थानीय तहमा सूचीकृत अस्थायी संरक्षण सेवाको नक्साङ्कन गर्ने

**बाल कल्याण अधिकारीको अनुगमन तथा मूल्याङ्कन सम्बन्धी कार्यहरू के के हुन् ?**

- ऐनको दफा ४९ बमोजिम स्थानीय तहभित्र भएको वैकल्पिक हेरचाहको व्यवस्था, पुनःस्थापना केन्द्र, अस्थायी संरक्षण सेवा, निगरानी कक्ष, तथा बालबालिकालाई शैक्षिक प्रयोजनका लागि राखिएका मठ, गुरूकूल, गुम्बा, मदरसा, चर्च जस्ता आवासीय गृहको नियमित अनुगमन गरी सोको प्रतिवेदन बाल अधिकार समिति तथा अन्य सम्बन्धीत निकायमा पेश गर्ने
- पालिकाको योजना तर्जुमा प्रक्रियामा बालबालिकाका विषयलाई प्राथमिकता दिन पहल गर्ने
- ऐनको दफा ६२ (३) पालिकामा सूचीकृत भएका समाजसेवी तथा बाल मनोविज्ञलाई निर्देशन दिने तथा उनीहरूको कामको सुपरिवेक्षण गर्ने,
- समाजसेवी र बाल मनोविज्ञको सीफारिस अनुसार विशेष संरक्षणका आवश्यकता भएका बालबालिकाको उच्चतम हितलाई मध्य नजर गरी आवश्यक संरक्षणका लागि सम्बन्धीत निकायमा सीफारिस गर्ने,
- समितिबाट प्रत्यायोजित अन्य काम गर्ने गराउने ।

**बाल कल्याण अधिकारीको लागि आवश्यक सीप के के हुन् ?**

क) बाल संरक्षण घटना व्यवस्थापन सम्बन्धी सीप ज्ञान भएको ।

ख) बाल संरक्षण व्यवस्थापन तथा बाल अधिकार अवस्था सम्बन्धी प्रतिवेदन लेख्ने सीप भएको वा तालिम प्राप्त ।

ग) स्थानीय तहमा सरकारी एवं गैरसरकारी निकायहरूसँग समन्वय तथा सहकार्य गर्न सक्ने क्षमता ।

घ) बाल अधिकार प्रवर्द्धन तथा संरक्षणका लागि आवश्यक नपुग स्रोतको खोजी तथा परिचालन गर्न सक्ने सीप तथा क्षमता ।

ङ) बाल अधिकार संरक्षण तथा संवर्द्धन सम्बन्धमा स्थानीय तहमा कार्यक्रमहरू निर्माण गर्न सहजीकरण तथा नेतृत्व गर्न सक्ने ।

च) बाल अधिकार संरक्षण संवर्द्धन सम्बन्धी नीतिगत व्यवस्था, अवधारणा मा जानकार वा तालिम प्राप्त ।

छ) बालबालिकासँग मैत्रीपूर्ण, विभेदरहीत र संवेदनशील व्यवहार गर्न सक्षम ।

## दोस्रो दिन

**पहिलो सत्र**

**स्थानीय तहमा बालबालिकाका प्रमुख सवालहरू**

**उद्देश्यः** स्थानीय तहमा बालबालिकाको अधिकार तथा संरक्षण सम्बन्धी प्रमुख सवाल तथा स्थानीय तहको भूमिका पहिचान गर्न सहभागीहरूलाई सक्षम बनाउने ।

**समयः** ९० मिनेट (४० मिनेट सामूहिक छलफल, ३० मिनेट प्रस्तुतिकरण र २० मिनेट संक्षेपीकरण)

**अपेक्षित उपलब्धिः**

- सहभागीहरू स्थानीय तहमा बाल अधिकार तथा बाल संरक्षणका प्रमुख सवालहरूको पहिचान गर्न सक्षम हुनेछन्,
- सहभागीहरू बाल अधिकार तथा बाल संरक्षणका सवालहरू सम्बोधनका लागि स्थानीय तहको कानूनी दायित्व र अभ्यासबारे जानकार हुनेछन् ।

**मुख्य विषयवस्तुः**

- स्थानीय तहमा बाल अधिकार र बाल संरक्षणका प्रमुख सवालहरू,
- स्थानीय तहको भूमिका र कानूनी दायित्व ।

**विधिः**

- सानो समूह कार्य, खुला छलफल,
- प्रस्तुतिकरण ।

**आवश्यक तालीम सामग्रीः**

- स्थानीय तहमा पहिचान भएका बाल अधिकार तथा बाल संरक्षण सम्बन्धी मुख्य मुख्य सवालहरूको तथा स्थानीय तहको कानूनी दायित्वसहितको मेटाकार्ड,
- न्यूज प्रिन्ट, फ्लिप चार्ट, मार्कर ।

**प्रक्रिया ⁄ क्रियाकलापः**

सानो समूह कार्य, विश्लेषण, छलफल तथा प्रस्तुतिकरण (३० मिनेट)

- सहभागीहरूलाई बालबालिकाको समस्या र सवालको बीचमा रहेका भिन्नताको बारेमा स्पष्ट पार्ने,
- सहभागीहरूलाई पाँचदेखि सात जनाको समूहमा विभाजन गर्ने र प्रत्येक समूहलाई अध्ययन सामग्री (कार्यपत्र) उपलब्ध गराउने वा देहायका प्रश्नहरूमाथि छलफलका लागि अनुरोध गर्ने,
    १. यहाँको स्थानीय तहमा बालबालिकाको अधिकार तथा संरक्षणसँग सम्बन्धीत प्रमुख सवालहरू के-के रहेका छन् ?
    २. ती सवालहरूको सम्बोधनका लागि स्थानीय तहले के गर्न सक्छ ? अहिले के गरिरहेको छ ? अब के गर्नु पर्छ ?
- समूहमा प्राप्त प्रश्नहरूको आधारमा छलफल गरी क्रमशः प्रस्तुत गर्न लगाउने,
- छलफल भए अनुसारका विषयहरूलाई समेत समेटेर स्थानीय तहमा बाल अधिकार तथा बाल संरक्षणसँग सम्बन्धीत सवाल तथा स्थानीय तहको कानूनी दायित्वको बारेमा संक्षेपीकरण सहितको प्रस्तुतिकरण गर्ने ।

**निष्कर्षः**

यस सत्रले सहभागीहरूलाई स्थानीय तहमा बाल अधिकार तथा बाल संरक्षण सम्बन्धी सवालहरू तथा स्थानीय तहको भूमिकाको बारेमा स्पष्ट हुन सक्षम बनाउने छ भने तालीममा प्रयोग भएका विधिले खुला छलफलमा सहभागी भै सहभागीहरूले आफ्ना धारणा तथा अनुभव बताउन सक्नेछन् ।

**मूल्याङ्कन**

यस सत्रमा हामीले के के छलफल गर्‍यौं ? भनी सहभागीहरूसँग प्रश्न गर्नुहोस् । यसको लागि सहभागीहरूसँग देहायका प्रश्नहरू गर्न सकिन्छ :

- स्थानीय तहमा बालबालिका सम्बन्धी सवालहरू के के हुन ?
- स्थानीय तहमा बालबालिका सम्बन्धी सवालहरूको सम्बोधनका लागि कानूनी आधारहरू के के हुन् ?

सहभागीबाट आएका जवाफहरूको आधारमा समान बुझाइ कायम गर्न सहयोग गर्नुहोस् ।

## अध्ययन सामग्री

**स्थानीय तहमा रहेका बालबालिका सम्बन्धी प्रमुख सवालहरू के–के रहेका छन् ?**

राष्ट्रिय बाल अधिकार परिषद्ले ६२२ वटा स्थानीय तहसँग गरेको अन्तरक्रिया तथा छलफलका आधारमा बालबालिका सम्बन्धी निम्न बमोजिमका सवालहरू पहिचान भएका छन्ः

१. **नाम र पहिचानको अधिकारः** जन्म दर्ता

२. **प्रारम्भिक बाल विकास तथा शिक्षाः** सामुदायिक प्रारम्भिक बाल विकास, निःशुल्क तथा अनिवार्य शिक्षा

३. **स्वास्थ्य सेवा तथा स्वस्थ जीवनः** सुरक्षित जन्म, गर्भ पहिचान र विभेदबाट संरक्षण, पोषण, निःशुल्क स्वास्थ्य सहायता, सुरक्षित विद्यालय तथा सार्वजनिक पूर्वाधार, यौन तथा प्रजनन् स्वास्थ्य सेवा, प्राकृतिक तथ मानवसिर्जित विपदबाट सुरक्षा, सडक सुरक्षा

४. **संरक्षणः** बालश्रम, ओसारपसार तथा बेचबिखन, अनाथ, कानूनी विवादमा परेका बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यक बालबालिका, अपाङ्गता भएका बालबालिकाको संरक्षण, बाल विवाह, हिंसा तथा दुर्व्यवहारबाट संरक्षण, उद्दार, संरक्षण, कानूनी सहायता तथा पुर्नस्थापना सेवा, अनलाईन बाल सुरक्षा, डिजिटल ड्रग्स तथा डिजिटल डिभाइड, बाल संवेदनशील सामाजिक सुरक्षा

५. **सहभागिताः** स्थानीय योजना निर्माणमा सहभागिता, बाल क्लब गठन, दर्ता र परिचालन, सिर्जनात्मक गतिविधि

**स्थानीय तहसँग सम्बन्धीत बालबालिका सम्बन्धी कानूनी प्रावधानहरू के के रहेका छन्?**

**क. जन्म दर्ताः**

- जुनसुकै कारणबाट जन्म भएको भए पनि बालबालिकाको जन्म दर्ता गरिदिनुपर्दछ (राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐनको व्यवस्था)
- जन्म दर्ताका बखत उल्लेखित विवरणहरू नाम र लैङ्गिक पहिचान बाहेक स्वेच्छाले परिवर्तन गर्न मिल्दैन । यसरी उमेर, जन्म मिति जस्ता विवरण परिवर्तन गर्दा सम्बन्धीत व्यक्तिको जीवनमा पर्ने प्रभाव पनि ध्यान दिन जरुरी छ ।

**ख. प्रारम्भिक बाल विकास र शिक्षाः**

- सबै बालबालिकालाई कानून बमोजिम निःशुल्क र अनिवार्य शिक्षा प्राप्त गर्ने हक छ । बसोबास वा अन्य आधारमा शिक्षाबाट वञ्चित गर्न मिल्दैन ।
- प्रारम्भिक बाल विकास विद्यालयका साथै समुदायस्तरमा सञ्चालन गरिनुपर्दछ । यसले कामकाजी महिलाको लागि थप अवसरहरू सिर्जना गर्दछ । प्रारम्भिक बाल विकास केवल पढ्ने ठाउँमात्र होइन बालबालिकाको सुरक्षित, स्वस्थ व्यक्तित्व विकासको स्थल पनि हो ।

**ग. स्वास्थ्य सम्बन्धी व्यवस्था**

- कुनै पनि गर्भवती महिला वा पुरुषले स्वास्थ्य जटिलताको अवस्थामा बाहेक गर्भ पहिचान गर्न गराउन पाउँदैन र यसरी गर्भ पहिचान भएपछि बालिका भएमा गर्भपतन गराउन पाइँदैन ।
- कानून बमोजिम गर्भपतन गराउन सकिने व्यवस्था रहेको छ । स्वेच्छिक, अपराधिक अवस्था वा स्वास्थ्य जटिलताको अवस्थामा
- स्थानीय विद्यालयमा विद्यालय नर्स, विद्यालय स्वास्थ्य सेवा तथा सामुदायिक स्वास्थ्य कार्यकर्ताहरूमार्फत पोषण लगायतका स्वास्थ्य संरक्षण सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिनुपर्दछ ।
- स्वास्थ्यकर्मीहरूलाई बालबालिकाको दुर्व्यवहार तथा हिंसा भइ आएको अवस्थामा के गर्ने भन्ने प्रशिक्षण दिइनुपर्दछ ।
- प्रत्येक विद्यालय जहाँ किशोरीहरू अध्ययन गर्दछन्, त्यहाँ निःशुल्क स्यानिटरी प्याडको व्यवस्था गरिनुपर्दछ ।
- विद्यालयहरूमा यौन तथा प्रजनन् स्वास्थ्यको शिक्षालाई अनिवार्य गराइ किशोर किशोरीहरूलाई किशोरावस्था, यौन स्वास्थ्य लगायतका विषयमा सचेत गरिनु पर्दछ ।

**घ. बाल संरक्षण सम्बन्धी व्यवस्था**

- आफ्नो क्षेत्रभित्रका बालबालिकालाई अनधिकृत रूपमा स्थानान्तरण गर्न वा श्रममा लगाउने उद्देश्यले बाहिर लैजान दिन हुँदैन ।

- अभिभावक जीवित भएका बालबालिकालाई बालगृहमा राख्नका लागि सीफारिस गर्न हुँदैन ।
- बालबालिकालाई देश भित्र कुनै पनि गुम्बा वा यस्तै धार्मिक संस्थामा लगी आवासीय रूपमा अध्ययन अध्यापन गराउँदा सम्बन्धीत बालबालिका र सम्बन्धीत संस्था तथा व्यक्तिको विस्तृत विवरण समेत राखी स्थानीय बाल अधिकार समिति वा बाल कल्याण अधिकारीले स्वीकृति दिन सक्दछ । यसरी स्वीकृति दिंदा नियमित रूपमा पारिवारिक पुनर्मिलन गराउने, नियमित प्रगती विवरण पठाउने लगायतका शर्तहरू राखिनुपर्दछ ।
- बालबालिकालाई देश बाहिर कुनै पनि गुम्बा वा यस्तै धार्मिक संस्थामा लगी आवासीय रूपमा अध्ययन अध्यापन गराउँदा सम्बन्धीत बालबालिका र सम्बन्धीत संस्था तथा व्यक्तिको विस्तृत विवरण समेत राखी स्थानीय बाल अधिकार समिति वा बाल कल्याण अधिकारीले नेपाल सरकारबाट स्वीकृतिका लागि सीफारिस दिन सक्दछ । यसरी स्वीकृति दिंदा नियमित रूपमा पारिवारिक पुनर्मिलन गराउने, नियमित प्रगती विवरण पठाउने लगायतका शर्तहरू राखिनुपर्दछ ।
- १४ वर्ष भन्दा कम उमेरका बालबालिकालाई कुनै पनि श्रममा तथा १८ वर्ष भन्दा कम उमेरका व्यक्तिलाई जोखिमपूर्ण श्रममा लगाउन दिनु हुँदैन ।
- २० वर्षभन्दा कम उमेरको विवाह दर्ता गर्न मिल्दैन, यस्तो विवाहमा सहभागी हुने वा सहयोग गर्न हुँदैन ।
- कुनै पनि बालबालिका हिंसा, दुर्व्यवहार तथा शोषण, बेचबिखन वा ओसारपसार भएको शंका लागेमा आफैले नजिकको प्रहरीको सहयोगमा उद्धार गर्न सकिन्छ । यदी आफैले गर्न नसकिने भएमा निम्न कार्य गर्नुपर्दछः-
    - » बालबालिकाविरुद्ध हिंसा तथा दुर्व्यवहार, श्रम शोषण भएमाः नेपाल प्रहरी (१००), बाल हेल्पलाईन (१०९८),
    - » बालबालिका हराएमा, वेवारीसे फेला परेमा वा ओसारपसार तथा बेचबिखन भएको शंका लागेमाः बालबालिका खोजतलास समन्वय केन्द्र (१०४), नेपाल प्रहरी (१००),

» यदि बालबालिकाविरुद्धको कसूरको प्रहरीले उजुरी लिन मानेन वा सहयोग भएन भने राष्ट्रिय बाल अधिकार परिषद् (०१-५५५०१२४, ५५५०१४७)

**ङ. बाल सहभागिता सम्बन्धी**

- स्थानीय तहले कार्यक्रम तथा योजना बनाउँदा बस्ती स्तर, वडा स्तर तथा पालिका स्तरको छलफल परामर्शमा बालबालिकाको सहभागिता गराउनुपर्दछ । यसरी गरिने सहभागिता सुरक्षित, व्यवस्थित र प्रतिनिधिमूलक तथा समावेशी हुनुपर्दछ ।
- बालबालिकाले प्रस्तुत गरेका सुझावहरूलाई उचित मान्यता दिनुपर्दछ, तर मत बाझिएमा बालबालिकालाई मत दिन लगाउन हुँदैन ।
- आफ्नो क्षेत्रभित्र बाल समूहहरू गठन गर्न बालबालिकालाई प्रेरित गर्नुपर्दछ ।
- यसरी गठन भएका बाल समूहहरूलाई सिर्जनात्मक तथा सामाजिक परिवर्तनका कार्यहरू गर्न आर्थिक, प्राविधिक तथा व्यवस्थापकीय सहायता दिन सकिन्छ । बाल क्लबहरूलाई परियोजना अनुदान दिने र ठुलो रकमको आर्थिक कारोबार गर्ने, पैसा दिएर सामुदायिक कार्यमा सहभागी गराउने तथा राजनीतिक दलको कार्यक्रममा सहभागी हुन र पक्ष पोषण गर्न परिचालन गर्न हुँदैन ।

**दोस्रो सत्र**

विशेष संरक्षणको आवश्यकता भएका बालबालिका, वैकल्पिक स्याहार तथा सर्वोत्तम हितः अवधारणा र अभ्यास

**उद्देश्य**ः सहभागीहरूलाई विशेष संरक्षणको आवश्यकता भएका बालबालिका, बालबालिकाको सर्वोत्तम हित, वैकल्पिक स्याहारको अवधारणा, कानूनी व्यवस्था र अभ्यासका बारेमा जानकारी गराउनुका साथै स्थानीय सम्भाव्यताहरूको पहिचान गर्न सक्षम बनाउने ।

**समय**ः १२० मिनेट (३० मिनेट सामूहिक छलफल, ६० मिनेट प्रस्तुतिकरण र ३० मिनेट संक्षेपीकरण)

**अपेक्षित उपलब्धिः**

- सहभागीहरू विशेष संरक्षणको आवश्यकता भएका तथा वैकल्पिक हेरचाहका आवश्यकता भएका बालबालिकाको पहिचान गरी स्थानीय तहमा वैकल्पिक हेरचाहका सम्भाव्यताहरूको पहिचान गर्न सक्षम हुनेछन्,
- सहभागीहरू वैकल्पिक हेरचाहका अभ्यासबारे जानकार हुनेछन्,
- बालबालिकाको सर्वोत्तम हित मूल्याङ्कन तथा निर्धारणका बारेमा जानकार हुनेछन् ।

**मुख्य विषयवस्तुः**

- विशेष संरक्षणको आवश्यकता भएका बालबालिका,
- वैकल्पिक हेरचाहका आवश्यकता भएका बालबालिका,
- वैकल्पिक स्याहारका सिद्धान्त र औचित्यता,
- वैकल्पिक स्याहार सम्बन्धी नेपाली कानूनी व्यवस्था,
- स्थानीय वैकल्पिक स्याहारका सम्भावनाहरू,
- बालबालिकाको सर्वोत्तम हित मूल्याङ्कन तथा निर्धारण ।

**विधिः**

- सामुहिक घटना विश्लेषण तथा समीक्षा,
- प्रस्तुतिकरण ।

आवश्यक तालीम सामग्रीः

- विशेष संरक्षणको आवश्यकता भएका बालबालिका लेखिएको मेटाकार्ड,
- वैकल्पिक हेरचाहका आवश्यकता भएका बालबालिका लेखिएको मेटाकार्ड,
- वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिका सम्बन्धी केशहरू (कम्तीमा ५ वटा),
- न्यूज प्रिन्ट, फ्लिप चार्ट, मार्कर ।

**प्रक्रिया/क्रियाकलापः**

सामूहिक घटना विश्लेषण, समीक्षा तथा प्रस्तुतिकरण (३० मिनेट)

- सहभागीहरूलाई वैकल्पिक हेरचाहका आवश्यकता भएका बालबालिका तथा वैकल्पिक हेरचाह प्रवन्धको बारेमा स्पष्ट पार्ने,
- सहभागीहरूलाई पाँचदेखि सात जनाको समूहमा विभाजन गर्ने र प्रत्येक समूहलाई वैकल्पिक हेरचाहका आवश्यकता भएका बालबालिका सम्बन्धी एउटा/एउटा केश उपलब्ध गराउने र वैकल्पिक हेरचाहको प्रवन्ध वा उपाय सम्बन्धी छलफल गर्न लगाउने,
- समूहमा प्राप्त केशमा छलफल गरी क्रमशः प्रस्तुत गर्न लगाउने तथा अन्य केही छुटेको भए थप गर्ने,
- छलफल भए अनुसारका विषयहरूलाई समेत समेटेर वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिका, वैकल्पिक हेरचाहको सिद्धान्त र औचित्यता, वैकल्पिक हेरचाह सम्बन्धी कानूनी व्यवस्था, स्थानीय तहमा वैकल्पिक हेरचाहका सम्भाव्यताहरू बारेमा संक्षेपीकरण सहितको प्रस्तुतिकरण गर्ने ।

**निष्कर्षः**

यस सत्रले सहभागीहरूलाई विशेष संरक्षणको आवश्यकता भएका तथा वैकल्पिक हेरचाहका आवश्यकता भएका बालबालिकाको पहिचान गरी वैकल्पिक हेरचाहका लागि समुदायमा आधारित सम्भाव्यताहरू खोजी गर्न तथा व्यवस्थापन गर्न सक्षम बनाउने छ भने तालीममा प्रयोग भएका विधिले खुला छलफलमा सहभागी भै सहभागीहरूले आफ्ना धारणा तथा अनुभव बताउन सक्नेछन् ।

**मूल्याङ्कन**

यस सत्रमा हामीले के के छलफल गर्‍यौं ? भनी सहभागीहरूसँग प्रश्न गर्नुहोस् । यसको लागि सहभागीहरूसँग देहायका प्रश्नहरू गर्न सकिन्छ :

- विशेष संरक्षणको आवश्यकता भएका र वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिका भन्नाले कसलाई बुझाउँदछ ?
- बालबालिकाको वैकल्पिक हेरचाहको प्रवन्ध कसरी गर्न सकिन्छ ?
- बालबालिकाको सर्वोत्तम हित भनेको के हो ?

सहभागीबाट आएका जवाफहरूको आधारमा समान बुझाइ कायम गर्न सहयोग गर्नुहोस् ।

## अध्ययन सामग्री

## बालबालिकाको सर्वोत्तम हित र वैकल्पिक हेरचाह

**विशेष संरक्षणको आवश्यकता भएका बालबालिका भन्नाले कसलाई बुझाउँदछ ?**

**बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ४८ बमोजिम विशेष संरक्षणको आवश्यकता भएका बालबालिका भन्नाले देहाय बमोजिमका बालबालिका भन्ने बुझ्नु पर्दछः**

(क) अनाथ बालबालिका,

(ख) अस्पताल वा अन्य कुनै सार्वजनिक स्थानमा अलपत्र अवस्थामा छाडिएका वा फेला परेका, बाबुआमाबाट अलग्गिएका वा बाबुआमा पत्ता नलागि बेवारिसे भएका बालबालिका,

(ग) बाबुआमालाई गम्भीर शारीरिक वा मानसिक अपाङ्गता वा अशक्तता भएको कारण उचित हेरचाह नपाएका बालबालिका,

(घ) कानूनी विवादमा परेका बालबालिका मध्ये दिशान्तर प्रक्रिया अन्तर्गत वैकल्पिक हेरचाहको लागि सीफारिस भएका बालबालिका,

(ङ) थुनामा रहेका वा बन्दी बाबु वा आमासँग आश्रित भई कारागारमा रहेका बालबालिका,

(च) जबरजस्ती करणी वा कानून बमोजिम सजाय हुने हाडनाताबाट जन्मिएको शिशुलाई आफूले पालनपोषण गर्न नसक्ने भनी बालकल्याण अधिकारी समक्ष निवेदन परेका बालबालिका,

(छ) बाबु, आमा वा अभिभावकबाट दुर्व्यवहार, हिंसा वा बेवास्ता भएको कारणले बालबालिकाको उच्चतम हितको लागि परिवारबाट अलग गरिएका बालबालिका,

(ज) जबरजस्ती वा बँधुवा प्रकृतिका वा जोखिमपूर्ण वा निकृष्ट प्रकृतिको वा प्रचलित कानून विपरीत श्रममा संलग्न भई जीवनयापन गरिरहेका, धुमपान, मद्यपान एवं अन्य लागूऔषधको कूलतमा फसेका, एच.आई.भी. सङ्क्रमित बालबालिका,

(झ) गम्भीर शारीरिक वा मानसिक स्वास्थ्य समस्या वा गम्भीर अपाङ्गता भएको कारण जीवन जोखिममा रही बाबुआमा वा परिवारबाट उपचारको व्यवस्था हुन नसकेको वा सामान्य जीवनयापन गर्न कठिनाइ भएका बालबालिका,

(ञ) बालबालिका विरुद्धको कसुरबाट पीडित भएका वा त्यस्तो जोखिममा रहेका बालबालिका,

(ट) विपद् वा सशस्त्र द्वन्द्वका कारणले बाबुआमा दुवै वा आमाबाबु मध्ये एक गुमाएका, वेपत्ता भएका वा आफू नै शारीरिक वा मानसिक रूपमा घाइते भएका वा अपाङ्गता भएका बालबालिका,

(ठ) विपन्न दलित समुदायका बालबालिका,

(ड) मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी विशेष संरक्षणको आवश्यकता भएका बालबालिका भनी तोकेका अन्य बालबालिका ।

(२) उपदफा (१) बमोजिमका बालबालिकालाई आवश्यकता अनुसार उद्धार, अस्थायी संरक्षण, स्वास्थ्य उपचार, मनोसामाजिक सहयोग, पारिवारिक पुनर्मिलन, पुनर्स्थापना, वैकल्पिक हेरचाह, परिवार सहयोग, सामाजिक सुरक्षा, सामाजिकीकरण लगायत अन्य सेवा तथा सहयोग तोकिए बमोजिम हुनेछ ।

**वैकल्पिक हेरचाह भन्नाले के बुझिन्छ?**

विविध कारणले पारिवारिक हेरचाहबाट बञ्चित भएका बालबालिकालाई कानून बमोजिमको निश्चित प्रक्रिया पुरा गरी विभिन्न विकल्प मध्ये बालबालिकाको सर्वोत्तम हुने उपयुक्त विकल्पको माध्यमबाट हेरचाहको व्यवस्था मिलाउनुलाई वैकल्पिक हेरचाह भनिन्छ ।

**बैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिका भन्नाले कस्ता बालबालिकालाई बुझाउँदछ?**

**बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ४९ बजमोजिम देहायका बालबालिकालाई मात्र वैकल्पिक हेरचाहमा राख्न सकिन्छः**

क) अनाथ बालबालिका

ख) अस्पताल वा अन्य सार्वजनिक स्थानमा अलपत्र अवस्थामा फेला परेका बालबालिका

ग) आमाबाबुलाई गम्भीर शारीरिक वा मानसिक अपाङ्गता भएका वा अशक्त भएको कारण उचित हेरचाह नपाएका बालबालिका

घ) कानूनी विवादमा परेका मध्ये देशान्तर प्रक्रियामा वैकल्पिक हेरचाहको लागि सीफारिस भएका बालबालिका

ङ) थुनामा रहेका वा बन्दी बाबु वा आमासँग आश्रित भई कारागारमा रहेका बालबालिका ,

च) जबरजस्ती करणी वा कानून बमोजिम सजाँय हुने हाडनाताबाट जन्मिएको शिशुलाई आफूले पालनपोषण गर्न नसक्ने भनी बाल कल्याण अधिकारी समक्ष निवेदन परेका बालबीलका र

छ) आमाबाबु वा अभिभावकबाट दुर्व्यवहार, हिंसा वा वेवास्ताका कारण बालबालिकाको उच्चतम हितका लागि परिवारबाट अलग गरिएका बालबालिका,

**बालबालिकालाई वैकल्पिक हेरचाहको प्रबन्ध कसरी गर्ने ?**

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ४९ बमोजिम वैकल्पिक हेरचाहको लागि कानून बमोजिम स्थानीय तहमा नियुक्त समाजसेवी वा बालमनोविज्ञले दिएको बालबालिकाको अवस्थाको अध्ययन प्रतिवेदनको आधारमा बालकल्याण अधिकारीले निम्नानुसार वैकल्पिक हेरचाहको व्यवस्था गर्नुपर्दछः

१) बालबालिकाको इच्छा बमोजिम वैकल्पिक स्याहारका लागि इच्छुक नातेदारकोमा संरक्षण गर्ने गरी हेरचाहको व्यवस्था मिलाउने,

२) बुँदा नं. १ अनुसारको कुनै नातेदार नभएमा वा नातेदार भए तापनि त्यस्ता नातेदार उपयुक्त नभएमा वा सम्बन्धीत बालबालिकाले त्यस्ता नातेदारको हेरचाहमा बस्न इच्छा नगरेमा दोस्रो प्राथमिकतामा स्थानीय तहमा सूचीकृत इच्छुक परिवार वा व्यक्तिकोमा हेरचाहको व्यवस्था मिलाउने ।

३) बुँदा नं. २ अनुसारको स्थानीय तहमा कुनै परिवार वा व्यक्ति इच्छुक नभएमा वा बालबालिकाले त्यस्तो परिवार वा व्यक्तिको हेरचाहमा बस्ने इच्छा नगरेमा तेस्रो प्राथमिकतामा स्थानीय तहमा सूचीकृत परिवारमा आधारित हेरचाह गर्ने संस्थामा त्यस्तो बालबालिकाको हेरचाहको व्यवस्थ ागर्ने,

४) बुँदा नं. १, २ र ३ बमोजिमको प्राथमिकताका आधारमा वैकल्पिक हेरचाहको व्यवस्था हुन नसकेमा मात्र अन्तिम विकल्पको रूपमा वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकालाई सम्भव भएसम्म सबैभन्दा नजिकैको बालगृहमा अस्थायी संरक्षण उपलब्ध गराउने ।

**बालबालिका सम्बन्धी ऐन, २०७५ मा बालबालिकाको वैकल्पिक हेरचाह सम्बन्धी के कस्ता व्यवस्थाहरू भएका छन्?**

बालबालिका सम्बन्धी ऐन, २०७५ मा बालबालिकाको वैकल्पिक हेरचाह सम्बन्धी देहाय बमोजिमका व्यवस्थाहरू रहेका छन्ः

- दफा ४९ को उपदफा (१) मा वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकाको पहिचान गरिएको छ

- दफा ४९ को उपदफा (२) मा वैकल्पिक हेरचाहको प्रवन्ध मिलाईएको छ ।
- **दफा ५१. संरक्षक नियुक्त गर्ने वा तोक्ने:** दफा ४९ बमोजिम वैकल्पिक हेरचाहको सेवा प्रदान गर्दा प्रचलित कानून बमोजिम संरक्षक नियुक्त गरी वा तोकी हेरचाहको व्यवस्था मिलाउनु पर्नेछ ।
- **बालगृहको स्थापना तथा सञ्चालन (दफा ५२)** विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको सरंक्षण गर्ने प्रयोजनका लागि नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले आवश्यकतानुसार बालगृह स्थापना गर्न सक्ने व्यवस्था रहेको छ ।
- **बालगृहमा रहने अवधि (दफा ५३)** विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको उपयुक्त पुनर्स्थापना नभएसम्म वा त्यस्तो बालबालिकाको उमेर १८ वर्ष नपुगेसम्म निजलाई बालगृहमा राखिनेछ ।
- **पुर्नमिलन गराउनुपर्ने (दफा ५४)** बालबालिकाको बाबुआमा वा अभिभावक पत्ता लागेमा र बालबालिकाको उच्चतम हित हुने भएमा तोकिए बमोजिम पुर्नमिलन गराउनुपर्ने ।
- **दफा** ४९ (वैकल्पिक स्याहारको व्यवस्था) र **दफा ६९** (अस्थायी संरक्षण सेवा केन्द्र) बमोजिम बाहेक बालबालिकालाई बालगृहमा राख्न नहुने ।
- **दफा ५५:** पुर्नस्थापना गर्ने सम्बन्धमा बालकल्याण अधिकारीलाई सहयोग गर्ने दायित्व बालगृहको हुने व्यवस्था उल्लेख छ ।
- **राज्यको दायित्व (दफा १८)** विशेष संरक्षणका आवश्यकता भएका बालबालिकाको पालनपोषण, संरक्षण, स्वास्थ्य र शिक्षा लगायतका आधारभूत आवश्यकताको व्यवस्था गर्न राज्यले उपलब्ध स्रोत साधनको आधारमा आवश्यक व्यवस्था मिलाउनेछ ।
- **सञ्चार क्षेत्रको दायित्व (दफा १९)** बालअधिकारको उलङ्घन र बालबालिकाको हित प्रतिकुल नहुने गरी सूचना प्रकाशन वा प्रशारण गर्नु सञ्चार क्षेत्रको दायित्व हुनेछ ।

**मुलुकी देवानी (संहिता) ऐन, २०७४ मा बालबालिकाको वैकल्पिक हेरचाह सम्बन्धी व्यवस्थाहरू के के छन् ?**

मुलुकी देवानी (संहिता) ऐन, २०७४ मा बालबालिकाको वैकल्पिक हेरचाह सम्बन्धी देहायका व्यवस्थाहरू रहेका छन् ।

**परिच्छेद ६ – संरक्षकत्व सम्बन्धी व्यवस्था**

अदालतले संरक्षक नियुक्ति गर्न सक्ने : (दफा १३९)

(क) संरक्षक नियुक्ति गर्न सम्बन्धीत स्थानीय तहको सम्बन्धीत वडा समितिले अदालतमा निवेदन दिएमा,

(ख) सरोकारवालाले संरक्षण नियुक्ति गर्न अदालतमा निवेदन दिएमा ।

**परिच्छेद ७ – माथबर सम्बन्धी व्यवस्था २०७४ (दफा १५३)**

नाबालकको माथबर हुने : (१) कुनै नाबालकको यस भागको परिच्छेद ६ बमोजिमको कुनै संरक्षक नभएमा निज अठार वर्ष पूरा नभएसम्म नजिकको पालनपोषण, स्वास्थ्य, शिक्षा, हेरविचार तथा सम्पत्तिको संरक्षण गर्नको लागि कुनै व्यक्तिले त्यस्तो नाबालकको माथबरको हैसियतले काम गर्न सक्छ ।

**नाबालकको माथबर आमा हुन सक्ने : (दफा १५५)**

१० वर्षभन्दा कम उमेरको नाबालकको आमा भएमा निजले अर्को विवाह गरिसकेको भएपनि निज नै त्यस्तो नाबालकको माथबर हुनेछ ।

**धर्मपुत्र वा धर्मपुत्री सम्बन्धी व्यवस्था (दफा १६९)**

कुनै व्यक्तिले अन्य बालबालिकालाई पालनपोषण, स्वास्थ्य, शिक्षा तथा हेरचाहको व्यवस्था गर्न सक्ने आर्थिक हैसयित खुलाई धर्मपुत्र वा धर्मपुत्री राख्नको लागि अदालतमा निवेदन दिएमा र त्यस्तो निवेदन जाँचबुझ गर्दा निवेदकमा त्यस्तो हैसियत रहेको देखिएमा अदालतले निवेदकलाई धर्मपुत्र वा धर्मपुत्री राख्न अनुमति दिन सक्नेछ ।

**नेपालमा वैकल्पिक स्याहारको वर्तमान अवस्था कस्तो रहेको छ ?**

नेपालमा वैकल्पिक स्याहार सम्बन्धी चार चरण मध्ये तीन चरणको तथ्याङ्क प्राप्त हुन नसक्ने अवस्था रहेको छ भने चौथो चरण वा अन्तिम विकल्पको रूपमा रहेको बालगृहको अवस्थाको अध्ययन गर्दा हाल देशभर ४३ जिल्लाका ४५४ वटा बालगृहहरूमा संरक्षित रहेका ११३८१ जना बालबालिका मध्ये अधिकांस बालगृहमा आमा, बुबा तथा अभिभावक भएका बालबालिका भएको देखिएकोले आमा, बुबा तथा बालबालिकाको नजिकको नातेदार भएका बालबालिकालाई

परिवारमा नै पुनर्स्थापना गर्ने कार्य शुरु भैसकेको छ। यसरी अभिभावक भएका बालबालिकालाई अनाथको रूपमा बालगृहमा राख्दा उनीहरूमा नकारात्मक असर पर्ने समेत देखिएको छ तसर्थ आवासीय बालगृह बालबालिकाको हेरचाहको अन्तिम बिकल्पको रूपमा मात्र हो भन्ने बुझ्नु पर्दछ र परिवार समाजको आधारभूत समूह र बालबालिकाको वृद्धि, सम्पन्नता र संरक्षणका लागि प्राकृतिक वातावरणयुक्त थलो भएको हुँदा सर्वप्रथम बालबालिकालाई आफ्नै परिवारको हेरचाहअन्तर्गत रहन वा हेरचाहका लागि उनीहरूकै परिवार वा उपयुक्त लागेको खण्डमा निकट आफन्तकहाँ फर्कनका लागि सक्षम तुल्याउन प्रयासहरू लक्षित गरिनुपर्छ।

**बालबालिकाको सर्वोत्तम हित भन्नाले के बुझिन्छ?**

बालबालिकाको सर्वोत्तम हित बाल अधिकारको मुख्य सिद्धान्त हो । सार्वजनिक वा निजी समाज कल्याणकारी संस्थाहरू, अदालतहरू, प्रशासनिक अधिकारीहरू वा विधायिकी निकायहरू जोसुकैबाट बालबालिकासँग सम्बन्धीत निर्णय लिँदा, नीति र ऐन, कानून बनाउँदा वा तिनको कार्यान्वयन गर्दा, योजना वा कार्यक्रम तर्जुमा गर्दा विभिन्न विकल्पहरूमध्ये बालबालिकाको वर्तमान तथा भावी वयस्क जीवनसमेतलाई मध्यनजर गरी सर्वोत्तम विकल्पको छनौट गरि नुपर्दछ। यसरी हेर्दा यो सिद्धान्तको परिपालनका लागि राज्यले आफ्ना जिम्मेवारी निर्वाह गर्नुको साथसाथै बालबालिकाका परिवार, अभिभावक तथा समुदायका अन्य जिम्मेवार व्यक्तिहरूलाई उनीहरूका आफ्ना जिम्मेवारीबोध गराई बालबालिकाप्रति आ-आफ्नो दायित्व निर्वाह गर्न सक्षम बनाउनुपर्दछ भन्ने समेत देखिन्छ।

बालबालिका सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको धारा ३ अनुसार गरिने बालबालिकासँग सम्बन्धीत सबै कार्यहरूमा बालबालिकाको सर्वोत्तम हितलाई पहिलो प्राथमिकतामा राखिनु पर्दछ भन्ने कुरा उल्लेख गरिएको छ।

बालबालिकाको सर्वोत्तम हित सम्बन्धी कानूनी तथा नीतिगत व्यवस्थाहरू के कस्ता रहेका छन्?

बालबालिकाको सर्वोत्तम हित सम्बन्धी कानूनी तथा नीतिगत व्यवस्थाहरू देहाय बमोजिम रहेका छन्

- संयुक्त राष्ट्र संघीय बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ को धारा ३ को उपधारा (१), धारा ९ को उपधारा (१), उपधारा (३), धारा १८ को उपधारा (१), धारा १९ को उपधारा (१), धारा २० उपधारा (१) र धारा २१ मा बालबालिकाको सर्वोत्तम हित सम्बन्धी उल्लेख भएको छ।

- नेपालको संविधानको धारा ३९ मा १० वटा बुँदामा बालबालिकाको हकहितको सुनिश्चिता गरिएको छ भने भाग ४ धारा ५१ (ञ) (५) बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिक रूपमा ध्यान दिनुपर्ने विषयलाई राज्यको नीतिको रूपमा समावेश गरिएको छ ।
- बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा १६ मा बालबालिकाको सर्वोत्तम हितको विषय उल्लेख गरिएको छ । बालबालिकाको सर्वाङ्गिण विकासका निम्ति संरक्षणको आवश्यकता भएका बालबालिकाको हितमा परिवार, अभिभावक, समाज, सबै राज्यका संरचना लगायतका सरोकारवालाहरूले बालबालिकाको उच्चत्तम हितका निम्ति कार्य गर्नु पर्दछ ।
- प्रस्तावनामा बालबालिकाको अधिकारको सम्मान, संरक्षण, प्रवर्द्धन र परिपूर्ति गरी बालबालिकाको सर्वोत्तम हित कायम गर्नका लागि ऐन ल्याइएको कुरा उल्लेख गरिखएको छ ।
- परिच्छेद २ को दफा ६ को (२) बालबालिकाको सर्वोत्तम हितको लागि आवश्यक भएमा बाल अदालतले कुनै बालबालिकालाई बाबु वा आमाबाट अलग गरी कुनै संरक्षकको जिम्मा रहने आदेश दिन सक्नेछ ।
- बालबालिका सम्बन्धी नियमावली २०७८ को नियम १५ मा बाल कल्याण अधिकारी वा बाल अदालतले ऐनको दफा १६ को उपदफा (३) बमोजिमको निर्णय गर्दा उच्चतम हित निर्धारण गर्ने प्रक्रियाका आधार देहाय बमोजिम हुने उल्लेख छः

  (क) निजको जीवन रक्षा सुनिश्चित हुने व्यवस्था

  (ख) बालबालिकालाई उपलब्ध अवसरमध्ये अधिकतम अवसर प्राप्त हुन सक्ने व्यवस्था

  (ग) बालबालिकाको धर्म, संस्कृति, भाषा, पहिचान, समुदाय र पारिवारिक सन्निकटता कायम रहने व्यवस्था

  (घ) बालबालिकाको धारणा र स्वेच्छापूर्ण सहमति,

  (ङ) बाल कल्याण अधिकारी वा बाल अदालतले बालबालिकाको आर्थिक, सामाजिक र पारिवारिक अवस्था हेरी निर्धारण गरेका अन्य आधार ।

## तेस्रो सत्र
## बाल संरक्षण घटना व्यवस्थापन प्रक्रिया

**उद्देश्यः** सहभागीलाई बाल संरक्षण घटना व्यवस्थापन प्रक्रियाको बारेमा जानकारी गराउनुका साथै घटना व्यवस्थापनका लागि आवश्यक व्यवहारिक सीप हासिल गराउने ।

**समयः** १२० मिनेट (६० मिनेट प्रश्न उत्तर, सामूहिक छलफल, ६० मिनेट प्रस्तुतिकरण )

अपेक्षित उपलब्धिः

- सहभागीहरू व्यवस्थापन गर्नुपर्ने बाल संरक्षणसँग सम्बन्धीत घटनाहरूको पहिचान गर्न सक्षम हुनेछन्,
- सहभागीहरू बाल संरक्षण घटना व्यवस्थापन प्रक्रिया बारेमा जानकार हुनेछन्,
- सहभागीहरूले बाल संरक्षण घटना व्यवस्थापनका लागि आवश्यक व्यवहारिक सीप हासिल गर्नेछन्,
- स्थानीय तहमा प्रेषण प्रणाली सुदृढ हुनेछ ।

**मुख्य विषयवस्तुः**

- बाल संरक्षण घटना व्यवस्थापन,
- बाल संरक्षण सेवा तथा सेवा प्रदायक निकाय,
- घटना व्यवस्थापनका चरणहरू,
- प्रेषण प्रणाली,
- सरोकारवाला बीच समन्वय तथा सहकार्य,
- स्थानीय बाल अधिकार समिति, बाल कल्याण अधिकारी, समाजसेवी तथा बालमनोविज्ञको भूमिका तथा बालकोषको प्रयोग ।

**विधिः**

- सामुहिक घटना अध्ययन र विश्लेषण, स्वःमूल्याङ्कन,
- प्रस्तुतिकरण ,

**आवश्यक तालीम सामग्रीः**

- तत्काल व्यवस्थापन गर्नु पर्ने बालबालिका सम्बन्धी केशहरू (कम्तीमा ५ वटा)-संरक्षण, न्याय, पीडितको अधिकार,
- न्यूज प्रिन्ट, फ्लिप चार्ट, मार्कर ।

**प्रक्रिया ⁄ क्रियाकलापः**

**सामूहिक घटना अध्ययन, विश्लेषण, स्वःमूल्याङ्कन र खुला छलफल (१०५ मिनेट)**

- एउटा बाकसमा बाल संरक्षण घटना व्यवस्थापनको अवधारणा सम्बन्धी प्रश्न र उत्तरहरू लेखिएको चिटहरू तयार पारी पट्याएर हाल्नुहोस् र प्रत्येक सहभागीलाई एउटा एउटा चिट झिक्न लगाउनुहोस्,
- अब सम्बन्धीत प्रश्न र त्यसको उत्तर सम्बन्धी समाधान लेखिएको चिट भेट्टाउने सहभागीहरूलाई एकअर्काको खोजी गरी सगै बस्न लगाउनुहोस्,
- सबै सहभागीाई पालैपालो आआफ्ना प्रश्न र उत्तरहरू भन्न लगाउनुहोस्,
- सहभागीहरूलाई प्रश्न र उत्तर स्पष्ट भएनभएको सोध्नुहोस् र स्पष्ट नभए स्पष्ट बनाउदै जानुहोस्,
- सहभागीहरूलाई बाल संरक्षण घटना व्यवस्थापनको अवधारणा बारेमा स्पष्ट पारी सकेपछि पाँचदेखि सात जनाको समूहमा विभाजन गर्ने र प्रत्येक समूहलाई तत्काल व्यवस्थापन गर्नुपर्ने बालबालिका सम्बन्धी एउटा/एउटा केश (घटना) उपलब्ध गराउने सहभागीहरू आफैले व्यवस्थापन गरेको घटना भए पनि हुन्छ) र त्यस्ता घटना व्यवस्थापनको बारेमा आफ्नो अनुभवका आधारमा छलफल गर्न लगाउने,
- समूहमा प्राप्त केशमा छलफल गरी क्रमशः प्रस्तुत गर्न लगाउने तथा अन्य केही छुटेको भए थप गर्ने,

- कुनै समूहले घटना व्यवस्थापन गर्दा प्रक्रियागत त्रुटी गरेको छ भने सो पहिल्याइदिने ताकि समूहले हाल आफ्नो कार्यक्षेत्रमा अनुशरण गरिरहेका प्रक्रियाको बारेमा स्वःमूल्याङ्कन गर्न सकुन ।
- छलफल भए अनुसारका विषयहरूलाई समेत समेटेर बाल संरक्षण घटना व्यवस्थापन, बाल संरक्षण सेवा तथा सेवा प्रदायक निकाय, घटना व्यवस्थापनका चरणहरू, प्रेषण प्रणाली, सरोकारवाला बीच समन्वय तथा सहकार्य, समाजसेवी, बाल अधिकार समिति र बाल कल्याण अधिकारीको भूमिका बारेमा संक्षेपीकरण सहितको प्रस्तुतिकरण गर्ने

**निष्कर्षः**

यस सत्रले सहभागीहरूलाई स्थानीय तहमा बाल संरक्षण सम्बन्धी घटना व्यवस्थापनको प्रक्रिया तथा आवश्यक व्यवहारिक सीपको बारेमा बारेमा स्पष्ट पार्नुका साथै तालीममा प्रयोग भएका विधिले खुला छलफलमा सहभागी भै सहभागीहरूले आफ्ना धारणा तथा अनुभव बताउन सक्नेछन् ।

**मूल्याङ्कन**

यस सत्रमा हामीले के के छलफल गऱ्यौं ? भनी सहभागीहरूसँग प्रश्न गर्नुहोस् । यसको लागि सहभागीहरूसँग देहायका प्रश्नहरू गर्न सकिन्छ :

- व्यवस्थापन गर्नुपर्ने बाल संरक्षण सम्बन्धी घटनाहरू के के हुन् ?
- बाल संरक्षण घटना व्यवस्थापनका चरणहरू कतिवटा छन् र ती के के हुन् ?
- बाल संरक्षण घटना व्यवस्थापनमा बाल कल्याण अधिकारी, स्थानीय बाल अधिकार समिति र समाजसेवी तथा बालमनोविज्ञको भूमिका के के हुन्छ ?

सहभागीबाट आएका जवाफहरूको आधारमा समान बुझाइ कायम गर्न सहयोग गर्नुहोस् ।

## अध्ययन सामग्री
## बाल संरक्षण घटना व्यवस्थापनः अवधारणा र प्रक्रिया

**प्रश्न नं १: बाल संरक्षण भनेको के हो ?**

उत्तर नं १ः बाल संरक्षण भन्नाले बालबालिकालाई शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक, नैतिक तथा बौद्धिक विकासमा नकारात्मक असर पार्ने किसिमका गतिविधिहरूबाट जोगाउनु भन्ने बुझिन्छ । मुलतः बालबालिकाविरुद्ध हुने हिंसा, दुर्व्यवहार, विभेद, अपहेलना, वेवास्ता र हानिकारक अभ्यासबाट बालबालिकाको संरक्षण गर्नु बाल संरक्षण हो । सामान्य अर्थमा कुनै पनि किसिमका खतराहरूबाट बालबालिकालाई सुरक्षित बनाउनु नै बाल संरक्षण हो ।

**प्रश्न नं २ बाल संरक्षण कार्य भन्नाले के बुझिन्छ ?**

उत्तर नं २ः बाल संरक्षण कार्य भन्नाले (१) बालसंरक्षणसँग सम्बन्धीत समस्याका कारक तत्वलाई सम्बोधन गरिने रोकथाममूलक कार्यहरू, (२) जोखिममा रहेका बालबालिका तथा परिवार पहिचान गरी जोखिम न्यूनीकरण तथा तुरुन्त समस्या सम्बोधनका लागि सहयोग तथा कार्य व्यवस्थापन, (३) कुनै बालबालिकामाथि बालसंरक्षण सम्बन्धी कुनै समस्या उत्पन्न भएमा बालबालिकाको सर्वोत्तम हितलाई ध्यान दिँदै सम्बन्धीत बालबालिका तथा परिवारलाई विशिष्टीकृत सेवा तथा घटनाको व्यवस्थापन जस्ता समग्र कार्यहरू पर्दछन् ।

**प्रश्न नं ३: बाल संरक्षण घटना व्यवस्थापन भनेको के हो ?**

उत्तर नं ३ घटना व्यवस्थापन भनेको विशेष संरक्षणको आवश्यकता भएका, हिंसा तथा दुर्व्यवहारबाट पीडित र जोखिममा परेका, पर्नसक्ने बालबालिका र परिवारको पहिचान गरी उनीहरूलाई समयमा नै आवश्यक सहयोग तथा सेवा अधिकार प्राप्त अधिकारी तथा निकायबाट प्रत्यक्ष रूपमा नै उपलब्ध गराउने वा अन्य उचित निकायमा सीफारिस गरी सोबाट आवश्यक सेवा पूर्ण रूपमा प्राप्त गराई बालबालिकाको अधिकार सुनिश्चित गर्ने प्रक्रिया हो ।

**प्रश्न नं ४ बाल संरक्षण घटना व्यवस्थापनका मान्यताहरू के के हुन् ?**

उत्तर नं ४ बाल संरक्षण घटना व्यवस्थापनका मान्यताहरूमा बालबालिकाको उच्चतम हितलाई प्राथमिकता दिने, बालबालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने, भेदभाव रहीत व्यवहार

गर्ने, थप हानि नपुऱ्याउने, जवाफदेहिता सुनिश्चित गर्ने, समन्वय र सहकार्य गर्ने, नैतिक मापदण्ड कायम गर्ने, व्यवसायिक सीमा कायम राख्ने र स्वार्थको द्वन्द्व सम्बोधन गर्ने तथा बालमैत्री एवम् संस्कृति उपयुक्त प्रक्रिया तथा सेवा प्रदान गर्ने पर्दछन् ।

**प्रश्न नं ५ः बाल संरक्षण घटना व्यवस्थापनका लक्षित समूह को को हुन् ?**

उत्तर नं ५ः बाल संरक्षण सेवा प्रदान गरिने लक्षित समूह भित्र (क) बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ४८ अनुसारका विशेष संरक्षणको आवश्यकता भएका बालबालिका, (ख) कुनै पनि कारणबाट बाल अधिकारको उल्लंघन भई हिंसा, दुर्व्यवहार, भेदभाव, शोषण लगायतबाट पीडित भएका, प्रभावित भएका बालबालिका (ग) जोखिम वा समस्यामा परेका वा जोखिममा पर्नसक्ने बालबालिका, (घ)बालबालिका विरूद्धको कसूरबाट पीडित र प्रभावित बालबालिका पर्दछन् ।

**प्रश्न नं ६. बाल संरक्षण घटना व्यवस्थापनको उद्देश्यहरू के के हुन् ?**

उत्तर नं ६ बाल संरक्षण घटना व्यवस्थापनका उद्देश्यहरू देहाय बमोजिम रहेका छन्

(क) विशेष संरक्षणको आवश्यकता भएका, जोखिममा परेका, कसूरबाट पीडित भएका तथा बाल अधिकार उल्लङ्घन भएका बालबालिकाको तत्काल संरक्षणका लगि त्यस्ता घटनाहरूको सम्बोधन तथा व्यवस्थापन गर्ने,

(ख) बालबालिकाको सर्वोत्तम हित निर्धारण गर्न सम्बन्धीत सबै तहका निकाय, संस्था तथा पदाधिकारीहरू बीच समबुझाई कायम गरी समन्वयात्मक रूपमा बालबालिकाको घटना व्यवस्थापन कार्य गर्ने,

(ग) बालबालिकाको घटना व्यवस्थापन सम्बन्धी कार्यसम्पादन प्रक्रियामा स्पष्टता ल्याई एकरूपता कायम गर्ने ।

**प्रश्न नं ७ बाल संरक्षण घटना व्यवस्थापनका लागि प्रमुख जिम्मेवारी कसको हुन्छ ?**

उत्तर नं ७ः बालबालिका सम्बन्धी ऐनको दफा ५० अनुसार बालबालिकाको संरक्षण गर्ने, आवश्यकतानुरूप उद्धार गरी अस्थाई संरक्षण सेवामा राख्ने, थप छानविन गरी आवश्यक सेवाको व्यवस्था गर्ने लगायत बालबालिका सम्बन्धी घटना व्यवस्थापनको कार्यान्वयन, समन्वय,

सीफारिस, सहजीकरण र अनुगमन गर्ने मुख्य जिम्मेवारी हरेक स्थानीय तहका बाल कल्याण अधिकारीको हुनेछ र नीजसँगको समन्वयमा अन्य सरोकारवाला तथा प्राथमिक सेवा प्रदायक निकाय तथा संस्थाहरूले बालबालिका सम्बन्धी घटना व्यवस्थापन गर्नु पर्दछ। यस कार्यमा बाल कल्याण अधिकारीलाई समाजसेवी तथा बालमनोविज्ञले सहयोग सहजीकरण गर्नुपर्दछ। यसरी व्यवस्थापन गरिएका घटनाहरूको अभिलेख राखी सम्बन्धीत संस्थाले बाल कल्याण अधिकारी लाई जानकारी गराउनु पर्नेछ। ऐन बमोजिम बाल कल्याण अधिकारीको व्यवस्था भई नसकेको अवस्थामा निजले गर्नुपर्ने भनी उल्लेख भएका घटना व्यवस्थापनसँग सम्बन्धीत कार्य स्थानीय तहको बालबालिका सम्बन्धी शाखा/इकाईका प्रमुखले गर्नु पर्दछ।

**प्रश्न नं ८ बाल संरक्षण घटना सम्बोधनको आवश्यकता किन पर्दछ ?**

उत्तर नं ८ बालबालिकाविरुद्ध भइरहेका विभिन्न किसिमका हिंसा, दुर्व्यवहार तथा जोखिम अवस्थामा परेका बालबालिकाको संरक्षण सम्बन्धमा स्थानीय तह तथा बाल कल्याण अधिकारीको भूमिकाबारे समबुझाई तथा घटना सम्बोधन प्रक्रियामा एकरूपता हुन नसक्दा बालबालिका झन जोखिममा पर्ने, अधिकार प्राप्त निकायले आफ्नो दायित्वबारे जानकार नहुदा केन्द्रकै भर पर्नुपर्ने हुँदा सो अवस्थामा सुधार गरी स्थानीय तहमा सेवा प्रदायक संस्थासँगको सहयोग र समन्वयमा भरपर्दो सीफारिस प्रणाली विकास गर्न सहजीकरण गर्ने उद्देश्यले व्यवस्थित घटना व्यवस्थापन प्रक्रिया अवलम्वन हुन जरुरी हुन्छ।

**प्रश्न नं ९ः बाल संरक्षण घटना व्यवस्थापनका चरणहरू कतिवटा छन् र ती के के हुन् ?**

उत्तर नं ९ः बाल संरक्षण घटना व्यवस्थापनका देहाय बमोजिमका ६ वटा चरणहरू हुन्छन्ः-

चरण १ घटनाको पहिचान तथा पूर्व लेखाजोखा,
चरण २ बालबालिका र परिवारको लेखाजोखा,
चरण ३ स्याहार योजनाको तर्जुमा,
चरण ४ स्याहार योजनाको कार्यान्वयन तथा सीफारिस,
चरण ५ स्याहार योजनाको अनुगमन तथा समीक्षा र
चरण ६ घटना समापन।

**प्रश्न नं १०: बाल संरक्षण घटना व्यवस्थापनका सिँगो प्रक्रियामा घटनाको शुरुवाती कारवाही तथा दर्ता गर्ने आधिकारिक निकाय कुन कुन हुन् ?**

उत्तर नं १०: बाल संरक्षणसँग सम्बन्धीत घटनाको शुरुवाती कारवाही तथा दर्ता गर्ने निकायहरू बालबालिका खोजतलास सेवा १०४, बाल हेल्पलाईन सेवा १०९८, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र र स्थानीय तहको बालबालिका शाखा बाल कल्याण अधिकारी मात्र हुन् ।

**प्रश्न नं ११: बाल संरक्षण घटना व्यवस्थापन अन्तर्गत आवश्यक बाल संरक्षण सम्बन्धी सेवाहरू के के हुन् ?**

उत्तर नं ११: बाल संरक्षण घटना व्यवस्थापन अन्तर्गत आवश्यक बाल संरक्षण सम्बन्धी सेवाहरूमा अ) आपतकालीन सेवा आ) कानूनी सेवा, इ) मनोसामाजिक सेवा/मनोविमर्श, ई) पारिवारिक सहयोग सेवा, उ) वैकल्पिक स्याहार वा अभिभावक स्याहार सेवा, ऊ) जीविकोपार्जन/आर्थिक सेवा, ए) शैक्षिक सेवा, ऐ) स्वास्थ्य सेवा आदि रहेका छन् ।

**प्रश्न नं १२ बाल संरक्षण घटना व्यवस्थापन प्रक्रियामा बालबालिकाको सर्वोत्तम हित कसले कसरी निर्धारण गर्दछ?**

उत्तर नं १२: बाल संरक्षण घटना व्यवस्थापन प्रक्रियामा बालबालिकाको सर्वोत्तम हितको मूल्याङ्कन समाजसेवी तथा बालमनोविज्ञले गर्दछ भने सर्वोत्तम हितको निर्धारण बाल कल्याण अधिकारीले देहायका आधारमा गर्न सक्नेछ

(क) निजको जीवन रक्षाको सुनिश्चित्त हुने व्यवस्था,
(ख) बालबालिकालाई उपलब्ध अवसरमध्ये अधिकतम अवसर प्राप्त हुनसक्ने व्यवस्था,
(ग) बालबालिकाको धर्म, संस्कृति, भाषा, पहिचान, समुदाय र पारिवारिक सन्निकटता कायम रहने व्यवस्था,
(घ) बालबालिकाको धारणा र स्वेच्छापूर्ण सहमति,
(ङ) बालकल्याण अधिकारी वा बाल अदालतले बालबालिकाको आर्थिक, सामाजिक र पारिवारिक अवस्था हेरी निर्धारण गरेका अन्य आधार ।

**प्रश्न नं १३ बाल संरक्षण घटना व्यवस्थापनमा समाजसेवी, बाल कल्याण अधिकारी, स्थानीय बाल अधिकार समिति र बालकोषको सम्बन्ध कस्तो रहेको हुन्छ ?**

उत्तर नं १३ बाल संरक्षण घटना व्यवस्थापनमा समाजसेवी, बाल कल्याण अधिकारी, स्थानीय बाल अधिकार समिति र बालकोषको सम्बन्ध देहाय बमोजिम रहेको हुन्छः

- बाल संरक्षण घटना व्यवस्थापनका लागि समाजसेवीले सामाजिक प्रतिवेदन बाल कल्याण अधिकारी समक्ष पेश गर्नुपर्दछ ।
- बाल कल्याण अधिकारीले समाजसेवीबाट प्राप्त सामाजिक प्रतिवेदनका आधारमा बालबालिकाको उच्चतम हित निर्धारण गरी बालकोषको परिचालन गरी संरक्षण व्यवस्थापनका लागि स्थानीय बाल अधिकार समितिमा सीफारिस गर्नुपर्दछ ।
- स्थानीय तहबाट स्वीकृत बाल अधिकार संरक्षण तथा संवर्द्धन सम्बन्धी कार्यविधि अनुसार बालकोषको रकम परिचालनको लागि स्थानीय बाल अधिकार समितिले निर्णय गर्नुपर्दछ ।
- संरक्षण सेवा प्रवाहको अनुगमन तथा फलोअप बाल कल्याण अधिकारीले समाजसेवीको सहयोगमा गर्नुपर्छ ।

## तेस्रो दिन

## पहिलो सत्र
## बाल संरक्षण घटना व्यवस्थापन सूचना प्रणाली

**उद्देश्य**: सहभागीलाई बाल संरक्षण सम्बन्धी घटना व्यवस्थापन कार्य गर्दा गर्नुपर्ने सूचनाको प्रविष्टी, सञ्चालन र व्यवस्थापन बारे जानकार बनाउने ।

**समय**: ९० मिनेट (३० मिनेट प्रस्तुतिकरण तथा छलफलर ६० मिनेट अभ्यास)

**अपेक्षित उपलब्धि**:

- सहभागीहरू संरक्षण घटना व्यवस्थापन सम्बन्धी सूचना प्रणालीको बारेमा जानकार हुनेछन्

**मुख्य विषयवस्तु**:

- बाल संरक्षण घटना व्यवस्थापन गर्नुपर्ने घटनाहरू,
- बाल संरक्षण घटना व्यवस्थापन सम्बन्धी सूचना व्यवस्थापन सफ्टवेयर सञ्चालनको प्रकृया,

**विधि**:

- प्रस्तुति र अभ्यास

**आवश्यक तालीम सामग्री**:

- बाल संरक्षण घटना व्यवस्थापन सम्बन्धी सूचना व्यवस्थापन गर्नुपर्ने घटनाहरूको समेटिएको मेटाकार्ड (विशेष संरक्षणको आवश्यकता भएका, हिंसा तथा दुर्व्यवहारबाट पीडित तथा प्रभावित, अधिकारको उपभोगबाट वञ्चितीकरणमा परेका र अन्य जोखिममा परेका बालबालिका)
- न्यूज प्रिन्ट, फ्लिप चार्ट, मार्कर
- बाल संरक्षण घटना व्यवस्थापन सूचना प्रणाली सञ्चालन सम्बन्धी हाते पुस्तिका र भिडियो ट्यूटोरियल

**प्रक्रिया/क्रियाकलाप**:

**प्रस्तुति तथा छलफल** (३० **मिनेट**)

- सहभागीहरूलाई बाल संरक्षण घटना व्यवस्थापन सम्बन्धी सूचना व्यवस्थापनको अर्थ, महत्व र औचित्यताको बारेमा स्पष्ट पार्ने,
- बाल संरक्षणसम्बन्धी घटना व्यवस्थापन कार्य गर्दा घटना दर्ता गर्ने निकायहरू कुन कुन हुन् र सूचना प्रणालीमा प्रथमिक प्रयोगकर्ता र द्वितीय प्रयोगकर्ता को हुन् ?,
- सहभागीहरूलाई स्थानीय तहमा अनिवार्य रूपमा व्यवस्थापन गर्नुपर्ने बाल संरक्षण सम्बन्धी घटनाहरू र सो अनुसारका सूचनाहरू के के हुन सक्दछन्, ती सूचनाहरू कहाँ कहाँबाट सङ्कलन गर्ने, सङ्कलित सूचनाहरूको प्रविष्टी कसरी गर्ने, यसको सञ्चालन तथा व्यवस्थापन कसरी गर्न सकिन्छ भन्ने विषयमा सहभागितात्मक अन्तरक्रिया गर्दै प्रस्तुतिकरण गर्ने,
- सहभागीहरूलाई बाल संरक्षण सम्बन्धी सफ्टवेयरको व्यवहारिक प्रयोग तथा अभ्यासमा संलग्न गराउने ।

**निष्कर्ष:**

यस सत्रले सहभागीहरूलाई स्थानीय तहमा बाल संरक्षण घटना व्यवस्थापन सम्बन्धी सूचना व्यवस्थापन प्रणालीको बारेमा जानकारी गराउनु, यसको सञ्चालन प्रकृया र बाल संरक्षण सम्बन्धी घटनाहरूको व्यवस्थापनका लागि सफ्टवेयरको प्रयोगात्मक अभ्यास गर्न प्रारम्भिक रूपमा जानकार हुनुका साथै तालीममा प्रयोग भएका विधिले खुला छलफलमा सहभागी भै सहभागीहरूले आफ्ना धारणा तथा अनुभव बताउन सक्नेछन् ।

**मूल्याङ्कन**

यस सत्रमा हामीले के के छलफल गर्‍यौं ? भनी सहभागीहरूसँग प्रश्न गर्नुहोस् । यसको लागि सहभागीहरूसँग देहायका प्रश्नहरू गर्न सकिन्छ :

- स्थानीय तहमा बाल संरक्षण सम्बन्धी कस्ता-कस्ता घटनाहरूको सम्बोधन र गर्नुपर्दछ ?
- घटना सम्बोधन गर्दा घटना दर्ता गर्ने आधिकारिक निकाय र सेवा प्रदान गर्ने संस्था/निकाय कुन-कुन हुन् ?
- बाल संरक्षण घटना व्यवस्थापन सूचना व्यवस्थापन प्रणालीमा बालबालिका सम्बन्धी कस्ता कस्ता सूचनाहरू आवश्यक हुन्छन् ?
- बाल संरक्षण घटना व्यवस्थापन सूचना व्यवस्थापन प्रणालीको महत्व के के रहेको छ ?

सहभागीबाट आएका जवाफहरूको आधारमा समान बुझाइ कायम गर्न सहयोग गर्नुहोस् ।

## दोस्रो सत्र

## बाल अधिकार सूचना व्यवस्थापन प्रणाली

**उद्देश्य**ः सहभागीलाई बाल अधिकार सम्बन्धी सूचनाको प्रविष्टी, सञ्चालन र व्यवस्थापन गर्न सक्षम बनाउने ।

समयः ९० मिनेट (३० मिनेट खुला छलफल, ३० मिनेट अभ्यास र ३० मिनेट प्रस्तुतिकरण)

अपेक्षित उपलब्धिः

- सहभागीहरू बाल अधिकार सम्बन्धी सूचना प्रणालीको बारेमा जानकार हुनेछन्
- स्थानीय तहमा व्यवस्थापन गर्नुपर्ने बाल अधिकार सम्बन्धी सूचनाको बारेमा सहभागीहरू परिचित हुनुका साथै सूचना व्यवस्थापन प्रणालीको सञ्चालन सम्बन्धी प्रारम्भिक व्यवहारिक सीप हासिल गर्नेछन्ः

**मुख्य विषयवस्तुः**

- बाल अधिकार सम्बन्धी सूचना व्यवस्थापन प्रणाली,
- बाल अधिकार सूचना व्यवस्थापन सम्बन्धी सफ्टवेयर सञ्चालन,
- बाल अधिकार सूचना व्यवस्थापन प्रणालीमा सूचना प्रविष्टि र अद्यावधिक ।

**विधिः**

- प्रस्तुति र अभ्यास तथा खुला छलफल

**आवश्यक तालीम सामग्रीः**

- बाल अधिकार सूचना व्यवस्थापन गर्नुपर्ने सूचनाहरूको मुख्य-मुख्य शीर्षक समेटिएका मेटाकार्ड
- न्यूज प्रिन्ट, फ्लिप चार्ट, मार्कर

**प्रक्रिया/क्रियाकलापः**

प्रस्तुति, तथा खुला छलफल (३० मिनेट)

- सहभागीहरूलाई बाल अधिकार सम्बन्धी सूचना व्यवस्थापनको अर्थ, महत्व र औचित्यताको बारेमा स्पष्ट पार्ने
- सहभागीहरूलाई स्थानीय तहमा अनिवार्य रूपमा व्यवस्थापन गर्नुपर्ने बाल अधिकार सम्बन्धी सूचनाहरू के के हुन सक्दछन्, ती सूचनाहरू कहाँ कहाँबाट सङ्कलन गर्ने, सङ्कलित सूचनाहरूको प्रविष्टी कसरी गर्ने, यसको सञ्चालन तथा व्यवस्थापन कसरी गर्न सकिन्छ भन्ने विषयमा सहभागितात्मक अन्तरक्रिया गर्दै प्रस्तुतिकरण गर्ने
- सहभागीहरूलाई बाल अधिकार सम्बन्धी सूचना व्यवस्थापन गर्न निर्माण गरिएको सफ्टवेयरको व्यवहारिक प्रयोग तथा अभ्यासमा संलग्न गराउने ।

**निष्कर्ष:**

यस सत्रले सहभागीहरूलाई स्थानीय तहमा बाल अधिकार सम्बन्धी सूचना व्यवस्थापन प्रणालीको बारेमा जानकारी गराउनुका साथै बाल अधिकार सम्बन्धी सूचना व्यवस्थापनका लागि निर्माण गरिएको सफ्टवेयरको सञ्चालन सम्बन्धी प्रयोगात्मक अभ्यास गर्न प्रारम्भिक रूपमा जानकार हुनुका साथै तालीममा प्रयोग भएका विधिले खुला छलफलमा सहभागी भै सहभागीहरूले आफ्ना धारणा तथा अनुभव बताउन सक्नेछन् ।

**मूल्याङ्कन**

यस सत्रमा हामीले के के छलफल गऱ्यौं ? भनी सहभागीहरूसँग प्रश्न गर्नुहोस् । यसको लागि सहभागीहरूसँग देहायका प्रश्नहरू गर्न सकिन्छ :

- स्थानीय तहमा बाल अधिकार सम्बन्धी कस्ता कस्ता सूचना संकलन कसरी गर्नुपर्दछ?
- बाल अधिकार सूचना व्यवस्थापन प्रणाली CRIMS कसले र कसरी सञ्चालन गर्ने ?
- बाल अधिकार सूचना व्यवस्थापन प्रणालीको महत्व के के रहेको छ?

सहभागीबाट आएका जवाफहरूको आधारमा समान बुझाइ कायम गर्न सहयोग गर्नुहोस् ।

**अध्ययन सामग्री**

**बाल अधिकार तथा संरक्षण सम्बन्धी सूचना व्यवस्थापन**

## १.१ परिचय

एक वा बढी स्रोतहरूबाट सूचना तथा जानकारीको संकलन, प्रशोधन, संरक्षण, आवश्यकता अनुसार वितरण तथा नियमित अद्यावधिक गर्ने कार्य नै सूचना व्यवस्थापन हो । सूचना व्यवस्थापनले कुनै पनि नीति, योजना, कार्ययोजना तथा कार्यक्रम निर्माण तथा कार्यान्वयनमा सहयोग गर्दछ । बाल अधिकार संरक्षण सम्बन्धी सूचनाहरूको व्यवस्थापन भन्नाले बालबालिकाको अवस्था लगायत बालबालिकासँग सरोकार राख्ने सम्पूर्ण कानूनी तथा नीतिगत व्यवस्था, संयन्त्रहरूको व्यवस्था, कार्यक्रमिक व्यवस्था सम्बन्धी सूचना व्यवस्थापन कार्यलाई जनाउँछ । बाल अधिकार संरक्षण सम्बन्धी सूचनाहरू अधिकांस रूपमा स्थानीय तहमा नै प्रथमिक स्रोतको रूपमा र कतिपय सूचनाहरू बाह्य स्रोतको आधारमा व्यवस्थापन गर्न सकिन्छ ।

बाल अधिकार संरक्षण सम्बन्धी सूचना संकलन तथा व्यवस्थापन गर्दा विशेषतः स्थानीय तहमा बाल अधिकारको कार्यान्वयनका लागि भएका नीतिगत, संयन्त्र, कार्यक्रमिक, संरक्षण सेवा तथा स्रोतको उपलब्धता सम्बन्धी, उपलब्ध नीति, संयन्त्र तथा कार्यक्रम तथा सेवामा बालबालिकाको पहुँच सम्बन्धी तथा उपलब्ध स्रोत र साधनमा बालबालिकाको पहुँचबाट प्राप्त उपलब्धिहरूको (Availability, Accessibility and Output) सूचना व्यवस्थापन गर्न आवश्यक रहन्छ ।

## १.२ सूचना व्यवस्थापनको महत्व

स्थानीय तहका बाल अधिकार सम्बन्धी सूचनाहरूको संकलन गर्नु आवश्यक हुन्छ । सूचनाको आधारमा नै स्थानीय तहमा बाल अधिकारको अवस्था कस्तो छ ? बाल अधिकारका कुन कुन पक्षहरूमा कमजोरी रहेको छ ? र आगामी दिनमा कस्तो किसिमको नीति, योजना तथा कार्यक्रम निर्माण गर्ने भन्ने विषयमा सहजता रहन्छ र सूचनाले नै स्थानीय तहको बाल अधिकार संरक्षण र प्रवर्धनका लागि मार्गदर्शन प्रदान गर्दछ । यसबाट स्थानीय तहलाई बालमैत्री स्थानीय तह बनाउन तथा बालबालिका प्रतिको राज्यको दायित्व कार्यान्वयनका लागि सहजीकरण हुन्छ । स्थानीय

तहमा बाल अधिकार संरक्षण सम्बन्धी सूचना व्यवस्थापनको देहाय बमोजिमको महत्व रहेको छः-

- बाल अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघीय महासन्धि, १९८९ अनुसार आवधिक रूपमा संयुक्त राष्ट्र संघीय बाल अधिकार समितिमा नेपाल सरकारले पेश गर्ने प्रतिवेदनमा सहयोग गर्ने तथा बालबालिका सम्बन्धी ऐन २०७५ बमोजिम स्थानीय तहमा बालबालिका सम्बन्धी स्थिति प्रतिवेदन तयार गर्ने,
- नेपालको कानूनी व्यवस्था अनुसार स्थानीय तहमा बालबालिका तथा बाल अधिकार कार्यान्वयनको अवस्था बारे जानकार हुन,
- स्थानीय तहमा बालबालिका लक्षित नीति, योजना, कार्ययोजना तथा कार्यक्रम तर्जुमा गर्ने,
- बामैत्री स्थानीय तह निर्माणका लागि सहयोग गर्ने ।

### १.३ कानूनी तथा नीतिगत व्यवस्था

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ४८ बमोजिम विशेष संरक्षणको आवश्यकता भएका बालबालिका, दफा ४९ बमोजिम वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिका, दफा ५ मा बालबालिकाले संस्था खोल्ने व्यवस्था, दफा ६६ मा बालबालिका विरुद्धको कसूर लगायतका विषयहरूमा संघ, प्रदेश र स्थानीय तह गरी तीनै तहबाट बालबालिका सम्बन्धी खण्डिकृत तथ्याङ्कहरूको अभिलेखीकरण तथा व्यवस्थापन गर्नुपर्ने जरुरी देखिन्छ ।

बाल अधिकार सम्बन्धी महासन्धी, १९८९ र यस अन्तर्गतका ऐच्छिक आलेखहरू अन्तर्गत संयुक्त राष्ट्र संघको बाल अधिकार समितिले सन् २०१६ जुन ३ मा पारित गरेको समापन टिप्पणीले गरेको राज्यले बालबालिकाको आवश्यकतालाई सम्बोधन गर्न बालबालिकाको सर्वोत्तम हित, सबै किसिमका हिंसाहरू र विशेष संरक्षणको उचित सम्बोधन, पारिवारिक वातावरण र वैकल्पिक स्याहार, अपाङ्गता भएका बालबालिकाको आधारभूत आवश्यकता, शिक्षा पाउने अधिकार, पहिचानको अधिकार, शारीरिक दण्डरसजाँय तथा दुर्व्यवहार लयागतका परिपाटिको अन्त्य गर्ने विषयहरूका लागि कानूनी व्यवस्था गरी योजना र अनुगमन, खण्डीकृत सूचना व्यवस्थापन, बालबालिकाको लगानीमा बृद्धि, संस्थागत सुदृढीकरण जस्ता विषयमा ध्यान दिन सरकारलाई सुझाएको विषयहरूको कार्यान्वयन गर्नु आवश्यक रहेको छ ।

बालबालिकाको बेचबिखन, यौनशोषण र अश्लील चित्रण सम्बन्धी इच्छाधिन आलेख र सशस्त्र संघर्षमा बालबालिकाको संलग्नता सम्बन्धी इच्छाधिन आलेखको समापन टिप्पणीमा पनि सरकारले बालबालिकाको लागि पर्याप्त बजेटको व्यवस्था गर्नुपर्ने, अनुगमन र खण्डीकृत सूचना व्यवस्थापन गर्नुपर्ने लगायतका सुझाएका दिएकोले सो को कार्यान्वयन गर्नुपर्ने अवस्था रहेको छ । यसै गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को खण्ड ९(च) मा गाँउपालिका तथा नगरपालिकाले स्थानीय तथ्याङ्क र अभिलेख संकलन तथा व्यवस्थापन गर्नुपर्ने व्यवस्था रहेको छ ।

### १.४ बालबालिका सम्बन्धी सूचना संकलन तथा व्यवस्थापन गर्नुपर्ने विषयहरू

स्थानीय तहमा बाल अधिकारको कार्यान्वयनका लागि भएका कानूनी तथा नीतिगत व्यवस्थाहरू, ऐन तथा नीतिहरूद्वारा व्यवस्था भएका बाल अधिकार संरक्षण संयन्त्रहरूको व्यवस्था, कार्यक्रमिक, बाल संरक्षणका सवालहरू र प्रभावित बालबालिका तथा बालसंरक्षण सम्बन्धी अवस्था लगायतका देहायका विषयहरूको खण्डिकृत सूचना संकलन गर्नु आवश्यक रहेको छ । विशेष गरी स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा बालबालिका सम्बन्धी ऐन, २०७५ ले व्यवस्था गरे बमोजिम देहाय बमोजिमका सूचना संकलन तथा व्यवस्थापन गर्नु आवश्यक पर्दछः-

क) बाल अधिकारको कार्यान्वयनका लागि कानूनी तथा नीतिगत व्यवस्थाहरूको सूचना संकलन

ख) बाल अधिकार संरक्षण सम्बन्धी संयन्त्रहरूको सूचना

ग) चालु आ.व.को बजेट बक्तव्यमा बालबालिकाको लागि भएको व्यवस्था सम्बन्धी विवरण

घ) बालबालिकाको खण्डिकृत जनसांखिक विवरण

ङ) बालबालिकाको नागरिक अधिकार र स्वतन्त्रता सम्बन्धी विवरण

च) बालबालिका विरुद्धको हिंसा, दुर्व्यवहार सम्बन्धी विवरण

छ) बालबालिकाको पारिवारिक संरक्षण सम्बन्धी विवरण

ज) अपाङ्गता भएका बालबालिका सम्बन्धी विवरण

झ) बाल स्वास्थ्य सम्बन्धी विवरण

ञ) बालबालिकाको शिक्षा सम्बन्धी विवरण

ट) विशेष संरक्षणको आवश्यकता भएका बालबालिका सम्बन्धी विवरण (ऐनको दफा ४८ बमोजिमका)

ठ) वैकल्पिक स्याहारमा रहेका बालबालिकाको विवरण

ड) स्थानीय तहमा रहेका बालगृह, पुनःस्थापना केन्द्र र अस्थायी संरक्षण सेवा केन्द्रहरू र आश्रित बालबालिकाको विवरण

ढ) सडक बालबालिका सम्बन्धी विवरण

ड) बालबालिका लक्षित लागू पदार्थ दुर्व्यसनी उपचार र पुनःस्थापना केन्द्र तथा लाभान्वित बालबालिकाको विवरण

ढ) बाल सुधार गृहमा रहेका बालबालिकाको विवरण

ण) विपदबाट पीडित तथा प्रभावित बालबालिकाको विवरण

उल्लेखित विवरणहरूको आधारमा स्थानीय तहमा बालबालिका सम्बन्धी खण्डिकृत सूचना व्यवस्थापन गर्न आवश्यक रहन्छ। सामन्यतया खण्डिकृत सूचना व्यवस्थापन गर्दा माथि उल्लेखित गरिएका विषयहरूमा देहाय बमोजिमको सूचनाहरू व्यवस्थित गर्नु पर्दछ ।

स्थानीय तहभित्र रहेका बालबालिकाको जनसंख्या सम्बन्धी विवरण

❖ कानूनी तथा नीतिगत व्यवस्था निर्माण तथा कार्यान्वयनका सम्बन्धमा बालबालिका सम्बन्धी विशेष ऐन, नीति, निर्देशिका, कार्यविधि, मापदण्ड, रणनीति, योजना तथा कार्य योजना लगायतका कानूनी तथा नीतिगत व्यवस्था सम्बन्धी विवरण

❖ बाल अधिकार संरक्षण संयन्त्रहरूको व्यवस्था सम्बन्धमा बाल अधिकार समितिको गठनको अवस्था र सदस्यहरू, बाल कोष वा बाल उद्धार कोषको व्यवस्था र परिचालन, बाल मनोविज्ञ वा समाजसेवीको सूचीकरण र परिचालन, बाल श्रम निवारण समितिको व्यवस्था तथा बाल मैत्री स्थानीय शासन सम्बन्धी समितिको व्यवस्था लगायत अन्य बाल अधिकार संरक्षण सम्बन्धी संयन्त्रहरू सम्बन्धी जानकारी

❖ विद्यालय शिक्षा अन्तर्गतका भौतिक पूर्वाधार, दिवा खाजा कार्यक्रम, स्वयंसेवी शिक्षक भर्ना, पुस्तकालय निर्माण, रेडियो र टेलिभिजनबाट शिक्षण कार्य सञ्चालन

तथा अनलाईन शिक्षा विस्तार, विपन्न दलित, मुस्लिम तथा जेहेन्दार विद्यार्थीको छात्रवृत्ति, छात्राहरूको आत्म रक्षा तालिम, विद्यालय नर्सिङ तथा विशेष अभियानमूलक कार्यक्रमहरू र सो को लागि विनियोजित बजेटको विवरण, आधारभूत शिक्षा तथा माध्यामिक तहको शिक्षामा बालबालिकाको भर्नादर, टिकाउदर, सिकाइ उपलब्धि, विद्यालय र विद्यार्थी संख्या, शिक्षक व्यवस्थापन, शिक्षक संख्या, माध्यमिक शिक्षा परीक्षा, बालबालिकाको खेलकुदमा सहभागिता, जुनियर रेडक्रस, विद्यालय स्वास्थ्य शिक्षा, विद्यालयमा सञ्चालित अतिरिक्त क्रियाकलाप, प्राविधिक शिक्षाको व्यवस्था, विशेष शिक्षा कार्यक्रम, बाल पुस्तकालय तथा बाल उद्यान लगायतका विवरण ।

- ❖ बालस्वास्थ्य कार्यक्रम अन्तर्गत बाल पोषण सम्बन्धी, खोप सम्बन्धी, सरूवा रोग रोकथाम तथा नियन्त्रण सम्बन्धी, बाल अस्पताल, निःशुल्क आधारभूत स्वास्थ्य सेवा, मातृशिशु स्याहार, बाल रोग विशेषज्ञ/चिकित्सक, बालबालिका बिरामी भई अस्पताल रिफर गरिएका घटना, लगायत अभियानमूलक कार्यक्रम र सो का लागि विनियोजित बजेटको विवरण
- ❖ बाल संरक्षण अन्तर्गत यौन हिंसा, बलात्कार नियन्त्रण, बालविवाह रोकथाम तथा नियन्त्रण, कुप्रथा उन्मुलन, बालश्रम न्यूनीकरण, जोखिममा परेका बालबालिकालाई सहयोग तथा उद्धार लगायत अभियानमूलक कार्यक्रमहरू र सो का लागि विनियोजित बजेट सम्बन्धी विवरण
- ❖ विशेष संरक्षणको आवश्यकता भएका बालबालिका अन्तर्गत देहाय बमोजिमको विवरण
- ❖ अनाथ बालबालिका,
- ❖ अस्पताल वा अन्य कुनै सार्वजनिक स्थानमा अलपत्र अवस्थामा छाडिएका वा फेला परेका, बाबुआमाबाट अलग्गिएका वा बाबुआमा पत्ता नलागी बेवारिसे भएका बालबालिका,
- ❖ बाबुआमालाई गम्भीर शारीरिक वा मानसिक अपाङ्गता वा अशक्तता भएको कारण उचित हेरचाह नपाएका बालबालिका,

- कानूनी विवादमा परेका बालबालिकामध्ये दिशान्तर प्रक्रिया अन्तर्गत वैकल्पिक हेरचाहको लागि सीफारिस भएका बालबालिका,
- थुनामा रहेका वा बन्दी बाबु वा आमासँग आश्रित भई कारागारमा रहेका बालबालिका,
- जबरजस्ती करणी वा कानून बमोजिम सजाय हुने हाडनाताबाट जन्मिएको शिशुलाई आफूले पालनपोषण गर्न नसक्ने भनी बाल कल्याण अधिकारी समक्ष निवेदन परेका बालबालिका,
- बाबु, आमा वा अभिभावकबाट दुर्व्यवहार, हिंसा वा बेवास्ता भएको कारणले बालबालिकाको उच्चतम हितको लागि परिवारबाट अलग गरिएका बालबालिका,
- जबरजस्ती वा बँधुवा प्रकृतिका वा जोखिमपूर्ण वा निकृष्ट प्रकृतिको वा प्रचलित कानून विपरीत श्रममा संलग्न भई जीवनयापन गरिरहेका, धूमपान, मद्यपान एवं अन्य लागूऔषधको कुलतमा फसेका, एच.आई.भी. सङ्क्रमित बालबालिका,
- गम्भीर शारीरिक वा मानसिक स्वास्थ्य समस्या वा गम्भीर अपाङ्गता भएको कारण जीवन जोखिममा रही बाबुआमा वा परिवारबाट उपचारको व्यवस्था हुन नसकेको वा सामान्य जीवनयापन गर्न कठिनाइ भएका बालबालिका,
- बालबालिका विरुद्धको कसूरबाट पीडित भएका वा त्यस्तो जोखिममा रहेका बालबालिका,
- विपद् वा सशस्त्र द्वन्द्वका कारणले बाबुआमा दुवै वा आमा बाबुमध्ये एक गुमाएका, बेपत्ता भएका वा आफू नै शारीरिक वा मानसिक रूपमा घाइते भएका वा अपाङ्गता भएका बालबालिका,
- विपन्न दलित समुदायका बालबालिका
- वैकल्पिक स्याहारको विवरण अन्तर्गत आफन्त वा नजिकको नातेदारको, संरक्षककोमा, परिवारमा आधारित संस्थामा वा बालगृहमा वैकल्पिक स्याहार तथा संरक्षणमा रहेका बालबालिकाको विवरण, पुनःस्थापना केन्द्र तथा आश्रित बालबालिका, बाल सुधार गृह तथा आश्रित बालबालिका, अस्थायी संरक्षण सेवा प्रवन्ध तथा आश्रित बालबालिका, पारिवारिक पुनर्मिलन गरिएका बालबालिका लगायतको विवरण

- बालबालिका विरुद्धको कसूरबाट पीडित तथा प्रभावित बालबालिकाको विवरण अन्तर्गत बालबालिका विरुद्धको विभिन्न प्रकारका हिंसा तथा दुर्व्यवहार (आर्थिक, सामाजिक, शारीरिक, मानसिक तथा यौनजन्य)बाट पीडित तथा प्रभावित बालबालिकाको विवरण र सो को सम्बोधन सम्बन्धी विवरण
- बालबालिकाको नागरिक अधिकार र स्वतन्त्रता सम्बन्धमा स्थानीय तहमा जन्मदर्ता भएका बालबालिका, बालक्लब र बाल सञ्जाल र आवद्ध बालबालिका, स्थानीय तहमा योजना प्रक्रियामा बालबालिकाको सहभागिता, स्थानीय तहमा सञ्चालनमा रहेका बालबलिका लक्षित कार्यक्रम सञ्चालन गर्ने टेलिभिजन, रेडियो, पत्रपत्रिका तथा भित्तेपत्रिकाको विवरण र बालबालिकाको लागि स्थानीय भाषामा निर्माण गरिएको पाठ्यक्रमको विवरण
- बालबालिका बिरूद्धको हिंसा, दुर्व्यवहार सम्बन्धी सूचनाहरूको सम्बन्धमा स्थानीय तहमा बाल हेल्पलाईनको पहुँच र लाभान्वित बालबालिका संख्या, बाल हेल्पलाईनमा स्थानीय तहको लगानी, बाल विवाहसम्बन्धी प्रकासमा आएका घटना, बाल विवाह रोकिएका घटना, हिंसा तथा दुर्व्यवहारमा परेका बालबालिका, स्थानीय तहले सम्बोधन गरेका घटनाहरू लगायतका विवरणहरू
- **बालबालिकाको पारिवारिक संरक्षण सम्बन्धी सूचनाहरू अन्तर्गत बाल संरक्षणको विषयमा** अभिभावक लक्षित कार्यक्रम तथा लाभान्वित परिवार र बालबालिका, स्थानीय तहभित्रका अनाथ बालबालिका, सामाजिक सुरक्षा कार्यक्रम र लाभान्वित बालबालिका, स्थानीय तहका स्थानीय तह बाहिर रहेका बालबालिका, धर्मपुत्र, धर्मपुत्री ग्रहण गरिएका बालबालिका तथा धर्मपुत्र, धर्मपुत्री ग्रहण गर्नका लागि सूचीकृत भएका बालबालिकाको विवरण
- **अपाङ्गता भएका बालबालिका सम्बन्धी विवरण** अन्तर्गत विभिन्न प्रकारका अपाङ्गता भएका बालबालिका, अपाङ्गता भएका बालबालिका लक्षित भौतिक संरचना, संयन्त्र तथा कार्यक्रम सम्बन्धी विवरण

### १.५ बाल संरक्षण सूचना संकलनका स्रोतहरू

स्थानीय तहमा बालबालिका सम्बन्धी सूचना तथा जानकारीका लागि कतिपय सूचना तथा जानकारी प्रथमिक स्रोतबाट नै प्राप्त गर्न सकिनेछ भने कतिपय सूचनाहरू अन्य बाह्य स्रोतहरूबाट

संकलन गर्नुपर्ने हुन्छ । बालसंरक्षणका सवालहरूहरू सामान्यतया स्थानीय तहमा संकलन गर्नुपर्ने बाल अधिकार सम्बन्धी सूचनाहरू निम्न बमोजिम प्राप्त गर्न सकिन्छः-

| **सूचनाहरू** | **स्रोतहरू** |
|---|---|
| क) बाल अधिकारको कार्यान्वयनका लागि कानूनी तथा नीतिगत व्यवस्थाहरूको सूचना संकलन | सम्बन्धीत स्थानीय तह |
| ख) बाल अधिकार संरक्षण सम्बन्धी संयन्त्रहरूको सूचना | स्थानीय तह |
| ग) चालु आ.व.को बजेट बक्तव्यमा बालबालिकाको लागि भएको व्यवस्था सम्बन्धी विवरण | सम्बन्धीत स्थानीय तह |
| घ) बालबालिकाको खण्डिकृत जनसांखिक विवरण | केन्द्रिय तथ्याङ्क विभाग |
| ङ) बालबालिकाको नागरिक अधिकार र स्वतन्त्रता सम्बन्धी विवरण | सम्बन्धीत स्थानीय तह |
| च) बालबालिका बिरूद्धको हिंसा, दुर्व्यवहार सम्बन्धी विवरण | सम्बन्धीत स्थानीय तह, स्थानीय प्रहरी |
| छ) बालबालिकाको पारिवारिक संरक्षण सम्बन्धी विवरण | सम्बन्धीत स्थानीय तह |
| ज) अपाङ्गता भएका बालबालिका सम्बन्धी विवरण | सम्बन्धीत स्थानीय तह |
| झ) बाल स्वास्थ्य सम्बन्धी विवरण | सम्बन्धीत स्थानीय तह |
| ञ) बालबालिकाको शिक्षा सम्बन्धी विवरण | सम्बन्धीत स्थानीय तह |
| ट) विशेष संरक्षणको आवश्यकता भएका बालबालिका सम्बन्धी विवरण (ऐनको दफा ४८ बमोजिमका) | सम्बन्धीत स्थानीय तह |
| ठ) वैकल्पिक स्याहारमा रहेका बालबालिकाको विवरण | सम्बन्धीत स्थानीय तह |
| ड) स्थानीय तहमा रहेका बालगृह, पुनःस्थापना केन्द्र र अस्थायी संरक्षण सेवा केन्द्रहरू र आश्रित बालबालिकाको विवरण | सम्बन्धीत स्थानीय तह |
| ढ) सडक बालबालिका सम्बन्धी विवरण | सम्बन्धीत स्थानीय तह |
| ड) बालबालिका लक्षित लागू पदार्थ दुर्व्यसनी उपचार र पुनःस्थापना केन्द्र तथा लाभान्वित बालबालिकाको विवरण | सम्बन्धीत स्थानीय तह |
| ढ) बाल सुधार गृहमा रहेका बालबालिकाको विवरण | सम्बन्धीत स्थानीय तह, बाल सुधार गृह |
| ण) विपद्‌बाट पीडित तथा प्रभावित बालबालिकाको विवरण | स्थानीय तह, स्थानीय प्रहरी |

### १.६ सूचना तथा तथ्याङ्कको प्रशोधन र अद्यावधिक

स्थानीय तहमा संकलन तथा व्यवस्थापन गरिएका सूचनाहरू सही छ या छैन भन्ने विषयमा अध्ययन गरी सो को प्रशोधन गर्न आवश्यक रहन्छ। संकलन गरिएको तथ्याङ्कको विश्वशनियता र वैधता नभएमा त्यस्ता तथ्याङकहरूको प्रशोधन गर्नु आवश्यक हुन्छ। सामान्यतया तथ्याङ्क तथा जानकारीको वैधता र विश्वसनीयता अभिवृद्धिका लागि निम्न बमोजिम सूचना तथा जानकारीको विश्लेषण गर्नु आवश्यक रहन्छः-

- स्थानीय तहबाट नै संकलन गरिएका बाल अधिकार संरक्षण सम्बन्धी तथ्याङ्कहरूको दोहोरो गणना भएको नभएको एकिन गर्ने
- खण्डिकृत रूपमा तथ्याङ्क संकलन तथा व्यवस्थापन गर्दा कुनै एक शीर्षकमा हुनुपर्ने तथ्याङ्क अर्को शीर्षकमा रहे-नरहेको एकिन गर्ने
- तथ्याङ्क संकलनका लागि प्रयोग गरिएको फारामहरूमा आवश्यक सूचना तथा जानकारी सहि तरिकामा दर्ता भए नभएको एकिन गर्ने
- अद्यावधिक सूचना तथा तथ्याङ्क हो वा हैन एकिन गर्ने

संकलन गरिएका तथ्याङकहरू विशेषगरी बाल संरक्षणका घटना तथा सम्बोधन सम्बन्धी सूचना तथा तथ्याङ्क नियमित रूपमा अद्यावधिक गर्नुपर्ने हुन्छ भने कतिपय बाल स्वास्थ्य सम्बन्धी तथ्याङ्कहरू स्थानीय तहको स्वास्थ्य शाखामार्फत सञ्चालनमा रहेको HMIS, बालबालिकाको शिक्षाको अधिकारको कार्यान्वयन सम्बन्धी तथ्याङ्कहरू स्थानीय तहले सञ्चालन गर्ने EMIS मार्फत अद्यावधिक गर्न सकिन्छ। स्थानीय तहमा रहेका बाल अधिकार सम्बन्धी कानूनी व्यवस्था तथा संयन्त्रहरू आवश्यकता अनुसार त्रैमासकि वा अर्धवार्षिक रूपमा अद्यावधिक गर्न सकिन्छ।

राष्ट्रिय बाल अधिकार परिषद्ले बाल संरक्षण सम्बन्धी घटना व्यवस्थापन प्रक्रियालाई सहजीकरण गर्न बाल संरक्षण घटना व्यवस्थापन सूचना व्यवस्थापन प्रणाली (CPIMS) र बाल अधिकार सूचना व्यवस्थापन प्रणाली (CRIMS) निर्माण गरी रहेको छ।

### १.७ सूचना तथा तथ्याङ्कको विश्लेषण र प्रतिवेदन

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा दफा ५८ को उपदफा (१) मा बालबालिकाको पालनपोषण र हेरचाह गर्ने जिम्मा लिएका व्यक्ति, संरक्षक वा संस्थाले बालबालिका सम्बन्धी

विवरण प्रत्येक आर्थिक वर्ष समाप्त भएको ३ महिनाभित्र सम्बन्धीत बाल कल्याण अधिकारी मार्फत स्थानीय बाल अधिकार समिति समक्ष पेश गर्नुपर्ने व्यवस्था रहेको छ । बालबालिका सम्बन्धी नियमावली (दोस्रो संशोधन २०७६),२०५१ को नियम ८ को उपनियम (३) मा स्थानीय बाल अधिकार समितिले सम्बन्धीत स्थानीय तहमा बालबालिका तथा बाल अधिकारको अवस्था समेट्ने गरी बालबालिका सम्बन्धी स्थानीय प्रतिवेदन सम्बन्धीत स्थानीय कार्यपालिकाको स्वीकृति लिई प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीस दिन भित्र सार्वजनिक गर्नुपर्ने प्रावधान रहेको छ । यस सम्बन्धमा स्थानीय तहमा संकलन तथा व्यवस्थापन गरिएका बाल अधिकार संरक्षण सम्बन्धी सूचनाहरूको विषयगत रुमा विश्लेषण गरी सो को प्रतिवेदन तयार गर्नु आवश्यक पर्दछ।

यसैगरी बालबालिका सम्बन्धी नियमावली (दोस्रो संशोधन २०७६),२०५१ को नियम १३ मा बालकल्याण अधिकारीको काम कर्तव्य र अधिकारमा तोकिएको जिम्मेवारीको आधारमा संकलन गरिएको सूचना तथा तथ्याङ्कलाई आधार मानि बालबालिकाको हक, हितको संरक्षणका लागि स्थानीय योजना एवम् कार्यक्रम तर्जुमा गर्नका लागि स्थानीय तहलाई तथ्यगत रूपमा सहयोग गर्न र स्थानीय बाल अधिकार समितिमा बाल अधिकार संक्षण सम्बन्धी प्रतिवेदन उपलब्ध गराउन सहयोग पुग्दछ ।

- स्थानीय तहमा बालबालिका तथा बाल अधिकारको अवस्था सम्बन्धी विवरण सहितको स्थिति प्रतिवेदन तयार गरी, सम्बन्धीत स्थानीय तह, प्रदेश बाल अधिकार समिति, राष्ट्रिय बाल अधिकार परिषद्मा पेश गर्ने,
- वैकल्पिक हेरचाहमा रहेका बालबालिकाको पालनपोषण र हेरचाह गर्न जिम्मा लिएका व्यक्ति, संरक्षक, नातेदार वा संस्थामा रहेका बालबालिका सम्बन्धी विवरण प्रत्येक आर्थिक वर्ष समाप्त भएको ३ महिनाभित्र सम्बन्धीत बाल कल्याण अधिकारीले स्थानीय बाल अधिकार समिति समक्ष पेश गर्ने ।

## तेस्रो सत्र

## बालमैत्री स्थानीय शासनको अवधारणा र अभ्यास

**उद्देश्य:** सहभागीहरूलाई बालमैत्री स्थानीय शासनको अवधारणा र अभ्यासबारे स्पष्ट गराउने ।

**समय:** ९० मिनेट (३० मिनेट सामूहिक छलफल, ३० मिनेट प्रस्तुतिकरण र ३० मिनेट संक्षेपीकरण)

**अपेक्षित उपलब्धि:**

- सहभागीहरू बालमैत्री स्थानीय शासनको अवधारणा, अभ्यासका बारेमा जानकार हुनेछन्,
- बालमैत्री स्थानीय शासन प्रवर्धनका लागि स्थानीय बाल अधिकार समिति, बाल कल्याण अधिकारीको भूमिकाको विषयमा स्पष्ट हुने छन् ।

**मुख्य विषयवस्तु:**

- बालमैत्री स्थानीय शासनको अवधारणा, सिद्धान्त, रणनीति,
- बालमैत्री स्थानीय शासन कार्यान्वयनको तहगत खुड्किला,
- बालमैत्री स्थानीय शासनका सूचकहरू तथा वर्तमान अवस्था,
- बालमैत्री स्थानीय शासनको प्रवर्धनमा स्थानीय बाल अधिकार समिति र बाल कल्याण अधिकारीको भूमिका ।

**विधि:**

- समूह छलफल, जोडी पहिचान तथा प्रस्तुति,
- प्रस्तुतिकरण ।

**आवश्यक तालीम सामग्री:**

- बालमैत्री स्थानीय शासन कार्यान्वयनको तहगत खुड्किला र यसको व्याख्या सहितको छुट्टाछुट्टै मेटाकार्ड,
- बालमैत्री स्थानीय शासनका सूचकहरू तथा स्थानीय बाल अधिकार समिति र बाल कल्याण अधिकारीको भूमिका लेखिएको मेटाकार्ड,
- न्यूज प्रिन्ट, फ्लिप चार्ट, मार्कर ।

**प्रक्रिया/क्रियाकलाप:**

समूह छलफल, जोडी पहिचान र खुला छलफल (३० मिनेट)

- सहभागीबीच बालमैत्री भनेको के हो, बालमैत्री स्थानीय शासन के हो, बालमैत्री स्थानीय शासन किन आवश्यक छ भन्ने विषयहरूमा सहभागितात्मक अन्तरक्रिया मार्फत बालमैत्री स्थानीय शासनको अवधारणाको बारेमा स्पष्ट पार्ने,
- बालमैत्री स्थानीय शासनको तहगत खुड्किलालाई तालीम कक्षको भित्तामा टाँस्ने,
- बालमैत्री स्थानीय शासनको तहगत खुड्किला र यसको व्याख्या सहितको मेटाकार्ड सहभागीहरूलाई उपलब्ध गराउने र जोडी पहिचानका लागि अनुरोध गर्ने,
- जोडी पहिचान पश्चात तहगत खुड्किला र यसको व्याख्याको विषयमा प्रस्तुतिकरण गर्ने
- यो प्रक्रिया बालमैत्री स्थानीय शासनको सूचकको हकमा पनि दोहोर्याउने,
- छलफल भए अनुसारका विषयहरूलाई समेत समेटेर बालमैत्री स्थानीय शासनको अवधारणा, सिद्धान्त, रणनीति, बालमैत्री स्थानीय शासन कार्यान्वयनको तहगत खुड्किला, बालमैत्री स्थानीय शासनका सूचकहरू तथा वर्तमान अवस्था, बालमैत्री स्थानीय शासनको प्रवर्धनमा स्थानीय बाल अधिकार समिति र बाल कल्याण अधिकारीको भूमिका बारेमा संक्षेपीकरण सहितको प्रस्तुतिकरण गर्ने ।

**निष्कर्ष:**

यस सत्रले सहभागीहरूलाई बालमैत्री स्थानीय शासनको अवधारणा र कार्यान्वयन अभ्यासको विषयमा स्पष्ट पार्नुका साथै तालीममा प्रयोग भएका विधिले खुला छलफलमा सहभागी भै सहभागीहरूले आफ्ना धारणा तथा अनुभव बताउन सक्नेछन् ।

**मूल्याङ्कन**

यस सत्रमा हामीले के के छलफल गर्‍यौं ? भनी सहभागीहरूसँग प्रश्न गर्नुहोस् । यसको लागि सहभागीहरूसँग देहायका प्रश्नहरू गर्न सकिन्छ :

- बालमैत्री शासन भनेको के हो ?
- बालमैत्री स्थानीय शासन भनेको के हो ?
- बालमैत्री स्थानीय शासनका चरण तथा सूचकहरू के के रहेका छन् ?
- बालमैत्री शासन प्रवर्धनका लागि स्थानीय बाल अधिकार समिति र बाल कल्याण अधिकारीको भूमिका के के छन् ?

सहभागीबाट आएका जवाफहरूको आधारमा समान बुझाइ कायम गर्न सहयोग गर्नुहोस् ।

## अध्ययन सामग्री

## बालमैत्री स्थानीय शासनः एक परिचय

**विषयप्रवेशः**

बालबालिकाको हक हित र अधिकारको सम्मान, संरक्षण, परिपूर्ति र पालनाका साथै प्रवर्धन गर्ने क्रममा कल्याणकारी सोचमा विस्तार परिवर्तन आई अधिकारमूखी अवधारणाको अभ्यास भए सँगै बालबालिका केन्द्रित नयाँ अवधारणाको विकास तथा विस्तार भएको देखिन्छ । यसै सन्दर्भमा बालबालिकालाई सुशासनसँग जोड्ने पछिल्लो अवधारणा भनेको बालमैत्री शासन हो । बालबालिकाको लागि सुशासन भन्नाले बालबालिकालाई पहिलो प्राथमिकतामा राख्ने राजनीति, बालबालिकालाई हानि, दुर्व्यवहार, शोषण, हिंसाबाट संरक्षण गर्ने कानून, बालबालिकाको लागि लगानी, बालबालिकाको विचार र भावनाको कदर गर्ने र बालबालिकाको कुरा सुन्ने सरकार भन्ने बुझिन्छ । विश्वव्यापी, अन्तर्राष्ट्रिय तथा क्षेत्रीय स्तरमा जनाएको प्रतिवद्धता बमोजिम नेपाल बालबालिकाको हक, हित र अधिकारको संरक्षण तथा संवर्द्धनका लागि संवैधानिक, कानूनी, नीतिगत, संरचनागत तथा कार्यक्रमिक रूपमा प्रतिवद्ध रहे बमोजिम बालमैत्री स्थानीय शासनको कार्यान्वयन तथा प्रवर्धनका लागि समेत नेपाल संवेदनशील रहेको छ । नेपालको संविधान, बालबालिका सम्बन्धी ऐन २०७५, स्थानीय सरकार सञ्चालन ऐन २०७४, मुलुकी देवानी संहिता २०७४, बालश्रम (निषेध र नियमित) ऐन २०५६, पन्ध्रौ योजना, दीगो विकास लक्ष्यमा बालमैत्री वातावरण, बालमैत्री सेवा, बालमैत्री शासनका विषयहरू समावेश गरिएका छन् । संङ्घीयताको कार्यान्वयन हुनु अघि बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति तथा कार्यान्वयन कार्यविधि २०६८, बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि २०७० बमोजिम स्थानीय निकायहरूले बालमैत्री शासनको अवलम्वन तथा घोषणा गर्ने क्रम रहेकोमा संघीयताको कार्यान्वयन पछि स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम स्थानीय तह तथा वडाहरू बालमैत्री घोषणा भै रहेका छन् । यसैगरी विकास साझेदार तथा गैससहरूले स्थानीय तह तथा वडाहरूलाई बालमैत्री बनाउन सहयोग तथा सहजीकरण गरिरहेका छन् ।

संघीयताको कार्यान्वयन सँगै आधारभूत शिक्षा, आधारभूत स्वास्थ्य सम्बन्धी विषय स्थानीय तहको एकल अधिकारको सूचीमा रहनु तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले बालमैत्री शासन सम्बन्धी अधिकार वडा समितिको काम, कर्तव्य र अधिकार भित्र राख्नुले बालमैत्री कार्यक्रम तर्जुमा कार्यान्वयन लगायतका सबै कार्य स्थानीय तहको जिम्मेवारीमा पर्ने देखिन्छ । यस कार्यको

सहजीकरणका लागि बालमैत्री स्थानीय शासनलाई स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शनमा प्राथमिकता दिनुपर्ने विषयको रूपमा समावेश गरिएको छ भने स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानबाट प्रदान गरिने तालिमको पाठ्यवस्तुमा बालमैत्री स्थानीय शासनको विषय समेत समावेश गरिएको छ । सोही बमोजिम केही स्थानीय तहले बालमैत्री शासन प्रवर्धनका लागि कानूनी, नीतिगत, कार्यक्रमगत प्रयासका साथै बजेट विनियोजन, समन्वय तथा सहकार्यलाई उच्च प्राथमिकतामा राखेको समेत पाइन्छ ।

**बालमैत्री स्थानीय शासनको आयामहरू**

बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ अनुसार "बालमैत्री शासन" भन्नाले *गैर विभेदीकरण, बालबालिकाको सर्वोत्तम हित, सर्वाङ्गीण विकास र अर्थपूर्ण सहभागिता*को सिद्धान्तमा आधारित भई बाल बचाउ, बाल संरक्षण, बाल विकास र अर्थपूर्ण बाल सहभागिता जस्ता बाल अधिकारका सवाललाई स्थानीय तहको नीति, योजना, संरचना, प्रणाली र कार्य प्रक्रियामा संस्थागत गर्ने शासकीय पद्धति हो । यो अवधारणाले बाल अधिकारको सम्मान, संरक्षण र संवर्द्धन गर्न राज्यको तर्फबाट गरिने समष्टीगत पद्धति र परिपाटीलाई बालमैत्री बनाउने सोचलाई प्रतिविम्वित गर्दछ । स्थानीय तहले बालबालिकाको हितमा योजना तर्जुमा, स्रोतको विनियोजन, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गर्ने पद्धति समेत बालमैत्री स्थानीय शासन हो । बालमैत्री स्थानीय शासनको प्रवर्द्धन, बालबालिकाको लागि आवश्यक सेवाको उपलव्धता, गुणस्तरमा उल्लेखनीय सुधार, सेवाको सुनिश्चतता जस्ता लक्ष्य यो अवधारणाले लिएको हुन्छ ।

**बालमैत्री स्थानीय शासनका उद्देश्यहरू**

- स्थानीय तहको आवधिक तथा वार्षिक योजनामा बाल अधिकारका सवालहरूलाई प्राथमिकता दिनु,
- बालबालिकाको समुचित विकासको लागि आवश्यक पर्ने सबै सेवा, सुविधाहरूमा हरेक बालबालिकाको पहुँच सुनिश्चित गराउनु,
- स्थानीय तहमा बालबालिकासँग सम्बन्धीत नीति, योजना र कानून तर्जुमा गर्दा बालबालिकाको सहभागिता गराउनु,
- स्थानीय तहमा निर्माण हुने सबै भौतिक पूर्वाधारहरू बालमैत्री बनाउनु,
- बालबालिकाको हितविरुद्ध हुने सबै प्रकारका हिंसाहरूको उन्मूलन गर्नु ।

**बालमैत्री स्थानीय शासनको प्रतिफल**

- प्रोफाईल तयारी तथा बालबालिकाको लागि स्थानीय विकास योजना (आवधिक तथा वार्षिक),
- बालबालिकाको लागि स्थानीय लगानी योजना (आवधिक तथा वार्षिक),
- बालमैत्री स्थानीय शासन सम्बन्धी नीतिहरू तर्जुमा एवं परिमार्जन,
- बालबालिका सम्बन्धी स्थिति-पत्र तयारी तथा प्रकाशन ।

**बालमैत्री स्थानीय शासनको निर्देशक सिद्धान्तः**

- गैरविभेदीकरण,
- बालबालिकाको सर्वाङ्गिण विकास,
- बालबालिकाको सर्वोत्तम हित,
- बाल सहभागिता,
- सन्निकटताको सिद्धान्त,
- समावेशीकरणको सिद्धान्त,
- समुदायमा आधारित विकासको सिद्धान्त ।

**बालमैत्री स्थानीय शासनको रणनीति**

- मूलप्रवाहीकरण,
- नीतिगत वकालत, पैरवी र सचेतना,
- संस्थागत विकास,
- क्षमता विकास,
- सहकार्य र साझेदारी प्रवर्द्धन,
- समुदाय परिचालन,
- सामाजिक जवाफदेहिता र पारदर्शिता,
- समतामूलक कार्यक्रम,
- सूचना, शिक्षा र सञ्चारको माध्यमबाट व्यवहार परिवर्तन,
- अनुगमन तथा मूल्याङ्कन ।

**बालमैत्री स्थानीय शासनको कार्यान्वयन प्रक्रियाः**

बालमैत्री स्थानीय शासनको कार्यान्वयन देहाय बमोजिम छ वटा चरणमा हुनेछ ।

**क)   पूर्व तयारी चरण**

१. कार्यपालिकाबाट आफ्नो गाउँपालिका/नगरपालिकालाई बालमैत्री स्थानीय शासन कार्यान्वयन गर्न निर्णय गर्ने ।

२. बालमैत्री स्थानीय शासनको अवधारणा सम्बन्धी गाउँ/नगर स्तरीय समितिबाट लिखित प्रतिवद्धता ।

३. कार्यपालिका र बालमैत्री स्थानीय शासन गाउँ/नगर स्तरीय समितिबाट लिखित प्रतिवद्दता गर्ने ।

४. बालमैत्री स्थानीय शासनको अवधारणा र विद्यमान अवस्था सम्बन्धी कार्यान्वयन निर्देशिकाको सूचकमा आधारित भई गाउँपालिका/नगरपालिकामा बालबालिकाको अवस्था सम्बन्धी वस्तुगत विवरण (प्रोफाईल) तयार गर्ने र प्रकाशन गर्ने ।

५. बालमैत्री स्थानीय शासनका सूचकहरूको स्थानीयकरण गर्ने ।

६. बालमैत्री स्थानीय शासन कार्यान्वयन गर्न आवश्यक स्थानीय नीति/ रणनीति/ कार्यविधि/ निर्देशिका र आचार संहिता तर्जुमा गर्ने ।

**(ख) तयारी चरण**

१. नगरपालिका/गाउँपालिका र वडामा बालमैत्री स्थानीय शासनको लागि संस्थागत प्रवन्ध ( सम्पर्क शाखा, सम्पर्क व्यक्ति तोक्ने र जिम्मेवारी दिने) गर्ने ।

२. निश्चित सूचक/मापदण्डका आधारमा बालमैत्री स्थानीय शासन अबलम्वन गर्ने नगरपालिका/गाउँपालिकाका वडा छनौट गर्ने ।

३. बालबालिकाको क्षेत्रमा काम गर्ने सरकारी तथा गैर सरकारी निकायबाट बालमैत्री स्थानीय शासन कार्यान्वयनका लागि स्रोत सहितको प्रतिबद्धता प्राप्त गर्ने

४. बालमैत्री स्थानीय शासन कार्यान्वयनका लागि लगानी योजना तयार गर्ने

५. बालबालिकाको वस्तुगत विवरण (प्रोफाईल) तयारी र प्रकाशन ।

६. बालकोष सञ्चालन कार्यविधि स्वीकृति, बालकोष स्थापना र सञ्चालन ।

७. बालमैत्री स्थानीय शासन अवलम्बन गर्ने वडामा आवश्यकतानुसार बाल क्लब, बाल सञ्जाल, टोल विकास संस्था/समुदायमा आधारित संस्थाहरूको गठन र परिचालन गर्ने

**(ग) नीति तथा योजना तर्जुमा तथा कार्यान्वयनको चरण**

१. लगानी योजनामा आधारित भइ बालमैत्री स्थानीय शासनका सूचक प्राप्त गर्न क्षेत्रगत क्रियाकलापहरूको तयारी गर्ने ।

२. छनोट भएका क्षेत्रगत क्रियाकलापहरूको लागि आवश्यक बजेट विनियोजन गर्ने ।

३. साझेदार र सरोकारवालाको सञ्जाल निर्माण, समन्वय र सहकार्य गर्ने ।

४. स्वीकृत वार्षिक क्रियाकलापहरूको कार्य योजना बनाई कार्यान्वयन गर्ने ।

५. बालमैत्री स्थानीय शासनका सूचक अनुसारको नतिजा प्राप्तिको सुनिश्चितता गर्ने ।

**(घ) अनुगमन, मूल्याङ्कन र प्रतिवेदनको चरणः**

१. वडा समिति, गाउँ/नगर स्तरीय समितिबाट सूचक पुरा भएको अवस्थामा सरोकारवालाहरू समेतको सहभागिता अनुगमन र समीक्षा गरी प्रतिवेदनको तयारी गर्ने ।

२. बालमैत्री स्थानीय शासनका सूचकका आधारमा स्थितिपत्र तयारी र सार्वजिकीकरण गर्ने ।

३. बालमैत्री स्थानीय शासनको घोषणाका लागि तोकिएको निकायबाट अनुगमन गर्ने ।

४. वडा/स्थानीय तहबाट सूचक पुरा भएको प्रमाणीकरण गर्ने ।

५. बालमैत्री वडा/स्थानीय तह घोषणाका लागि तोकिएको निकायबाट अनुमति प्रदान गर्ने ।

**(ङ) बालमैत्री वडा/गाउँपालिका/नगरपालिका घोषणा र दिगोपनाको चरणः**

१. बालमैत्री वडा/गाउँपालिका/नगरपालिका घोषणा पश्चातको रणनीतिक योजना तर्जुमा गर्ने ।

२. बालमैत्री वडा घोषणा गर्न कार्यपालिका र गाउँपालिका/नगरपालिका घोषणा गर्न सम्बन्धीत गाउँ/नगर सभाको निर्णय ।

३. बालमैत्री वडा/गाउँपालिका/नगरपालिका घोषणा ।

४. बालमैत्री वडा/गाउँपालिका/नगरपालिका घोषणा पश्चात्को रणनीतिक योजना कार्यान्वयन ।

५. वार्षिक रूपमा प्रतिवेदन तयारी र प्रकाशन ।

६. बालमैत्री स्थानीय शासनका सूचकहरूको दिगोपनाको सुनिश्चितता ।

बालमैत्री स्थानीय शासन सम्बन्धी संरचनागत व्यवस्थाहरूः बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि, २०७८ ले स्थानीय तहमा पालिका स्तरीय, वडा स्तरीय र समुदायस्तरीय संरचनागत व्यवस्था गरेको छ ।

**विगतका प्रयास तथा उपलब्धिः**

तत्कालीन केन्द्रीय बालकल्याण समितिले बालमैत्री गा.वि.स. स्थापना अभियान २०६४ सालबाट प्रारम्भ गरी यस विषयमा केन्द्रीय तहदेखि जिल्ला बालकल्याण समिति र गाउँ बालसंरक्षण समितिलाई समेत प्राविधिक सहयोग उपलब्ध गराउँदै आएको थियो । बालबालिका समेतको सहभागितामा बालमैत्री गाँउ विकास समिति निर्माण गर्ने सूचाङ्कहरूको विकास गरी यो कार्य प्रारम्भ गरिएको थियो । ती सूचाङ्कहरूलाई समेत समायोजन गरी तत्कालीन संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट बालमैत्री स्थानीय शासनः राष्ट्रिय रणनीति र कार्यान्वयन कार्यविधि २०६८ लागू गरी ६४ वटा जिल्ला विकास समिति र ३२ वटा नगरपालिकाहरूलाई तालीम दिई बालमैत्री स्थानीय शासन पद्धति अगाडि बढाएको थियो । यसैगरी केन्द्रीय बाल कल्याण समितिले २२ वटा जिल्लाभित्र एक/एक वटा गा.वि.स. छनौट गरी जम्मा २२ वटा गा.वि.स.लाई बालमैत्री बनाउनका लागि प्रयास गरेको थियो । वि.स.२०६८ सालपछि बालमैत्री स्थानीय शासन अवधारणा राज्य प्रणालीभित्र मूलप्रवाहीकरण भै बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि, २०७४ बमोजिम तत्कालीन स्थानीय निकायहरू बालमैत्री घोषणा हुने क्रम तिब्र रूपमा अगाडि बढेको थियो । नेपाल सरकारले बालमैत्री स्थानीय शासन अवलम्वन गरेकोमा संयुक्त राष्ट्रसंघीय बाल अधिकार समितिले समेत प्रशंसा गरेको छ ।

वर्तमान संघीय संरचना अनुरूप स्थानीय तहको निर्वाचन सम्पन्न भई स्थानीय सरकारले २०७४ सालदेखि कार्य सम्पादन गर्दै आएको सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले वडा समितिलाई बालमैत्री वडा बनाउने अख्तियारी सुम्पेकोले सोही बमोजिम स्थानीय तह तथा वडाहरू बालमैत्री स्थानीय शासन पद्धति अवलम्वन गरी घोषणा हुने क्रम निरन्तर रूपमा अघि बढी रहेको छ ।

**वर्तमान स्थिति**

संघीयताको कार्यान्वयन पश्चात हालसम्म प्रदेश नं.१ मा झापाको भद्रपुर नगरपालिका, प्रदेश नं.२ मा सप्तरी जिल्लाको कञ्चनरूप नगरपालिका, बागमती प्रदेशमा दोलखा जिल्लाको भिमेश्वर नगरपालिका, मकवानपुर जिल्लाको मनहरी गाउँपालिका र बकैया गाउँपालिका,

काभ्रेपलाञ्चोक जिल्लाको धुलिखेल नगरपालिका र पनौति नगरपालिका, गण्डकी प्रदेशमा नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्लाको देवचुली नगरपालिका, स्याङ्जा जिल्लाको भीरकोट नगरपालिका, लुम्बिनी प्रदेशमा नवलपरासी जिल्लाको सुनवल नगरपालिका, कपिलवस्तु जिल्लाको बाणगङ्गा नगरपालिका, पाल्पाको बगनासकाली गाउँपालिका गरी जम्मा १२ वटा स्थानीय तह आ.व.२०७७/७८ सम्ममा बालमैत्री स्थानीय तह घोषणा भएका छन् भने ३३ वटा स्थानीय तहको कम्ती एक/एक वटा गरी ३९ वटा वडा बालमैत्री घोषणा भएका छन् ।

**समस्या तथा चुनौति तथा अगामी कार्यादेशः**

बालमैत्री स्थानीय शासन जनप्रतिनिधिको बुझाई र प्राथमिकतामा पार्नु, वार्षिक बजेट तथा कार्यक्रममा यो अभियानलाई समावेश गर्नु, बालमैत्री घोषणा पछि के गर्ने भन्ने विषयमा एकरूपता कायम गर्नु, बालमैत्री घोषणाको सघन अनुगमन गर्नु, वहस पैरवीको राष्ट्रिय अन्तर र्ाष्ट्रिय अभ्यासमा शिथिलता आउनु, सूचकमा समसामयिक परिवर्तन गर्नु, बालमैत्री स्थानीय शासनलाई दीगो विकाससँग जोड्नु, लगानी योजना र रणनीतिक योजनालाई वार्षिक योजनामा समावेश गर्नु तथा दक्ष जनशक्तिको व्यवस्थापन गर्नु बालमैत्री स्थानीय शासनसँग सम्बन्धीत केही चुनौतिहरू हुन् ।

बालमैत्री स्थानीय शासन मौलिक हक कार्यान्वयनको विषय भएको हुँदा संघीय सरकारबाट प्रदेश सरकार तथा स्थानीय तहसँग समन्वय गरी प्रभावकारी ढंगबाट कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ । साथै, यसको कार्यान्वयनको मुख्य जिम्मेवारी स्थानीय तहको हुने हुँदा स्थानीय तह र प्रदेश सरकारको समन्वय र सहकार्यको स्पष्ट व्यवस्था हुनु पर्ने एवम् संघ र प्रदेश सरकारबाट स्थानीय तहमा अनुदान तथा प्राविधिक सहयोग सहजीकरण गर्ने व्यवस्था हुनुका तथा विकास साझेदार तथा गैर सरकारी क्षेत्रको परिचालन गर्ने रणनीति तथा कार्यक्रम बनाउनु आवश्यक छ ।

आगामी दिनमा नीतिगत सुधार जस्तै बालमैत्री स्थानीय शासनको समग्र प्रक्रियामा प्रदेश तथा स्थानीय बाल अधिकार समिति एवम बाल कल्याण अधिकारीको संलग्नता एवम् भूमिका स्पष्ट हुनुपर्ने, सूचकहरूमा अनाथ बालबालिकाको व्यवस्थापन, सडक बालबालिकामुक्त स्थानीय तह, छोरा र छोरीमा विना भेदभाव कम्तीमा ३ पटक स्थानीय स्तरमा उपलब्ध खानेकुरा खान पाउनु पर्ने, घर,विद्यालय, समुदाय वा सार्वजनिक स्थल कतै पनि बालबालिकाविरुद्ध हिंसा हुन नहुने विषयहरू समावेश गर्नु, स्थानीय तथा प्रदेश तहका जनप्रतिनिधि, कर्मचारी, नागरिक समाज,

समुदायमा आधारित संस्थाको सचेतना तथा क्षमता विकास, सवलीकरणयुक्त वातावरण निर्माण, स्रोतको दीगो व्यवस्थापन तथा सूचना व्यवस्थापनमा ध्यान दिन जरुरी देखिन्छ ।

स्थानीय बाल अधिकार समिति तथा बाल कल्याण अधिकारीको भूमिका

बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ बमोजिम स्थानीय बाल अधिकार समितिको भूमिका देहाय बमोजिम हुनेछः

- **मूलप्रवाहीकरण**ः बाल अधिकारको विषयलाई स्थानीय तहको नीति, योजना, कार्यक्रम र कार्यपद्धतिमा समाहित गर्न सहजीकरण गर्ने, बालमैत्री स्थानीय शासनको उपलब्धिको सम्बन्धमा वार्षिक रूपमा स्थितिपत्र तयार गर्ने गराउने, बालमैत्री योजना तथा कार्यक्रमहरूको अनुगमन तथा परीक्षण गर्ने
- **नीतिगत वकालत**ः बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रम सञ्चालन गर्न स्थानीय तहले अवश्यक पर्ने नियम, कार्यविधि र निर्देशिका तर्जुमा गरी कार्यान्वयन एवम् अनुगमन, मूल्याङ्कन गर्ने गराउने, विद्यमान कानूनलाई बालमैत्री अनुकूल हुने गरी संसोधन गर्न सघाउने, स्थानीय तहको विभिन्न मञ्चहरूमा बालमैत्री शासन अवधारणा स्थापित गराउने, बालबालिकाको लागि लगानी सुनिश्चित गर्ने
- **संस्थागत तथा क्षमता विकास**ः बालमैत्री स्थानीय शासन समितिहरूसँगको कार्यात्मक सम्बन्ध विस्तार, स्थानीय स्तरमा स्थापना भएका विभिन्न संरचना तथा संयन्त्रमा रहेका सरोकारवालालाई बालमैत्री स्थानीय शासनका बारेमा क्षमता विकास गर्ने, स्थानीय तहका साझेदार र सहयोगी निकायहरूबीच कार्यगत सञ्जाल निर्माण गर्ने गराउने, स्थानीय तहको योजना प्रक्रियामा बालमैत्री स्थानीय शासनको सूचक प्राप्तिमा सहयोग गर्ने कार्यक्रमलाई पहिलो प्राथमिकतामा सञ्चालन गर्ने गराउने
- **सहकार्य र साझेदारी प्रवर्द्धन**ः बाल अधिकारको संरक्षण सम्बन्धी योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन र मूल्याङ्कनमा स्थानीय विकासका साझेदार तथा अन्तर्राष्ट्रिय विकास समुदायसँगको सहकार्य र साझेदारीलाई व्यापक तुल्याउने, बालमैत्री स्थानीय शासनको सन्दर्भमा सरकारी तथा गैर सरकारी क्षेत्रबाट सञ्चालन हुने कार्यक्रम सम्बन्धीत स्थानीय तहको नेतृत्वमा कार्यान्वयन गर्ने गराउने

- **समुदाय परिचालनः** बाल अधिकारको विषयलाई प्रभावकारी बनाउन अवश्यकता अनुसार समुदाय स्तरमा समूह निर्माण तथा परिचालन, समुदायस्तरको संस्थाको क्षमता विकासका लागि विशेष कार्यक्रम सञ्चालन गर्ने गराउने, बाल अधिकारको क्षेत्रमा अभियानमूलक कार्यक्रम सञ्चालन गर्ने गराउने, सामाजिक सचेतना तथा सामाजिक कुरिती तथा अन्धविश्वासका विरुद्धमा हुने अभियानमूलक कार्यक्रममा बालमैत्री स्थानीय शासनका विषयमा समावेश गर्ने गराउने

- **सामाजिक जवाफदेहिता र पारदर्शिताः** स्थानीय तहलाई बालबालिकाको लागि लगानी योजना बनाई सञ्चालन गर्न अभिप्रेरित गर्ने गराउने, बालमैत्री स्थानीय शासन सम्बन्धी सार्वजनिक जवाफदेहिता पुरा गर्ने गराउने

- **समतामूलक कार्यक्रमः** सबै वर्ग, क्षेत्र, लिङ्ग र समुदायको साथै अशक्त, असहाय, अपाङ्गता भएका बालबालिकाको अवश्यकता सम्बोधन हुने गरी विशेष कार्यक्रम सञ्चालन गर्ने गराउने, बालमैत्री स्थानीय शासन तथा स्थानीय बाल अधिकार समितिका संरचनाहरूमा समावेशी सहभागिताको सुनिश्चितता ।

- **सूचना, शिक्षा र सञ्चारको माध्यमबाट व्यवहार परिवर्तनः** बालमैत्री स्थानीय शासनको अवधारणा अनुसार बालबालिकाप्रति समान धारणा बनाउन र उनीहरूको अधिकार र हितप्रतिको संवेदनशीलतामा सहयोग पुरयाउने श्रव्यदृश्य सामग्रीको उत्पादन एवम् प्रचार प्रसार गर्ने गराउने, विद्यालय स्तरको पाठ्यक्रममा बाल अधिकारको विषय समावेश गर्ने गराउने, विभिन्न सञ्चार माध्यमबाट बालबालिकाको विषयमा प्रचारप्रसार गर्ने ।

- **अनुगमन तथा मूल्याङ्कनः** बालमैत्री स्थानीय शासन सम्बन्धी न्यूनतम सूचकका बारेमा सरोकारवालालाई जानकारी गराउने र सञ्चालित कार्यक्रमहरूको प्रभावकारिता र नतिजा अनुगमन गर्ने गराउने, सरकारी तथा गैर सरकारी निकायबाट सम्पादित कामको अनुगमन तथा मूल्याङ्कन गर्दा बालमैत्री स्थानीय शासन सम्बन्धी सूचकहरू समेत समावेश गर्ने व्यवस्था मिलाउने

## चौथो सत्र

## समीक्षा, मूल्याङ्कन तथा समापन

**उद्देश्यः** स्थानीय तहमा बाल अधिकार संरक्षण तथा सेवा प्रवाह सम्बन्धी प्रशिक्षण कार्यक्रमको समीक्षा र मूल्याङ्कन गर्नु तथा औपचारिक समापन गर्नु

**समयः** ६० मिनेट

**अपेक्षित उपलब्धिः**

- सहभागीहरू स्थानीय तहमा बाल अधिकार संरक्षण तथा सेवा प्रवाह सम्बन्धी ज्ञान, सीप र प्रवृत्तिको विषमा भएका सिकाइका मूल्याङ्कन गर्न सक्षम हुनेछन्,
- स्थानीय तहमा बाल अधिकार तथा बाल संरक्षण प्रणाली स्थापना तथा सुदृढीकरणका लागि नीति निर्माता तथा निर्णयकर्ताबाट साझा प्रतिबद्धता व्यक्त हुनेछ ।

**विधिः**

- व्यक्तिगत मूल्याङ्कन,
- मन्तव्य ।

**आवश्यक तालीम सामग्रीः**

- प्रशिक्षणपछिको प्रश्नावली तथा समीक्षा फारम,
- समापन सत्रमा आमन्त्रित व्यक्तित्वहरूका लागि आशन ग्रहणको व्यवस्था ।

**प्रक्रिया/क्रियाकलापः**

समूह छलफल, जोडी पहिचान र खुला छलफल (३० मिनेट)

- सहभागीहरूलाई प्रशिक्षणपछिको प्रश्नावली तथा समीक्षा फारम भर्न लगाउने
- जिल्ला समन्वय समितिका प्रमुखको अध्यक्षतामा समापन कार्यक्रम सञ्चालन गर्ने तथा अतिथिहरूमा पालिकाका प्रमुख/अध्यक्ष, उप-प्रमुख/उपाध्यक्ष, जिससको उप-प्रमुखलाई आतिथ्यता ग्रहण गराउने
- सहभागीको तर्फबाट कम्तीमा दुई जना (१ जना पुरुष/१ जना महिला) लाई प्रशिक्षणको अनुभव बताउन लगाउने
- पालिकाका प्रमुख/अध्यक्ष तथा उप-प्रमुख/उपाध्यक्ष मधयेबाट १/१ जना र जिसस उप-प्रमुखबाट छोटो मन्तव्य सहितको अनुभव राख्न लगाउने
- जिसस प्रमुखबाट कार्यक्रमको उद्घाटन सत्र समापन

## सन्दर्भ सामग्री १ तालीम पश्चात परीक्षण Post Test

**स्थानीय तहमा बाल अधिकार संरक्षण तथा सेवा प्रवाह सम्बन्धी जिल्लास्तरीय प्रशिक्षण कार्यक्रम**

स्थानः मितिः

१) **संयुक्त राष्ट्रसंघको बाल अधिकार सम्बन्धी महासन्धि, सन् १९८९ लाई नेपालले कहिले अनुमोदन गर्यो ?**

क) सन् १९७९ ख) सन् १९८९ ग) सन् १९९९ घ) सन् २००९

२) **बाल अधिकार भन्नाले ...... जनाउँछ।**

क) बालबालिकाको गाँस, बास, शिक्षा र स्वास्थ्य सेवासुविधा पाउने अधिकार ।

ख) शिक्षा र स्वास्थ्य सेवासुविधा उपभोग गर्दै आय आर्जनका लागि श्रममा संलग्न हुने अधिकार ।

ग) बालबालिकाको इच्छा अनुसारका सबै किसिमका सेवासुविधा पाउने र इच्छा विपरीतका कार्यहरू गर्न नपर्ने व्यवस्था वा अवस्थाहरू ।

घ) कानूनी र नीतिगत व्यवस्था अनुसार पाउनु वा उपभोग गर्न पाउने अधिकारहरू ।

३) **बाल संरक्षण भन्नाले.................को रोकथामलाई बुझाउँदछ ?**

क) विभेद ख) शोषण ग) दुर्व्यवहार घ) हिंसा ङ) सबै

४) **बालबालिका सम्बन्धी कानूनी व्यवस्था संविधान र बालबालिका सम्बन्धी ऐनहरूमा मात्र समावेश गरिएका छन्।**

क) ठिक ख) बेठिक ग) थाहा छैन

५) **मानव बेचबिखन तथा ओसारपसार भन्नाले......................... बुझाउँछ।**

(क) मानिस बेच्ने वा किन्ने ख) वेश्यावृत्तिमा लगाउने ग) वेश्यागमन गर्ने

(घ) प्रचलित कानून बमोजिम बाहेक मानिसको अङ्ग झिक्ने ङ) सबै

**६) बालबालिकासँग सहमतिमा गरिएका यौन क्रियाकलापलाई बाल यौन दुर्व्यवहार भन्न मिल्दैन।**

क) ठिक ख) बेठिक ग) थाहा छैन

**७) वैकल्पिक स्याहारको आवश्यकता भएका बालबालिकालाई बालगृहमा नै राख्नु पर्दछ।**

क) ठिक ख) बेठिक ग) थाहा छैन

**८) यौन दुर्व्यवहारबाट पीडित बालबालिकाको घटना व्यवस्थापन गर्न वा अधिकार सुनिश्चित गर्न मनोसामाजिक अध्ययन प्रतिवेदन आवश्यक हुन्छ ?**

क) ठिक ख) बेठिक ग) थाहा छैन

**९) सामान्यतयाः घटना व्यवस्थापन प्रक्रियामा ............. वटा चरणहरू छन्।**

क) ७ ख) ६ ग) ९ घ) ५ ङ) थाहा छैन

**१०) तलका मध्ये न्यायिक समितिलाई कुन–कुन विवाद निरूपण गर्ने अधिकार हुन्छ ?**

क) बाल यौन दुरूपयोग ख) बालविवाह

ग) बालबालिकालाई राजनीतिक प्रयोजनको लागि सङ्गठित गर्न दिएको

घ) नाबालक छोरा वा छोरीलाई इज्जत आमद अनुसार खान लाउन वा शिक्षा दिक्षा नदिएको।

**११) बालमैत्री स्थानीय शासनको .......... वटा सूचकहरू छन्।**

क) ३९ ख) ४७ ग) ५१ घ) ५३

**१२) बालबालिकाको हक, हित र अधिकार सम्बन्धी कार्यहरू कार्यान्वयनमा ...... को भूमिका महत्वपूर्ण हुन्छ।**

क) पालिकाको उप-प्रमुख/उपाध्यक्ष ख) सबै जनप्रतिनिधि ग) बाल कल्याण अधिकारी घ) सबै

**१३) बालबालिका सम्बन्धी सूचना व्यवस्थापनका सबै कार्यहरू सूचना व्यवस्थापन अधिकृत IT Officer को मात्र पूर्ण दायित्व हुन्छ।**

क) ठिक ख) बेठिक ग) थाहा छैन

**१४) बालबालिका सम्बन्धी ऐन, २०७५ बमोजिम स्थानीय तहमा अनिवार्य रूपमा निर्माण गर्नुपर्ने संयन्त्रहरू कुन कुन हुन?**

क) स्थानीय बाल अधिकार समिति ख) बाल कल्याण अधिकारी ग) बालकोष

घ) समाजसेवी तथा बालमनोविज्ञ ङ) सबै

**प्रशिक्षण मूल्याङ्कन फारम**

(०) **लाई नराम्रो र** (५) **लाई सर्वोत्कृष्ट मानी अंक दिनुहोस**

| क्रस | सत्र र विषयवस्तु | व्यवस्थापन | सहजीकरण | विषयवस्तु | सुझाव |
|---|---|---|---|---|---|
| १ | बाल अधिकार अवधारणागत स्पष्टता | | | | |
| २ | बाल अधिकार सम्बन्धी नेपालको कानूनी, नीतिगत तथा कार्यक्रमिक व्यवस्था | | | | |
| ३ | नेपालमा बाल अधिकार तथा बाल संरक्षण संयन्त्र तथा प्रणाली | | | | |
| ४ | बाल कल्याण अधिकारी तथा बाल अधिकार समितिको भूमिका | | | | |
| ५ | स्थानीय तहमा बालबालिकाका प्रमुख सवालहरू | | | | |
| ६ | विशेष संरक्षणको आवश्यकता भएका बालबालिका, वैकल्पिक स्याहार तथा सर्वोत्तम हितः अवधारणा र अभ्यास | | | | |

| क्रस | सत्र र विषयवस्तु | व्यवस्थापन | सहजीकरण | विषयवस्तु | सुझाव |
|---|---|---|---|---|---|
| ७ | बाल संरक्षण घटना व्यवस्थापन प्रक्रिया | | | | |
| ८ | बाल संरक्षण घटना व्यवस्थापन सूचना व्यवस्थापन प्रणाली | | | | |
| ९ | बाल अधिकार सूचना व्यवस्थापन प्रणाली | | | | |
| १० | बालमैत्री स्थानीय शासनको अवधारणा र अभ्यास | | | | |